सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ वैशाख २०८१, सोमबार (29 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रारम्भिक मतरुझान

एमाले अघिअघि, पछ्याउँदै कांग्रेस

रात १२ बजेसम्म इलाम २ मा एमाले एक हजारभन्दा बढी मतान्तरले कांग्रेसभन्दा अगाडि छ। त्यस्तै, स्वतन्त्र (मुढा) तेस्रो र रास्वपा चौथो छ।

बझाङ (१) एमाले पहिलो, कांग्रेस दोस्रो, माओवादी तेस्रो र एकीकृत समाजवादी चौथो स्थानमा छ।

रेडक्रसको अनियमितता छानबिन गर्न पाँच सदस्यीय समिति

समाज कल्याण परिषद्का बोर्ड सदस्य सञ्जय शाहको नेतृत्वमा गठित समितिलाई प्रतिवेदन बुझाउन ४५ दिनको समय



(विस्तृत पृष्ठ ३)

अग्रलेख

बहसमा विद्युत् विधेयक २०८०




विद्युत् विधेयकले न निजी क्षेत्रलाई आकर्षित र प्रोत्साहित गर्न सकेको छ, न सरकारको नियामकीय भूमिकालाई नै प्रवर्द्धन गर्न सकेको छ

(अर्जुनकुमार गौतमको लेख ४)

मर्स्याङ्दी-काठमाडौं प्रसारणलाइन र मातातीर्थ सबस्टेसन सञ्चालनमा

दुई आयोजना उद्घाटन गर्दै प्रधानमन्त्रीले भने- **देश विकासको युगमा अघि बढेको छ**



(विस्तृत पृष्ठ ६)

■ ६० देशका लगानीकर्तामाझ सरकारको आह्वान

अनुकूल वातावरण बन्दै छ, ढुक्कले लगानी गर्नूस्

● **पुष्पकमल दाहाल प्रचण्ड,** प्रधानमन्त्री



हाम्रा उदार नीतिहरूले विदेशी लगानी प्रोत्साहित गर्छ, दक्ष जनशक्ति र कम श्रम लागत अन्तर्राष्ट्रिय लगानीकर्ताहरूका लागि आकर्षण हो। नेपालको उदार आर्थिक नीतिप्रतिको अटल प्रतिबद्धता नै जीवन्त र लगानीमैत्री वातावरणको जग हो। यसले लगानीकर्ताको आत्मविश्वास बढाउनेछ।

● **शेरबहादुर देउवा,** सभापति, कांग्रेस



नेपालमा रहेका बहुराष्ट्रिय कम्पनीहरूले वर्षौंदेखि राम्रो लाभांश फिर्ता लैजान सकेका छन्। हामी तपाईंहरूलाई पूर्ण संरक्षण प्रदान गर्नेछौं, साथै नेपालको विकास र समृद्धिका लागि हाम्रो साझेदारीलाई महत्त्वपूर्ण रूपमा पनि लिनेछौं, तपाईंको योगदानले नेपाललाई आर्थिक समृद्धि हासिल गर्न पनि मद्दत पुग्नेछ।

● **वर्षमान पुन,** अर्थमन्त्री



नेपालले कानुनी र नियामकीय सुधार र प्रक्रियागत सरलीकरणमार्फत देशको व्यावसायिक वातावरण सुधार गर्न काम गरिरहेको छ। केही देशहरूसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर परित्याग सम्झौता गरेको छ भने भर्खरै द्विपक्षीय लगानी सम्झौताको मोडेल स्वीकृत गरेको छ।

● **चन्द्र ढकाल,** अध्यक्ष, एफएनसिसिआई



नेपालमा लगानीका लागि सहज वातावरण बन्दै गएको छ। पर्यटन, ऊर्जा, पूर्वाधार, कृषि, सूचना प्रविधिलगायतका क्षेत्रहरूमा लगानीको सम्भावना छ। उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा सरकार देशमा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध छ। लगानीकर्तालाई आवश्यक सहजीकरण गर्न महासंघ तयार छ।

■ विदेशीले के भने ?

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रोत्साहन गरिरहने प्रतिबद्धता जनाएका छन्। नेपाललेविद्युत् निर्यात गरिरहेको बताउँदै उनले यसबाट दुई देशबीचको सम्बन्ध थप सुदृढ भएको बताए। उनले भने, 'हामीले केही एकीकृत चेकपोस्ट निर्माण गरिरहेका छौं, अन्तरदेशीय विद्युतीय भुक्तानीका लागि काम भइरहेको छ, ऊर्जा व्यापारमा दीर्घकालीन सम्झौता भएको छ।' नेपालको विकासका लागि भारतीय सहयोग र आपसी सहकार्य जारी रहिरहने पनि उनले बताए। त्यस्तै, भारतका वाणिज्य तथा आपूर्तिमन्त्री पियूष गोयलले भिडियोमार्फत सम्मेलनलाई सम्बोधन गरेका थिए।

नेपालका लागि अमेरिकी राजदूत थम्पसनले नेपालको आर्थिक समृद्धिमा हातेमालो गरिरहेको बताए। अमेरिकाले नेपालको आर्थिक वृद्धिमा सहयोग गरिरहेको र यो सहयोग जारी रहने प्रतिबद्धता पनि जनाए। सन् २०२६ सम्म नेपाल अतिकम विकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति भइसकेपछि यस्ता सम्मेलनहरू अत्यन्त महत्त्वपूर्ण हुने उनको भनाइ छ।

यस्तै, एसियाली विकास बैंक (एडिबी)का मध्यपश्चिम र दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष यिङमाङ याङले नेपालको विभिन्न क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको बताए। एडिबीले लगानीका लागि विभिन्न अवसर खोजिरहेको जानकारी गराउँदै उनले भने, 'हामीले सहकार्य गरेर लगानी गर्ने अवसर खोज्दै छौं। निजी क्षेत्रलाई सहजीकरण गर्न काम गरिरहेका छौं।' उनका अनुसार नेपालमा प्राकृतिक स्रोत, कृषि, हरित ऊर्जा, पर्यटनमा लगानीको सम्भावना छ।

नेपालका लागि चिनियाँ राजदूत छन सोङले नेपालको आर्थिक तथा सामाजिक क्षेत्रमा चीनले सहयोग गरेको बताए। नेपालको समृद्धि र विकासका क्षेत्रमा चिनियाँ सहयोग जारी रहने प्रतिबद्धता छ। चाइना इन्टरनेसनल डेभलपमेन्ट कर्पोरेसन एजेन्सी (सिआईडिसिए)का प्रमुख लुओ झाओहुईले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रेरित गर्ने आश्वासन दिए। नेपालमा विकासका लागि लगानीको आवश्यकता रहेको औंल्याउँदै नेपालीसँग सहकार्य गरेर अगाडि बढ्न चीन तयार रहेको बताए। लगानी सम्मेलनकै पूर्वसन्ध्यामा चीनले नेपाली नागरिकलाई भिसा शुल्क नलिने घोषणा गरेको छ। १ मेदेखि लागू हुने गरी नेपाली नागरिकले भिसा शुल्क तिर्नु नपर्ने व्यवस्था गरिएको हो।

■ पहिलो दिन भए दुई सम्झौता



नेपाल सरकारद्वारा आइतबार काठमाडौंमा आयोजित दुईदिवसीय तेस्रो लगानी सम्मेलनका सहभागी। तस्बिरः **प्रदीपराज वन्त**/रासस

लगानी सम्मेलनको पहिलो दिन आइतबार दुई सम्झौता भएका छन्। दुई देशबीच व्यापार तथा लगानी प्रवर्द्धन गर्ने उद्देश्यसहित नेपाल उद्योग वाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज मलेसियाबीच द्विपक्षीय सम्झौता भएको हो। सम्झौतापत्रमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाल र मलेसिया चेम्बरका अध्यक्ष टान सी डाटो थायन लाईले हस्ताक्षरण गरे। त्यस्तै, नेपालमा डाटा सेन्टर स्थापनका लागि नेपालको व्यावसायिक घराना बिएलसी होल्डिङ र भारतको योट्टा डेटा सर्भिसेजबीच साझेदारी हुने भएको छ। लगानी सम्मेलनस्थलमा बिएलसी होल्डिङकी प्रबन्ध-निर्देशक मेघा चौधरी र योट्टा डेटा सर्भिसेजका सिइओ सुनील गुप्ताले डाटा सेन्टर स्थापना गर्ने सम्झौतापत्रमा संयुक्त हस्ताक्षर गरेका छन्। डाटा सेन्टर स्थापना गर्न करिब साढे तीन अर्ब रुपैयाँ लगानी लाग्ने बताइएको छ।

नवीन अर्याल/नयाँ पत्रिका

सरकार, प्रमुख प्रतिपक्ष दल र निजी क्षेत्रले नेपालमा लगानी गरी अवसरहरूको सदुपयोग गर्न अन्तर्राष्ट्रिय लगानीकर्ताहरूसँग आह्वान गरेका छन्। आइतबारदेखि काठमाडौंमा सुरु तेस्रो लगानी सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री एवं प्रमुख प्रतिपक्ष दलका नेता शेरबहादुर देउवा र निजी क्षेत्रका प्रतिनिधिले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूका लागि आवश्यक सबै वातावरण बनाउन र सहकार्य गर्न तयार रहेकोसमेत सुनाए।

प्रधानमन्त्री प्रचण्डले नेपाल विश्वकै एक प्रमुख लगानी गन्तव्यको रूपमा उदाइरहेको भन्दै लगानीका लागि अन्तर्राष्ट्रिय लगानीकर्तासँग आह्वान गरेका छन्। आइतबारदेखि काठमाडौंमा सुरु तेस्रो लगानी सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले विश्वभरका लगानीकर्ताका लागि नेपालमा प्रशस्त अवसर रहेको सुनाएका छन्।

नेपालमा उपयोग नभएका अपार सम्भावना र अवसरको केन्द्रमा उभिएर देशले लगानीकर्ताहरूलाई स्वागत गरिरहेको प्रधानमन्त्री प्रचण्डले बताए। 'हाम्रा उदार नीतिहरूले प्राथमिकताका क्षेत्रमा विदेशी लगानीलाई प्रोत्साहित गर्छ, दक्ष जनशक्ति र कम श्रम लागत अन्तर्राष्ट्रिय लगानीकर्ताहरूका लागि अर्को अकर्षण हो,' उनले भने, 'स्वदेशी तथा विदेशी लगानीकर्तालाई गरिने गैर-भेदभावपूर्ण व्यवहारको प्रावधान र विदेशी मुद्रामा नाफा लैजान पाउने

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



लाइसेन्सविनै गाडी चलाएर मान्छेको ज्यान लिने चालकलाई जेलमै फर्जी लाइसेन्स 'डेलिभरी'

सुवास भट्ट/नयाँ पत्रिका

नक्कली सवारी लाइसेन्स जारी गर्ने प्रक्रियामा संलग्न यातायात व्यवस्था विभागमा कम्प्युटर इन्जिनियरका रूपमा करारमा काम गरेका पूर्वकर्मचारी हरिश भट्टलाई पक्राउ गरेको भोलिपल्ट प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले यातायातकै अन्य दुई बहालवाला कर्मचारीलाई पक्राउ गरेको छ। अस्थियारमा स्थायी दरबन्दीअन्तर्गत कम्प्युटर इन्जिनियर पदमा कार्यरत सुरजप्रकाश अर्याल र रुपन्देही यातायात कार्यालय, सवारीचालक अनुमतिपत्र शाखामा करारमा कार्यरत कम्प्युटर अपरेटर नारायण पाण्डे पक्राउ परेका हुन्।

ज्यान मार्ने अपराधमा संलग्नसँग मोटो रकम लिएर उसलाई जेलमुक्त गर्न गाडीको लाइसेन्स तयार गर्ने प्रक्रियामा संलग्न हरिश भट्ट, सुरजप्रकाश अर्याल र नारायण पाण्डे सिआइबीको नियन्त्रणमा, प्रहरी सक्रियतापछि कर्मचारी र बिलौलियाको भागाभाग



सुरजप्रकाश अर्याल

स्रोतका अनुसार उनीहरूले लाइसेन्सविना नै गाडी चलाएर मान्छेको ज्यान लिने चालकलाई फर्जी लाइसेन्स बनाएर जेलमै 'डेलिभरी' गरेको भेटिएको छ। यसै विषयमा अनुसन्धान केन्द्रित गरेको सिआइबीले अन्य आरोपीको पनि खोजी भइरहेको जनाएको छ। काठमाडौंबाट पक्राउ परेका भट्ट र अर्याल तथा रुपन्देहीबाट पक्राउ परेका पाण्डेलाई थप अनुसन्धानका लागि आइतबार नै जिल्ला अदालतबाट पाँच दिनको म्याद थपिएको छ। अनुसन्धानका क्रममा हालसम्म खुलेको जानकारीअनुसार नक्कली लाइसेन्स जारी गर्ने क्रममा अर्यालले नक्कली 'युजर' सिर्जना गरेर

» पृष्ठ २ मा क्रमशः



काठमाडौं महानगरले जुनसुकै पालिकाका विपन्न र असहायको निःशुल्क उपचार गराउँदै

■ के-के चाहिन्छ कागजात ?



● नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारले लक्षित वर्ग हो भनी जारी गरेको कागजात-परिचयपत्र वा राष्ट्रिय परिचयपत्र/नेपाली नागरिकता प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि र हालसालै खिचिएको फोटो।

● रोग पहिचान भए सोको कागजपत्र। ● सम्बन्धित स्थानीय तहको वडाले लक्षित वर्ग हो भनी सर्जमिन गरेको कागज। ● सम्बन्धित स्थानीय तहको वडा कार्यालयले उपचारका लागि गरेको सिफारिसपत्र।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले देशको जुनसुकै पालिकाका विपन्न र असहाय नागरिकलाई निःशुल्क उपचार सेवा उपलब्ध गराइरहेको छ। महानगरभित्रका ५२ अस्पतालबाट यस्तो सेवा दिइँदै छ।

महानगरका मेयर बालेन्द्र साहले पनि आइतबार सामाजिक सञ्जालमार्फत आफ्नो पालिकाबाट विपन्न, असहायको सिफारिस लिएर उपचारका लागि काठमाडौं महानगरका अस्पतालमा आउन

» पृष्ठ २ मा क्रमशः

तीन महिनामा ३३ ले लिए निःशुल्क उपचार, १५ जनाको डायलाइसिस हुँदै

काठमाडौं महानगरपालिकाले तीन महिनाअघि सुरु गरेको लक्षित वर्ग उपचार सेवाबाट ३३ बिरामी लाभान्वित भएका छन्। महानगरभित्र रहेका निजी अस्पतालबाट दुईजना बेवारिसे र ३१ जना विपन्न गरी ३३ बिरामीले निःशुल्क उपचार सेवा लिएका हुन्। महानगरले निजी अस्पतालमा १० प्रतिशत लक्षित वर्ग उपचार सेवा कार्यान्वयनमा ल्याएको छ। निःशुल्क उपचार सेवा लिएकामध्ये १५ जनाको मिर्गौला डायलाइसिस भइरहेको छ। महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार उपचार सेवा लिँदालिँदै दुईजना बिरामीको मृत्यु भएको छ। १२ जना बिरामी डिस्चार्ज भएका छन्। उपचार सेवा लिनेमध्ये तीनजना दम, क्षयरोगजस्ता छातीसम्बन्धी (पल्मोलोजी), दुईजनाले सर्जरी (शल्यक्रिया), दुईजनाले आकस्मिक सेवा, एकजनाले स्त्री तथा प्रसूति रोग सेवा, एकजनाले पेटसम्बन्धी, एकजनाले आँखासम्बन्धी सेवा लिएका छन्।

महानगरका जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठका अनुसार शल्यक्रिया गर्ने बिरामीमध्ये एकजनाको पित्तथैलीमा पत्थरी भएको अप्रेसन र एकजना हर्निया भएका बिरामी छन्। उपचारका लागि लागेको प्रतिव्यक्ति खर्च हेर्दा सबैभन्दा कम आँखाको उपचारका लागि दुई हजार पाँच सय रुपैयाँ खर्च भएको महानगरले जनाएको छ। 'उपचारमा धेरै खर्च लागेको दुई लाख ७४ हजार रुपैयाँबराबरको छ, यो खर्च अस्पतालहरूले व्यहोरेका छन्,' उनले भने, 'बिरामीमध्ये ६ जनाले पिपल्स डेन्टल कलेज एन्ड जनरल अस्पतालबाट, तीनजनाले काठमाडौं मोडेल अस्पतालबाट, दुईजनाले काठमाडौं मेडिकल कलेजबाट उपचार लिएका छन्। ब्लुक्रस अस्पताल, मेट्रो अस्पताल, कालीमाटी चेस्ट अस्पताल, मनमोहन टिचिङ अस्पताल, नेपाल आँखा अस्पताल, स्तूपा सामुदायिक अस्पताल र छेत्रपाटी सामुदायिक अस्पतालबाट एक-एकजना बिरामीले सेवा लिएका छन्।' मिर्गौलाको डायलाइसिस गर्ने बिरामीले नेसनल मिर्गौला केन्द्रमा उपचार गराइरहेका छन्।

अनुकूल वातावरण...

पृष्ठ १ बाट क्रमशः

सुनिश्चितताले नेपालमा लगानीको आकर्षणलाई अझ बढाउँछ। नेपालको उदार आर्थिक नीतिप्रतिको अटल प्रतिबद्धता नै जीवन्त र लगानीमैत्री वातावरणको जग हो।'

देशमा लगानीमैत्री वातावरण निर्माण गर्न हालै व्यवसाय र लगानीसम्बन्धी विभिन्न आठवटा कानुन परिमार्जन गरेको प्रधानमन्त्रीको भनाइ छ। 'यसले नेपालमा लगानी गर्ने लगानीकर्ताको आत्मविश्वास बढाउनेछ, लगानीकर्ता, उद्योगी, नवप्रवर्तक र व्यवसायीहरूलाई सहजता प्रदान गर्न हामी निरन्तर ऐन-कानुन सुधार गर्न दृढ छौँ,' प्रधानमन्त्री प्रचण्डले भने।

नेपालले विदेशी लगानीकर्तालाई सबल नियामक ढाँचा, दोहोरो करबाट मुक्त रहने व्यवस्था, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक कर्पोरेट करलगायत धेरै प्रोत्साहन प्रदान गरेको प्रधानमन्त्री प्रचण्डले बताए। सरकारले हालै स्वीकृत गरेको द्विपक्षीय लगानी सम्झौता (बिआइए) ले द्विपक्षीय लगानीको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य राखेको उनको भनाइ थियो। 'म सबै मित्रराष्ट्रहरूलाई चाँडोभन्दा चाँडो बिआइएमा हस्ताक्षर गर्न प्रोत्साहित गर्छु,' उनले भने।

प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा सहभागी लगानीकर्तालाई ऊर्जा, पर्यटन, कृषि, उत्पादन, सूचना प्रविधि, गार्मेन्ट, कृषि प्रशोधन, पूर्वाधार, उच्च मूल्यका बाली उत्पादनलगायत विभिन्न क्षेत्रमा लगानीका अवसरहरू उपलब्ध गराएको जानकारी गराए। नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्ने प्रचुर अवसर रहेको पनि उनले लगानीकर्तालाई अवगत गराए। 'उदीयमान बजार भारत र चीनबीचमा अवस्थित नेपालको रणनीतिक स्थानका कारण पनि नेपाल लगानीका लागि उपयुक्त गन्तव्य हो भन्ने संकेत गर्छ,' उनले भने, 'बजारमा शुल्कमुक्त पहुँच, क्षेत्रीय सम्झौताहरू एवं स्वतन्त्र व्यापार सम्झौताले पनि द्विपक्षीय र क्षेत्रीय बजारहरू सुनिश्चित गरेको छ।'

नेपालमा वैदेशिक लगानी रहेका कम्पनीहरू नाफामा रहेको औँल्याउँदै प्रधानमन्त्री प्रचण्डले ती कम्पनीहरूले लाभांश फिर्ता लगेको अवस्थाबाट पनि नेपालमा लाभदायक लगानीको वातावरण भएको स्पष्ट हुने बताए। 'मलाई विश्वास छ- दुई दिनको यो महत्त्वपूर्ण सम्मेलनमा विभिन्न तहमा केही घोषणा गरिनेछन्, यसले सरकार-सरकार, सरकार-व्यवसाय र व्यवसाय-सरकारको तहमा नेपाललाई विश्वव्यापी लगानी गन्तव्यको रूपमा प्रस्तुत गर्नेछ,' उनले भने।

पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले नेपालमा ढुक्कसँग लगानी गर्न विदेशी लगानीकर्तालाई आह्वान गरेका छन्। 'नेपालमा विदेशी लगानी दाभदायक छ भन्ने प्रमाणहरू देखाउन धेरै विश्वसनीय उदाहरण छन्, नेपालमा रहेका बहुराष्ट्रिय कम्पनीहरूले वर्षौंदेखि राम्रो लाभांश फिर्ता लैजान सकेका छन्,' उनले भने, 'कृपया तपाईंहरू पनि नेपाल आउनुहोस्, नेपालमा लगानी गर्नुहोस्, जुन तपाईं र हामी दुवैका लागि फाइदाजनक हुनेछ, हामी तपाईंहरूलाई पूर्ण संरक्षण प्रदान गर्नेछौँ, साथै नेपालको विकास र समृद्धिका लागि हाम्रो साझेदारीलाई महत्त्वपूर्ण रूपमा पनि लिनेछौँ, तपाईंको योगदानले नेपाललाई आर्थिक समृद्धि हासिल गर्न पनि मद्दत पुग्नेछ।'

विगतमा जस्तै आगामी दिनमा पनि कांग्रेसले मुलुकमा विदेशी लगानी भित्र्याउन भूमिका खेल्ने देउवाको भनाइ छ। 'कांग्रेस नेतृत्वको सरकारले सन् १९९० मा अर्थतन्त्र सुधारको प्रक्रिया सुरु गरेको थियो, निजी क्षेत्रलाई आमन्त्रित गर्‍यो र विदेशी लगानीका लागि उचित वातावरण पनि बनाएको थियो,' उनले भने, 'त्यो छोटो अवधिमा कांग्रेस सरकारले नीतिहरू पुनर्संरचना गर्‍यो, पुराना कानुनहरू संशोधनदेखि नयाँ कानुन ल्याउने काम भयो। सार्वजनिक खर्चलाई व्यवस्थित बनाउनुका साथै उदार कर प्रणालीको थालनी गर्‍यो, आगामी दिनमा पनि लगानीमैत्री वातावरण निर्माणका लागि कांग्रेस तयार छ।' देशमा लगानीको वातावरण बनाउन सबै दल मिलेर अगाडि बढ्ने पनि उनले आश्वस्त गराए।

नेपालमा करिब सबै क्षेत्र विदेशी लगानीका लागि खुला रहेको पनि देउवाले विदेशी लगानीकर्तालाई जानकारी गराए। विदेशी लगानीलाई नेपालको कानुन र विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामार्फत संरक्षित गरिएको पनि उनले बताए। नेपालमा विदेशी लगानी प्रवर्द्धन गर्ने र लगानीसम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा सबै राजनीतिक दल प्रतिबद्ध रहेको पनि उनले बताए। कांग्रेस पुरानो लोकतान्त्रिक पार्टी हो, जसले उदार आर्थिक नीति अनुसरण गर्छ।

अर्थमन्त्री वर्षमान पुनले अध्यादेशमार्फत आठवटा कानुन संशोधन गरेर सरकार लगानीमैत्री वातावरण निर्माणका लागि दृढ प्रतिबद्ध रहेको सन्देश दिएको बताए। यो काम निजी क्षेत्रको परामर्शमा गरेको उनले विश्वभरबाट आएका लगानीकर्तालाई जानकारी गराए। उनले भने, 'नेपालले कानुनी र नियामकीय सुधार र प्रक्रियागत सरलीकरणमार्फत देशको व्यावसायिक वातावरण सुधार गर्न काम गरिरहेको छ, विवाद समाधान गर्ने संयन्त्र पनि रहेको छ।'

लगानी सम्मेलनको 'नेपालमा लगानीको वातावरण' विषयक सत्रमा बोल्दै अर्थमन्त्री पुनले नेपाल दुई ठूला अर्थतन्त्र चीन र भारतको बीचमा रहेको र यसले नेपालमा स्वदेशी तथा विदेशी लगानीका लागि ठूलो अवसर प्रदान गर्ने बताए। विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनले आवेदन दिएको सात दिनभित्र प्रत्यक्ष विदेशी लगानीको स्वीकृति प्राप्त हुने व्यवस्था गरेको पनि बताए। सो ऐनले नाफा फिर्ता स्वीकृति १५ दिनभित्र दिइने व्यवस्था गरेको छ।

'नेपालको कानुनले विदेशी कम्पनीलाई कुनै पनि कारणले राष्ट्रियकरण नगरिने ग्यारेन्टी दिएको छ,' अर्थमन्त्री पुनले भने, 'नेपालले केही देशहरूसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर परित्याग सम्झौता गरेको छ भने भर्खरै द्विपक्षीय लगानी सम्झौता (बिआइए) को मोडेल फ्रेमवर्क स्वीकृत गरेको छ। नेपालमा लगानी गरेर अवसरको फाइदा उठाउन लगानीकर्तालाई अनुरोध गर्दछु।'

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको अपार सम्भावना रहेको बताउँदै लगानी विस्तारका लागि विश्वभरका लगानीकर्तालाई आग्रह गरे। नेपालमा लगानीका लागि सहज वातावरण बन्दै गएको उल्लेख गर्दै उनले नेपालमा पर्यटन, ऊर्जा, पूर्वाधार, कृषि, सूचना प्रविधिलगायतका क्षेत्रहरूमा लगानीको सम्भावना रहेको बताए।

उनले अध्यादेशमार्फत लगानीका लागि बाधक ठानिएका केही पुराना कानुनहरू संशोधन गरेको सन्दर्भ उल्लेख गर्दै महासंघसँगको सहकार्यमा सरकार देशमा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको पनि उल्लेख गरे। देशमा लगानी भित्र्याउन र लगानीको वातावरण बनाउन महासंघले निरन्तर पहल गरिरहेको उल्लेख गर्दै अध्यक्ष ढकालले महासंघ नेपालमा कुनै पनि लगानीकर्तालाई आवश्यक सहजीकरण गर्न तयार रहेको जानकारी गराए।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले देशमा लगानीको वातावरण बन्दै गइरहेको बताए। नेपालमा लगानीको पर्याप्त सम्भावना रहेको र प्रतिफल पनि सुनिश्चित रहेको जानकारी गराउँदै उनले नेपालमा लगानी गर्न विदेशी लगानीकर्तालाई आह्वानसमेत गरे। नेपालको ऊर्जा, पर्यटन, कृषि, उद्योग, पूर्वाधार, सूचना प्रविधिदेखि शिक्षा क्षेत्रसम्म लगानीको सम्भवना रहेको उनले बताए।

'नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदामा धनी छ, साहसिक पर्यटनमा विश्वकै गन्तव्य बन्न सक्छ, नेपालले आइटी क्षेत्रमा राम्रो गर्दै गइरहेको छ, आइटी सेवा निर्यातसमेत सुरु भइसकेको छ,' उनले भने, 'नेपालमा लगानीको वातावरण बनाउन सरकारले नीतिगत र कानुनी सुधारको प्रयास थालेको छ, सरकारले निजी क्षेत्रलाई समेत विश्वासमा लिएर काम गरिरहेको छ।' देशमा लगानी प्रवर्द्धनका लागि यो लगानी सम्मेलनलाई अधिकतम सदुपयोग गर्नुपर्नेमा उनको जोड थियो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाल अन्तर्राष्ट्रिय लगानीका लागि उत्कृष्ट गन्तव्य रहेको बताए। उनले विश्वको तुलनामा सस्तो श्रमशक्ति, छिमेकी भारत र चीनको उपभोक्ता बजारलगायतका कारणले नेपाल विश्वकै उत्कृष्ट गन्तव्य रहेको विश्वभरका लगानीकर्तालाई जानकारी गराएका हुन्। आजको युगमा आर्थिक विकास र समृद्धिको यात्रामा एक्लै हिँड्न नसकिने भन्दै उनले संयुक्त लगानीका लागि आह्वानसमेत गर्नुभयो। विदेशी लगानीकर्तालाई प्रतिफल सुनिश्चित गर्न कानुनी वातावरणसँगै लाभयुक्त परियोजनाहरू छनोट गरेको उनले बताए। उनले भने, 'अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि सहज आवागमन, प्रतिफलको सुनिश्चितता र सहज बहिर्गमनको व्यवस्था एकद्वार नीतिबाटै गरिएको छ।' लगानी सम्मेलनमा चेम्बरका तर्फबाट करिब एक दर्जन आयोजनालाई सोकेसका रूपमा राखिएको छ।

पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले लगानीका लागि नेपाल राम्रो गन्तव्य भएको बताएका छन्। उनले सरकारी नीतिमा स्थिरता रहेको, भारत र चीनजस्ता ठूला बजार, उद्योग सञ्चालनमा श्रमिकको समस्या नरहेको, मुनाफा आर्जन गरेर लैजान पाउने कानुनी व्यवस्था रहेकोलगायत कारण देखाउँदै विदेशीहरूलाई नेपालमा ठूलो मात्रामा लगानी ल्याउन आग्रह गरेका हुन्।

पार्टीहरूबीच राजनीतिक विचारधारा फरक भए पनि सम्बन्ध राम्रो रहेको भन्दै लगानीकर्ताले अन्योलमा रहनुपर्ने अवस्था नरहेको उनको भनाइ थियो। 'विचारधारा फरक भए पनि हामी एकताबद्ध भएर काम गर्छौं। सरकारमा भए पनि नभए पनि हाम्रो एउटै धारणा हुन्छ। नीति र कानुनमा स्थिरता छ,' उनले भने, 'लगानीमैत्री वातावरणका लागि कानुनमा सुधार गरिएको छ। लगानीका लागि यहाँ धेरै अवसर छन्, अवसरको सदुपयोग गर्न आग्रह गर्छौं।' नेपालमा व्यक्तिगत रूपमा सानो लगानीभन्दा पनि व्यावसायिक रूपमा ठूलो लगानीको खाँचो रहेको उनले औँल्याए।

६० देशका दुई हजार १६३ सहभागी

दुई दिनसम्म चल्ने सम्मेलनमा पहिलो दिन ६० देशका दुई हजार एक सय ६३ जनाको सहभागिता थियो। यसमध्ये ६ सय ८० विदेशी सहभागी रहेकामा भारतीय एक सय ८६ र चिनियाँ दुई सय ४० रहेको लगानी बोर्डले जनाएको छ।

सम्मेलनमा निजी क्षेत्रका ३१ सहित एक सय ५४ परियोजना सोकेस गरिएको छ। सम्मेलनस्थलमा २३ स्टल (प्रदर्शनी कक्ष) राखिएको छ, जहाँ लगानीकर्ताले विभिन्न परियोजनाबारे विस्तृत जानकारी लिन सक्छन्। सम्मेलनमा आशयपत्र आह्वान गरिएका १९ परियोजना प्रस्तुत गरिएको छ।

लगानी सम्मेलनको कार्यतालिका

आइतबार लगानी सम्मेलनको उद्घाटन सत्रपश्चात् दुई सत्रहरू सञ्चालन भए। 'नेपालमा लगानीका सम्भावनाको खोजी' र 'नेपालमा लगानी सफलताका कथा' सत्र सञ्चालन भएका हुन्।

पहिलो सत्रमा अर्थमन्त्री पुन, पूर्वअर्थमन्त्रीहरू डा. प्रकाशशरण महत र डा. युवराज खतिवडा, पूर्वअर्थसचिव रामेश्वर खनाल, नेपालका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयका प्रतिनिधि हाना सिंगरलगायत वक्ता थिए। त्यस्तै, दोस्रो सत्रमा मुख्यसचिव डा. वैकुण्ठ अर्याल, उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष भवानी राणा, लगानी बोर्डका पूर्वकार्यकारी प्रमुख राधेश पन्तलगायत वक्ता थिए।

दोस्रो दिन सोमबार 'नेपालमा नवीकरणीय ऊर्जाको सम्भावना', 'नवप्रवर्तनीय आर्थिक परिदृश्य', 'नेपालमा हरित र जलवायु अनुकूलन व्यवसायमा लगानीका अवसर' र 'यातायात पूर्वाधार सुधार' सत्र चल्ने लगानी बोर्डले जनाएको छ। सम्मेलनमा समानान्तर बहस सत्र पनि सञ्चालन हुने बताइएको छ। समापन सत्रमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले सम्बोधन गर्ने कार्यक्रम छ।

२२ भन्दा बढी प्रतिनिधिमण्डलसँग प्रधानमन्त्रीको भेटवार्ता

आइतबार सम्मेलनका क्रममा विभिन्न द्विपक्षीय तथा बहुपक्षीय साइडलाइन बैठकहरू भएका छन्। प्रधानमन्त्री प्रचण्डसँग विभिन्न देशका २२ भन्दा बढी प्रतिनिधिमण्डलसँग भेटघाट भएको लगानी बोर्ड सचिवालयले जनाएको छ। छुट्टाछुट्टै भएको भेटघाट तथा छलफलका क्रममा प्रधानमन्त्रीले करिब साढे दुई घण्टा समय बिताएका थिए।

श्री नवोदित ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

धुनिवेसी नगरपालिका वडा नं. ७, खानीखोला धादिङ्ग

फोन नं. ०१०४०११२३/०१०४०१११५

ऋणको सावाँ व्याज भुक्तानी गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/१७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस सहकारी संस्थावाट चल-अचल सम्पति धितो राखी कर्जा लिनु भएका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जाको सावाँ व्याज नतिरी नबुझाई लिखित अनुसारको कर्जा सम्बन्धी शर्त उल्लघंन गरेकोले पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा र विभिन्न मितिहरुमा आन्तरिक सूचना प्रकाशित गर्दा साथै मिति २०८१ वैशाख ३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत वेवास्ता गरि बस्नु भएको हुंदा यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उक्त समय भित्र आफुले लिएको ऋणको सावां, व्याज, बिलम्ब शुल्क र अन्य दस्तुर समेत तिर्न बुझाउन हुन सम्बन्धीत ऋणी सदस्यहरु र धितो जमानी दिने व्यक्तिहरु तथा व्यक्तिगत जमानी कर्ताहरुलाई सूचित गरिएको छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीहरुले यस संस्थालाई तपसिलमा उल्लेखित धितो दिएका अचल सम्पतिहरु र कथंकदाचित उक्त धितोवाट असुल उपर हुन नसकी असुल उपर नभई बांकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारको नाउंमा रहको अन्य चल-अचल सम्पति, ऋण लिंदा जमानी दिनेहरुको नाममा रहको वा निजको हकको अन्य चल-अचल सम्पतिहरुवाट सहकारी ऐन २०७४ वमोजिम लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षण दिनुहुने महानुभावहले समेत यसै सूचनालाई आधारमानी कारवाही प्रकृया अगाडी बढाई ऋण असुलीमा सहयोग गरिदिन हुन समेत पूर्व जानकारीको लागि सूचित गरिएको छ। **तपसिल**

सि.नं.	ऋणीहरुको नाम, थर र वतन	धितोको विवरण
१	**ऋणी**: श्री बल बहादुर खत्रीको नाती, श्री मदन खत्रीको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.७, मेडिकल चोक, खानिखोला साविक नौबिसे ७ बस्ने नागरिकता प्रमाणपत्र नः २६/२८८ (जारी मिति २०६०/८/२४ धादिङ) भएका बर्ष ४० को **श्री टिका बहादुर खत्री।**	श्री टिका बहादुर खत्री नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ७ (क) कि.नं ७१९ र नौविसे २ (क) कि.नं १३९६ को **क्षेत्रफल क्रमशः १-८-०-० र १-५-२-०**, जग्गा साथै सन्तविर तामाङ्ग र रुपा खत्रीको नाममा मा.पो.का. धादिङमा संयुक्त दर्ता कायम रहेको थाक्रे गाउंपालिका केवलपुर २ (क) को कि.नं ३१५ को **क्षेत्रफल ०-१३-०-०** जग्गाहरु र लिगलगापात समेत।
२	**ऋणी**: श्री हर्क बहादुर सुनारको नाती, सन्त बहादुर सुनारको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ८, फोगटपुर साविक थाक्रे १ बस्ने नागरिकता प्रमाणपत्र नं ४/१००७६ (जारी मिति २०४२/२/१७ धादिङ) भएका बर्ष ५१ को **श्री रामे सुनार।**	श्री रामे सुनारको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको थाक्रे गाउंपालिका ८ साविक थाक्रे ८, नक्सा थाक्रे ८ (घ) कि.नं २६७, २६०, २७२ र २६९ को **क्षेत्रफल क्रमशः १-०-१-१, ०-५-३-१, ०-५-०-० र ०-१०-३-०** जग्गाहरु र लिगलगापात समेत।
३	**ऋणी**: श्री चन्द्रिकानन्द खरेलको नाती, श्री खोमानन्द खरेलको छोरा धादिङ जिल्ला धुनिवेसी नगरपालिका वडा नं ७ खानिखोला साविक नौविसे ७ गणेशमार्ग, खानिखोला बस्ने जन्म मिति २०३७/१/१६ नागरिकता प्रमाणपत्र नं २६२२८ जारी मिति २०५५/४/२४ धादिङ भएका बर्ष ४३ को **श्री दिपक खरेल।**	दिपक खरेलको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं ७ नक्सा नौबसे ७ (घ) कि.नं ३४४ र ९८६ **क्षेत्रफल क्रमशः १-६-३-१** (७२५.३२ ब.मि) एक रोपनी छ आना तिन पैसा एकदाम र **४-३-२-१** चार रोपनी तिन आना दुई पैसा एकदाम (२१४८.२२ ब.मि.) जग्गाहरु र लिगलगापात समेत।
४	**ऋणी**: श्री नर बहादुर बखतीको नाती, श्री रामहरी बखतीको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ७, सातघुम्ती साविक थाक्रे ६ बस्ने नागरिकता प्रमाणपत्र नं २६१/१८२००(जारी मिति २०६४/११/२० धादिङ) भएका बर्ष ३७ को **श्री सिताराम बखती।**	श्री सिताराम बखतीको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं. ३ नक्सा थाक्रे ३ (क) कि.नं ५८१ को **क्षेत्रफल ३-०-०-०** (१५२६.२२ ब.मि). तिनरोपनी जग्गा र थाक्रे ५ नक्सा ५ कि.नं ४५७ को **क्षेत्रफल ०-१५-३-३** (५०६.६७ ब.मि). पन्ध्र आना तिन पैसा तिन दाम जग्गाहरु र लिगलगापात समेत
५	**ऋणी**: श्री कृष्ण बहादुर पुडासैनीको छोरी, हरि बहादुर थापाको बुहारी, नवराज थापाको श्रीमती धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ७, कालिकास्थान साविक थाक्रे ४ बस्ने नागरिकता प्रमाणपत्र नं ८५४ (जारी मिति २०६३/३/१३ धादिङ) भएका बर्ष ५१ की **श्रीमती कमला थापा।**	निजको एकाघरको श्रीमान श्री नवराज थापाको नाउंमा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं. ३ नक्सा थाक्रे ३ (क), ५ र ५ (क) को **क्रमश कि.नं ५३८, ५३६, ४०५, ४०९, ४०३ र १११** को जग्गाहरु र लिगलगापात समेत।
६	**ऋणी**: श्री भिम नारायण श्रेष्ठको नाती, जगत नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.८, खानिखोला साविक नौविसे ६ बस्ने नागरिकता प्रमाणपत्र नं. १७८९/२०४२/९/२९ जारी मिति २०४२/९/२९ भएको बर्ष ५३ का **श्री प्रल्हाद श्रेष्ठ।**	श्री प्रल्हाद श्रेष्ठको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ६ (क) कि.नं १०१० **क्षेत्रफल २-४-२-२** दुई रोपनी चार आना दुई पैसा दुई दाम जग्गा, नौविसे २ नक्सा २ (ग) कि.नं १२७० को **क्षेत्रफल ०-६-०-०** छ आना जग्गाहरु र लिगलगापात समेत।
७	**ऋणी**: श्री विक्रम पाण्डेको नाती, रामहरी पाण्डेको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.८, खानिखोला साविक नौविसे ६ बस्ने नागरिकता प्रमाणपत्र नं. ४/८५६५ जारी मिति : २०४५/१/२ भएको बर्ष ५८ का **श्री रामशरण पाण्डे।**	श्री रामशरण पाण्डेको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं. ८ साविक नौविसे २ नक्सा नौविसे २(क) कि.नं. ९७६ को **क्षेत्रफल १-१-१-१** (५५०।४० ब.मि). एक रोपनी एक आना एक पैसा एक दाम जग्गा र लिगलगापात समेत।
८	**ऋणी**: श्री कृष्ण बहादुर तामाङको छोरी, श्री पूर्ण बहादुर तामाङको श्रीमती धादिङ्ग जिल्ला धुनिवेसी न.पा.६, बानियाटार साविक नौविसे १ बस्ने नागरिकता प्रमाणपत्र नं. ४३४०५ (जारी मिति २०५८/३/२७ धादिङ) भएकी बर्ष ४४ की **श्रीमती कल्पना तामाङ्ग।**	निजको एकाघरको बुबा श्री कृष्ण बहादुर तामाङको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे १ (क) कि.नं. १३, नौविसे १ (घ) कि.नं ५३ र ५२ **क्रमश क्षेत्रफल ०-६-०-२, १-१५-२-२ र २-३-२-१** जग्गाहरु लिगलगापात समेत।
९	**ऋणी**: श्री जेठो सुनारको नाती, जस बहादुर सुनारको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ८, फोगटपुर साविक थाक्रे १ बस्ने नागरिकता प्रमाणपत्र नं ५०३८ (जारी मिति २०६८/८/१८ धादिङ) भएका बर्ष ४४ को **श्री श्यामलाल सुनार।**	निजको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. थाक्रे ८ नक्सा थाक्रे ८(घ) कि.नं. ३१६ र ३१७ को **क्षेत्रफल क्रमशः १-३-१-०** (६१२.०६ ब.मि) एक रोपनी तिन आना एक पैसा र **०-१५-१-०** (४८४.८० ब.मि.) पन्ध्र आना एक पैसा जग्गाहरु र लिगलगापात समेत।
१०	**ऋणी**: श्री लाल बहादुर सुनारको छोरी, सुक बहादुर सुनारको बुहारी, श्री राजु सुनारको श्रीमती धादिङ जिल्ला धुनिवेसी न.पा. ९ टायलघर (साविक बैरेनी गा.वि.स. ८) बस्ने नागरिकता प्रमाणपत्र नं. १६५८५ जारी मिति : २०६०/१०/१५ धादिङ भएकी बर्ष ४० कि **श्रीमती शान्ति सुनार।**	श्रीमती शान्ति सुनारको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं. ९ साविक नौविसे ५ नक्सा नौविसे ५ (क) कि.नं. ११७८ को **क्षेत्रफल ०-४-०-०** (१२७.१८ ब.मि). चार आना जग्गा र लिगलगापात समेत।
११	**ऋणी**: जय बहादुर दाहालको बुहारी, राजु दाहालको श्रीमती धादिङ जिल्ला धुनिवेसी न.पा. ७ पाठकगाउं बस्ने नागरिकता प्रमाणपत्र नः २६३०४५/४० जारी मिति २०६३/१०/१३ धादिङ भएकी बर्ष ३५ की **श्रीमती सिता दाहाल।**	श्रीमती सिता दाहालको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ७ (ग) कि.नं. १३९३ **क्षेत्रफल ०-२-१-२**, दुई आना एक पैसा दुई दाम जग्गा र लिगलगापात समेत।

लाइसेन्सविनै...

पृष्ठ १ बाट क्रमशः

विवरण फेर्ने र झट्टले लाइसेन्स प्रिन्ट गर्ने काम गरेका थिए। उनीहरू दुवैले विभागमा बसेर नक्कली लाइसेन्स जारी गर्ने भूमिका खेलेका थिए। यातायात कार्यालय बुटवलमा बसेर पाण्डेले पनि यस्तै कार्य गरेको अनुसन्धानमा खुलेको सिआइबी स्रोतले जनाएको छ। लाइसेन्स जारी गर्ने प्रक्रियामा विभिन्न तहमा धेरै व्यक्तिको मिलेमतो आवश्यक पर्ने भएकाले यस कार्यमा नौदेखि १० जनासम्मको संलग्नता देखिएको छ। यातायात व्यवस्था विभागले नै अनुसन्धान गरेर यसको ठहर गर्दै थप अनुसन्धान अघि बढाउन सिआइबीलाई भनेको थियो।

उनीहरूले जो व्यक्तिलाई लाइसेन्स दिएका थिए, उक्त व्यक्तिसँग गम्भीर प्रकृतिको सवारी दुर्घटनाको घटना जोडिएको सिआइबीले अनुसन्धानमा भेटेको छ। गत वर्ष असारमा स्याङ्जामा एउटा कारले पैदलयात्री कृष्णप्रसाद भट्टराईलाई ठक्कर दिँदा घटनास्थलमै ज्यान गएको थियो। शशांक बस्याल नाम गरेका व्यक्तिले चलाएको कारले उनलाई ठक्कर दिएको थियो। तर, बस्यालसँग कारको लाइसेन्स थिएन। उनीसँग 'ए' क्याटागोरी अर्थात् मोटरसाइकलको लाइसेन्स मात्र थियो। जुन लाइसेन्स यातायात व्यवस्था कार्यालय, लुम्बिनीबाट जारी भएको देखिएको छ। घटनालगत्तै प्रहरीले बस्याललाई पक्राउ गर्‍यो।

तर, कारको लाइसेन्स नभएका कारण उनीमाथि कानुनबमोजिम ठूलो आर्थिक र जेल सजायको कारबाही हुने अवस्था थियो। यहीबीचमा बस्यालले कारको लाइसेन्स प्राप्त गर्ने उपाय रचे। यसका लागि उनी नक्कली लाइसेन्स बनाउने गिरोहको सम्पर्कमा पुगे। यही गिरोहमार्फत उनले ठूलो रकम खर्चेर लाइसेन्स प्राप्त गरे। उनको नाममा लाइसेन्स जारी गर्न अर्को व्यक्तिको नाम कायम रहेको लाइसेन्स विवरण नै फेरियो। बस्याल जेल बसेको दुई दिनमै उनको नाममा 'ए र बी' दुवै वर्ग कायम गरी लुम्बिनीबाट लाइसेन्स जारी भयो। प्रणालीभित्र छिरेर शिवपूजन मल्लाह नामका व्यक्तिको नाममा रहेको 'ए बी क्याटागोरी' को लाइसेन्सको विवरण फेरेर त्यसमा बस्यालको विवरण हालिएको थियो। शिवपूजनको नाम र फोटोलगायतको व्यक्तिगत विवरण फेरेर बस्यालका नाममा १३ असार ०८० मा बस्यालको नाममा 'नक्कली' लाइसेन्स जारी भएको थियो। अदालतमा यही लाइसेन्स पेस गरेर उनी छुटेका थिए। 'गाडीले ठक्कर दिएर मान्छे मार्नेलाई लाइसेन्स जारी गरेर दिने प्रक्रियामा विभाग र कार्यालयका कर्मचारीसहित नौदेखि १० जनाको भूमिका देखिएको छ,' स्रोतले भन्यो।

छानबिन प्रभावित पार्न अनेक प्रपञ्च

यातायात व्यवस्था विभागले गठन गरेको समितिले गत पुसमा बुझाएको छानबिन प्रतिवेदनले विगत लामो समयदेखि नक्कली सवारी लाइसेन्स जारी हुने गरेको तथ्यसहितको विषय उजागर गरेको थियो। सर्वसाधारणको डाटा तोडमोड गरेर लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार सात सय ११ फर्जी लाइसेन्स जारी गरिएको निष्कर्षसहितको विवरण छानबिन समितिले बुझाएको थियो।

छानबिनबाट ठूलो संख्यामा फर्जी लाइसेन्स जारी भएको भेटिएपछि विभागले यस विषयमा थप छानबिन गरी संलग्नमाथि कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सिआइबीलाई पत्राचार गरेको थियो। विभागले फर्जी लाइसेन्स जारी भएको यकिन गरेर विवरणसहित थप छानबिन तथा कारबाहीका लागि पत्राचार गरे पनि सिआइबीले लामो समय यत्तिकै थाती राखेको थियो।

पहिलोपटक १४ माघमा सिआइबीलाई पत्राचार गरेकोमा आलटाल गरेपछि अरू चारपटक पत्राचार गरेको थियो। सिआइबीमा नयाँ नेतृत्व आएपछि मात्रै छानबिन अघि बढेको थियो। तीन महिनापछि सिआइबी यसको छानबिनमा तात्तिएको छ।

सिआइबी र अख्तियारमा परेको प्रतिवेदनसहितको लिखित उजुरीमाथि छानबिन अघि नबढाउन नक्कली लाइसेन्स जारी गर्ने प्रक्रियामा संलग्न विभागका पूर्वमहानिर्देशकहरूसहितका कर्मचारी र गिरोह सक्रिय रहँदै आएका छन्। यसअघि जिल्ला सरकारी वकिल कार्यालय र महान्यायाधिवक्ता कार्यालयले सिआइबीको अनुसन्धान आवश्यक नहुने राय दिएका थिए। अख्तियारको अनुसन्धानले पनि गति लिन सकेको छैन।

छानबिनलाई प्रभावित पार्ने 'डिजाइन'अन्तर्गत नै हाल पक्राउ परेका अर्याललाई अख्तियारमा सरुवा गरेर लगिएको स्रोतको दाबी छ। उनी विभागमा तीन वर्ष कम्प्युटर इन्जिनियरका रूपमा कार्यरत थिए। गत असोजमा उनी विभागबाट सरुवा भएर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पुगेका थिए। मन्त्रालयमा केही समय काम गरेपछि उनलाई मन्त्रालयले अन्तर्गतको सूचना प्रविधि विभागमा पठाएको थियो। तर, विभाग पुगेको २० दिनमै उनी अख्तियार पुग्न सफल भएका थिए। बल गरेर अख्तियार पुगे पनि उनी सिआइबीको पञ्जाबाट फुत्किन भने असफल भए।

फर्जी लाइसेन्स जारी गर्न संलग्नहरू भटाभट पक्राउ पर्न थालेपछि अहिले सिआइबीमाथि नै छानबिन प्रभावित पार्न गिरोह सक्रिय भएर लागेको छ। यद्यपि, सिआइबीबाट पक्राउ र छानबिनको क्रम जारी राखेको छ। सिआइबीले पक्राउ थालेपछि यस प्रकरणमा जोडिएका करारका अर्का पूर्वकर्मचारी लक्ष्मण पाण्डे फरार भएका छन्।

कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सूचना

यस संस्थाबाट कर्जा लिनुभएका **लक्ष्मण खतिवडा**ज्यूबाट म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक रूपमा ताकेता गर्दासमेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा उपस्थित भई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याजसमेत कर्जा चुक्ता गरी आफ्नो धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित कर्जावाला **लक्ष्मण खतिवडा** र धितो जमानीकर्ता **राम नारायण खतिवडा**को जानकारीको लागि अनुरोध छ। उक्त समयभित्र उपस्थित भई कर्जा चुक्ता नगरेमा धितो लिलाम बिक्री भई जाने साथै लिलाम बिक्री हुन नसकेको धितो चल-अचल सम्पत्ति संस्थाको अनुकूलमा संस्था आफैँले सकार गरी लिन सक्ने व्यहोरासमेत जानकारी गराइएको छ।


यो सूचनाबमोजिम ३५ भित्रमा कर्जा चुक्ता नभएमा संस्थामा धितो रहेको चल-अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना पत्रपत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ३६ दिनदेखि ५० औं दिनभित्र सम्बन्धित कार्यालय समयभित्र आइपुग्ने गरी निम्न सर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेस गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू बोलपत्र पेस भएको कार्यालयमा ५१ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ९:३० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुनसमेत जाकारी गराइन्छ। तर, बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

जग्गाको विवरण

जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कित्ता नं	किसिम वा वर्ग	क्षेत्रफल	हकभोग/हिस्सा
मकवानपुर	मक्रान्चुली	७	६९३	भिर/पाखो/बारी अब्बल	५-०-०-० (रोपनी) २५४३,७०	एकलौटी
मकवानपुर	मक्रान्चुली	७	६९७	भिर/पाखो/बारी सिम	३-०-०-० (रोपनी) १५२६,२२	एकलौटी


ऋणीको विवरण

नाम : लक्ष्मण खतिवडा
ना.प्र.नं. : ११/३७४
जारी मिति : २०५४/०२/२८
जिल्ला : मकवानपुर
बाबुको नाम : होमनाथ खतिवडा
बाजेको नाम : चोमनाथ खतिवडा
पतिको नाम : शारदा धिताल
कर्जा सुविधा : व्यावसायिक कर्जा
स्थायी ठेगाना : मकवानपुर, मक्रान्चुली-०३
हालको ठेगाना : मकवानपुर, मक्रान्चुली-०३



जमानीकर्ताको विवरण

राम नारायण खतिवडा
ना.प्र.प.नं. : २२/१६८२७
जारी मिति : २०६०/०६/१७
जिल्ला : मकवानपुर
बुबाको नाम : होमनाथ खतिवडा
बाजेको नाम : चोमनाथ खतिवडा
स्थायी ठेगाना : मकवानपुर, म.गढी-०७
हालको ठेगाना : मकवानपुर, मक्रान्चुली-०३



शुभटाइम्स बहुउद्देश्यीय सहकारी संस्था लि.

काठमाडौं चाबहिल मुख्य कार्यालय, शाखा न्युरोड

सडक विभाग

सडक डिभिजन शिवपुर

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

सूचना नं. १/२०८०-०८१

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१७

यस सडक डिभिजन शिवपुर कपिलवस्तुमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी सामान जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गराउनुहुन ईच्छुक व्यक्ति/फर्म सस्था वा कम्पनीलाई आव्हान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फारममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी सामानको न्युनतम कायम मूल्य भ्याट बाहेक रू १५३८९२०.०० अक्षरुपि (पन्ध्र लाख अडतिस हजार नौं सय बिस रुपैयाँ मात्र) रहेको छ।

डिभिजन प्रमुख

काठमाडौं...

पृष्ठ १ बाट क्रमशः

अनुरोध गरेका छन्। उनले भनेका छन्, 'जुनसुकै पालिकाको भए पनि अशक्त र गरिब नागरिक-बिरामीले आफ्नो पालिकाबाट विपन्न, असहायको सिफारिस लिएर काठमाडौं महानगर आउनुहोला। हामीसँग ५२ अस्पतालका तीन सय ७४ बेड आबद्ध छन्। त्यहाँ बिरामीको आवश्यकताअनुसार निःशुल्क उपचार हुनेछ।' उनले यसबारे आवश्यक जानकारी लिन निःशुल्क टेलिफोन नम्बर ११८ मा फोन गर्न सकिने जानकारी पनि दिएका छन्।

काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन ०८० को दफा २८ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका अस्पतालहरूले विपन्न, असहाय र बेवारिसे नागरिकहरूलाई कुल शय्याको १० प्रतिशत बिरामीलाई लाग्ने सम्पूर्ण उपचार खर्च निःशुल्क गर्नुपर्ने व्यवस्था छ। यद्यपि, ऐन कार्यान्वयन भएसँगै देशभरका विपन्न र असहायको निःशुल्क उपचार गर्दै आएको छ।

रेडक्रसको अनियमितता छानबिन गर्न पाँच सदस्यीय समिति

प्रतिवेदन बुझाउन ४५ दिनको समय, दीर्घकालीन असर पर्ने कुनै काम नगर्न निर्देशन



रेडक्रसमा भ्रष्टाचार भएको भन्दै ६ भन्दा धेरै उजुरी परिषद्मा आएका छन् । केही उजुरीमाथि छानबिन गर्नुपर्ने देखियो । त्यसैले परिषद्ले समिति गठन गरेको हो । ४५ दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ । र, यस अवधिमा दीर्घकालीन असर पर्ने कुनै कार्य नगर्न रेडक्रसलाई निर्देशन दिइएको छ ।

दुर्गा भट्टराई, निर्देशक, समाज कल्याण परिषद्

टेकराज थामी/नयाँ पत्रिका

समाज कल्याण परिषद्ले नेपाल रेडक्रस सोसाइटीमा भएको भ्रष्टाचार छानबिन गर्न समिति गठन गरेको छ । परिषद्का बोर्ड सदस्य सञ्जय शाहको नेतृत्वमा आइतबार पाँच सदस्यीय छानबिन समिति गठन गरिएको हो । परिषद्ले समितिलाई ४५ दिनभित्र रेडक्रसमा भएको भ्रष्टाचार सम्बन्धमा छानबिन गरी प्रदिवेदन पेस गर्न भनेको छ । छानबिन अवधिभर दीर्घकालीन असर पर्ने कुनै पनि कार्य नगर्न रेडक्रसलाई निर्देशन दिएको छ ।

परिषद्का निर्देशक दुर्गा भट्टराईले रेडक्रसमा भ्रष्टाचार भएको भन्दै पटक-पटक उजुरी आउन थालेपछि छानबिन गर्न समिति गठन गरिएको जानकारी दिए । 'रेडक्रसमा भ्रष्टाचार भएको भन्दै ६ भन्दा धेरै उजुरी परिषद्मा आएका छन् । केही उजुरीमाथि छानबिन गर्नुपर्ने देखियो । त्यसैले परिषद्ले समिति गठन गरेको हो । ४५ दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ । र, यस अवधिमा दीर्घकालीन असर पर्ने कुनै कार्य नगर्न रेडक्रसलाई निर्देशन दिइएको छ ।'

रेडक्रसमा पछिल्लो समय कार्यसमिति वैधानिकताको विषय विवादमा छ । डा. नेत्र तिमल्सिना नेतृत्वको कार्यसमिति हुँदाहुँदै तत्कालीन सरकारले १४ पुस ०७९ मा प्रा. सुदर्शन नेपाल नेतृत्वको समूहलाई रेडक्रस नेतृत्व गर्ने जिम्मा दिएको थियो । सरकारको निर्णयविरुद्ध तिमल्सिना नेतृत्वको समूहले सर्वोच्च अदालतमा रिट निवेदन पेस गरेको थियो । सर्वोच्चले २३ पुस ०७९ मा पुरानो कार्यसमितिलाई नै निरन्तरता दिन अन्तरिम आदेश दिएको थियो । तर, सरकारले सर्वोच्चको उक्त आदेशको अवज्ञा गर्दै ३१ जेठ ०८० मा मन्त्रिपरिषद् बैठकमार्फत पुनः प्रा. नेपालकै कार्यसमितिलाई रेडक्रस पठाएको थियो ।

अदालतको आदेश अवहेलना भएको भन्दै तिमल्सिना निवेदन लिएर पुनः सर्वोच्च पुगेका थिए । सर्वोच्चले पुनः तिमल्सिनाकै कार्यसमितिलाई निरन्तरता दिन अल्पकालीन अन्तरिम आदेश दिएको थियो । तर, सरकारले प्रहरी प्रशासन प्रयोग गरी तिमल्सिना नेतृत्वको कार्यसमितिलाई कार्यालय प्रवेशमै रोक लगाएको थियो ।

प्रा. नेपालको कार्यसमितिले पछि एकलौटी ढंगले रेडक्रसको अधिवेशन गरेको थियो । अधिवेशन अवैध भएको भन्दै तिमल्सिना नेतृत्वको कार्यसमितिले रेडक्रसको छुट्टै अधिवेशन गरेको थियो । अदालतमा मुद्दा विचाराधीन रहेकाले दुवै समूहको कार्यसमितिले मान्यता भने पाएको छैन । यसबीचमा नेपाल नेतृत्वको समूहले १० करोड रुपैयाँभन्दा धेरै खर्च गरिसकेको छ । सोही विषयलाई उठाएर रेडक्रसका कर्मचारीले परिषद्मा उजुरी हालेका छन् । त्यसबाहेक विगतका कार्यसमितिले गरेको भ्रष्टाचार छानबिन गर्न पनि उजुरीमा भनिएको छ । विशेषगरी सञ्जीव थापा नेतृत्वको कार्यसमितिले गरेको भ्रष्टाचार छानबिन गर्न उजुरीमा उल्लेख छ । भ्रष्टाचार अभियोगमा १२ साउन ०७७ मा रेडक्रसका अध्यक्ष सञ्जीव थापाको कार्यसमितिलाई भंग गरी तत्कालीन सरकारले तिमल्सिनाको नेतृत्वमा नयाँ तदर्थ समिति गठन गरेको थियो । वर्ष दिनभित्र निर्वाचन गरी नयाँ कार्यसमितिलाई कार्यभार जिम्मा लगाउने तदर्थ समितिको कार्यभार थियो । तर, विविध अवरोधका कारण कार्यसमितिले रेडक्रसको निर्वाचन गर्न सकेको थिएन ।



■ भ्रष्टाचार छानबिनका लागि सात समिति बने, तर सुझाव कार्यान्वयन भएनन्

रेडक्रसमा भएको आर्थिक अनियमिततालाई लिएर समाज कल्याण परिषद्ले राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाही र पदमप्रसाद खतिवडाको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले भवन र जग्गा खरिदमा मात्रै होइन, दातृनिकायबाट प्राप्त १५ अर्ब ८७ करोड ९० लाख ४१ हजार सात सय २४ रुपैयाँ सहयोगसमेत नेपाल सरकारको स्वीकृतिविना खर्च गरेको औंल्याएको थियो । 'सोसाइटीले प्राप्त वैदेशिक सहयोग १५ अर्ब ९५ करोड ६ लाख २६ हजार चार सय २६ रुपैयाँमध्ये १५ अर्ब ६१ करोड १८ लाख सात हजार तीन सय ७४ रुपैयाँ खर्च भएको, त्यसमध्ये समाज कल्याण परिषद्बाट सात करोड १५ लाख ८४ हजार सात सय दुई रुपैयाँको मात्रै स्वीकृति लिएको देखिन्छ,' प्रतिवेदनमा भनिएको थियो ।

रेडक्रसले गरेको खर्च समाज कल्याण ऐन, २०४९ र नियमावली, २०४९ विपरीत छ । ऐन र नियमावलीअनुसार जुनसुकै गैरसरकारी संस्थाले सहयोग लिनुपूर्व परिषद्को स्वीकृति अनिवार्य रूपमा लिनुपर्ने हुन्छ । त्यसअघि डा. होमनाथ चालिसेको संयोजकत्वमा भएको छानबिन समितिले भूकम्पपछिको पुनर्निर्माणमा रेडक्रसलाई प्राप्त आठ अर्ब रुपैयाँको सहयोगमा समेत व्यापक भ्रष्टाचार भएको औंल्यायो । समितिले रेडक्रसका तत्कालीन पदाधिकारीले कानुनविपरीत प्रत्येक महिना तलब बुझ्ने गरेको भन्दै कानुनबमोजिम कारबाही गर्न सिफारिस गऱ्यो । तर, त्यो पनि कार्यान्वयनमा आएन । रेडक्रसभित्रको भ्रष्टाचारलाई लिएर संसद्को तत्कालीन राज्यव्यवस्था समितिमा पनि बृहत् छलफल भयो । समितिले दोषीलाई कारबाही गर्न सरकारको नाममा निर्देशन दियो । तर, त्यो पनि कार्यान्वयनमा आएन । भक्तपुरको गोदामघर निर्माणका लागि खरिद जग्गाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले समेत छानबिन गरेको थियो । छानबिनबाट अनियमितता भएको ठहर भए पनि दोषी कसैलाई कारबाही भएन । ०७१ मा समाज कल्याण परिषद्का तत्कालीन सहायक निर्देशक उमा पौडेल नेतृत्वमा, ०७५ मा परिषद्का तत्कालीन बोर्ड सदस्य लक्ष्मीकुमार पौडेल नेतृत्वमा, ०७६ मा सामुदायिक विकासविद् धनञ्जय पौडेल संयोजकत्वमा र ०७७ मा समाज कल्याण परिषद्का कानुनविज्ञ निशा बानियाँको संयोजकत्वमा रेडक्रसमा भएको आर्थिक अनियमितता सम्बन्धमा छानबिन भयो । रेडक्रसकै अन्तर्राष्ट्रिय समितिको 'स्कुपिङ मिसन'ले रेडक्रसमा भएको आर्थिक अनियमिततामा प्रश्न गरेको थियो । दोषीलाई कारबाही गर्न सिफारिस पनि भयो । तर कुनै सुझाव कार्यान्वयन भएनन् ।

■ यस्ता छन् भ्रष्टाचारका फेहरिस्त

जग्गा खरिदमा मात्रै होइन, चिनियाँ रेडक्रस सोसाइटीको ११ करोड सहयोगमा चाँगुनारायणमा गोदामघर निर्माण गर्दा पनि रेडक्रसका पदाधिकारीले बदमासी गरेको भेटिएको छ । मिलेमतोमा रुचाइएको ठेकेदार कम्पनीलाई निर्माणको जिम्मा दिन सार्वजनिक खरिद ऐन नै कुल्चिएको छ । गोदाम निर्माणका लागि पहिलोपटक गरिएको टेन्डर आह्वानमा पदाधिकारीले रुचाइएको लामा कन्स्ट्रक्सनले ठेक्का नपाउने भएपछि टेन्डर नै रद्द गरियो । दोस्रोपटक टेन्डर आह्वान गरेर लामा कन्स्ट्रक्सनलाई ठेक्का दिइयो । 'लामा कन्स्ट्रक्सनलाई ठेक्का नपर्ने भएपछि टेन्डर नै रद्द गरेर दोस्रोपटक आह्वान गरियो । यसपटक भने लामालाई नै ठेक्का दिइयो । यो ठेक्कामा रेडक्रसका पदाधिकारी र ठेकेदारबीच करिब तीन करोडको लेनदेन भएको बुझिन्छ,' छानबिन प्रतिवेदनमा भनिएको छ ।

प्रदर्शनीमार्गस्थित ब्लड बैंक रहेको भवन निर्माण ठेक्कामा पनि ठूलो अनियमितता भएको छानबिन समितिको ठहर छ । रेडक्रसले उदयपुरको कटारीमा गोदामघर निर्माण गर्दा ठूलो अनियमितता भएको छानबिन समितिको ठहर छ । हेलेन शाह अध्यक्ष रहेका बेला सरकारले रेडक्रसलाई सुनसरीको इटहरीमा एक बिघा ११ कट्ठा जमिन निःशुल्क दियो । तर, अध्यक्ष सञ्जीव थापासहितका पदाधिकारीको मिलेमतोमा उक्त जग्गा २७ साउन ०६५ मा कौडीको भाउमा बेचियो । इटहरीको महत्त्वपूर्ण ठाउँमै रहेको जग्गा ६६ लाखमा बेचिएको थियो । खरिद गर्ने व्यक्ति अध्यक्ष थापाले खोजेका थिए । केही समयमै उक्त जग्गा प्लटिङ गरेर दुई करोड ५० लाखमा बिक्री गरिएको रेडक्रसकै पदाधिकारीहरू बताउँछन् ।

भूकम्पमा ध्वस्त सातवटा विद्यालय भवन निर्माण गरिदिने भन्दै रेडक्रसले शिक्षा मन्त्रालयसँग सम्झौता गऱ्यो । सम्झौताअनुसार आठ कोठाका दुईतले भवन सातवटा बनाउनुपर्ने थियो । रेडक्रसले निर्माण कम्पनी छान्न टेन्डर आह्वान गऱ्यो । तर, सातवटै भवन निर्माणको ठेक्का भने मापदण्ड नै नपुगेको ठेकेदार कम्पनी ऋगेश्वर निर्माणलाई दियो । प्रतिभवन ५७ लाख ५६ हजारमा बनाउने कबुल गरेपछि गुणस्तरको बेवास्ता गर्दै कामको अनुभव नै नभएको कम्पनीलाई रेडक्रसका पदाधिकारीले मिलेमतोमा ठेक्का दिएको छानबिन प्रतिवेदनमा उल्लेख छ ।

५७ लाख ५६ हजार रुपैयाँमा आठ कोठाको दुईतले पक्की विद्यालय भवन बनाएको रेडक्रसले प्रिफ्याबका एकतले स्वास्थ्य चौकी बनाउँदा भने ६५ लाख खर्च गऱ्यो । भूकम्पमा ध्वस्त संरचना बनाउन भन्दै रेडक्रसले अन्तर्राष्ट्रिय दातृ निकायसँग झन्डै आठ अर्ब रुपैयाँ सहयोग लियो । त्यही रकममध्येको १४ करोड ९५ लाखमा २३ वटा अस्थायी स्वास्थ्य चौकी निर्माण गर्न स्वास्थ्य मन्त्रालयसँग सम्झौता गऱ्यो । ५० लाखमा निर्माण हुने प्रिफ्याबका प्रत्येक संरचनामा ६५ लाख खर्च गरिएको छानबिन प्रतिवेदनमा उल्लेख छ । यसमा पनि ठूलो अनियमितता भएको आशंका छानबिन समितिको छ ।

न्यौपानेलाई तीन वर्ष कैद र २५ करोड जरिवाना

काठमाडौं/ भक्तपुरस्थित नेपाल इन्जिनियरिङ कलेज सञ्चालक समिति अध्यक्ष लम्बोदर न्यौपानेलाई विशेष अदालतले तीन वर्ष कैद सजाय सुनाएको छ । आइतबार विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्य रामबहादुर थापाको इजलासले सम्पत्ति शुद्धीकरण कसुरमा फैसला तथा सजाय निर्धारण गरेको हो ।

न्यौपानेमाथि २५ चैतमै कसुर कायम भए पनि आइतबार सजाय सुनाइएको हो । यसै मुद्दाका अन्य आठ प्रतिवादीले भने सफाइ पाइसकेका छन् । न्यौपानेले कलेजको नाममा हुनुपर्ने १२ करोड ८४ लाख रुपैयाँभन्दा बढी रकम अनियमितता गरेको भेटिएको थियो । उनले कलेजको रकमबाट आफू र सञ्चालक समितिका अन्य सदस्यलाई तलब, भत्ता, गाडी र अन्य सुविधासमेत दिएको पुष्टि भएपछि सजाय सुनाइएको विशेषले जनाएको छ । यसरी ठूलो रकमले आफूसमेतलाई लाभ दिलाएको विशेषको ठहर छ । साथै, उनले आफ्नो आयस्रोतका आधारमा कर नतिरेको भेटिएको छ ।

कसुर कायम गर्दा विशेषले गरेको संक्षिप्त आदेशअनुसार 'हक नपुग्ने संस्थाको सम्पत्ति कुनै अभिलेख नराखी निजी सम्पत्तिका रूपमा परिणत गरेको पाइएको, आर्जित सम्पत्तिको स्रोत खुलाउन नसकेको, आफ्नो कार्यकालमा सञ्चालक समितिबाट निर्णय गराई संस्थाको स्वामित्व नै विवादमा रहेको अवस्थामा उल्लिखित कलेजको स्रोतबाट' उनले विभिन्न शीर्षकमा खर्च गरेको भेटिएको थियो ।

कलेजका सञ्चालक समिति अध्यक्ष रहेका न्यौपानेले कम्पनी रजिस्ट्रारको कार्यालयमा आफ्नो नाममा कलेजको नाम मिल्ने गरी प्राइभेट कम्पनी दर्ता गरेका थिए ।

न्यौपानेले विभिन्न बैंकमा आफ्नो नाममा खाता खोली कलेजको रकम स्थानान्तरण गरेको मिसिल संलग्न प्रमाणले पुष्टि गरेको विशेषको संक्षिप्त फैसलामा छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २७ माघ ०७८ मा न्यौपानेसमेत नौविरुद्ध मुद्दा दायर गरेको थियो । यो मुद्दाका प्रतिवादीहरू रामरत्न उपाध्याय, उपेन्द्र गौतम, लवराज भट्टराई, हरिप्रसाद पाण्डे, प्रेमकुमारी केसी, इल्या दीक्षित भट्टराई, उषा न्यौपाने, इन्दिरा उपाध्यायलाई भने विशेषले सफाइ दिएको थियो ।

पूर्वसचिव उपाध्यायसँग ५० हजार धरौटी माग

काठमाडौं/ विशेष अदालतले पूर्वसचिव भीमप्रसाद उपाध्यायसँग ५० हजार रुपैयाँ धरौटी माग गरेको छ । उपाध्याय मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको भनी दायर मुद्दाका प्रतिवादी हुन् । पूर्वसचिव उपाध्याय आइतबार अदालतमा उपस्थित भएका थिए । यो मुद्दामा अदालतमा उपस्थित हुने उनी दोस्रा प्रतिवादी हुन् । यसअघि रुद्रसिंह तामाङ पनि उपस्थित भइसकेका छन् ।

गत ६ फागुनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीनजना पूर्वसचिवसमेत १७ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको थियो । उपाध्यायविरुद्ध चार करोड ११ लाख बिगो कायम गर्दै मुद्दा दायर भएको हो । उनी मेलम्ची खानेपानी विकास समिति बोर्डको तत्कालीन अध्यक्ष हुन् भने खानेपानी मन्त्रालयका सचिवसमेत रहिसकेका छन् ।

संक्षेप

राष्ट्रिय सभा सदस्य शाक्यले लिइन् शपथ

काठमाडौं/ राष्ट्रिय सभा सदस्य डा. अञ्जान शाक्यले पद तथा गोपनीयताको शपथ लिएकी छिन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले ६ वैशाखमा शाक्यलाई राष्ट्रिय सभा सदस्य मनोनीत गरेका थिए । राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले शाक्यलाई आइतबार पद तथा गोपनीयताको शपथ खुवाउँदै संघीय संसद्को लोगो प्रदान गरेका हुन् । राष्ट्रपतिबाट मनोनीत डा. विमला राई पौड्यालको कार्यकाल सकिएपछि उनको ठाउँमा सरकारले शाक्यको नाम सिफारिस गरेको थियो । ५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट क्लस्टरअनुसार आठजना निर्वाचित भएर आउँछन् भने मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले तीनजना मनोनीत गर्छन् । शपथ लिएपछि संक्षिप्त प्रतिक्रिया दिँदै सांसद शाक्यले देश र जनताको हितमा इमानदारिताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । राष्ट्रिय सभाको गरिमा उचाइमा पुऱ्याउन आफूले सक्दो पहल गर्ने उनको भनाइ थियो । इजरायलका लागि पूर्वराजदूत शाक्यले व्यवस्थापन विषयमा विद्यावारिधि गरेकी छिन् ।

सवा करोड ठगीमा संलग्न श्रेष्ठ पक्राउ

काठमाडौं/ प्रहरीले एक करोड दश लाख रुपैयाँ ठगीमा संलग्न धादिङको नीलकण्ठ नगरपालिका- ७ का ४७ वर्षीय भीमसेनकुमार श्रेष्ठलाई पक्राउ गरेको छ । काठमाडौं अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई शुक्रबार ललितपुरको नखिपोटबाट पक्राउ गरेको हो । घरजग्गा कारोबारमा संलग्न उनले कविता उप्रेतीसँग एक करोड दश लाख रुपैयाँ लिएका थिए । प्रहरीका अनुसार बैंकको खातामा रकम हालिदिएको भन्दै स्लिप देखाएर जग्गा आफ्नो नाममा पास गराई उनी सम्पर्कविहीन बन्थे । थप अनुसन्धान गर्न उनलाई जिल्ला प्रहरी परिसर काठसमाडौं पठाइएको प्रहरीको भनाइ छ ।

लुम्बिनी महाविहारलाई पाँच करोड

काठमाडौं/ लुम्बिनीमा निर्माण भइरहेको बज्रयान महाविहारलाई नेपाली सम्पदा बिम्बित गराउन काठमाडौं महानगरपालिकाले पाँच करोड ८० लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ । महाविहार २० करोड रुपैयाँमा बन्दै छ । यसमा मौलिक आँखीझ्याल र प्रवेशद्वार बनाउन महानगरपालिकाले दुई चरणमा अनुदान रकम उपलब्ध गराएको हो । २६ माघ ०७८ मा पहिलो किस्ताबापत चार करोड २९ लाख १८ हजार रुपैयाँ र दोस्रो किस्ताबापत एक करोड ५० लाख रुपैयाँ १७ चैत ०८० मा प्रदान गरेको हो । यसबाट महाविहारमा नेपाली शैलीको 'नेपाल मण्डल, प्रवेशद्वार' निर्माण भएको छ । यस्तै, महाविहारको भुइँ तलामा काठमाडौंको कला प्रदर्शन हुने कलात्मक झ्याल, ढोका, पहिलो तलाको चोकबाट पूर्वतर्फ कलात्मक झ्याल, पश्चिमतर्फ विमान झ्याल, निर्माण गरिएको छ । यसपछि दिगि छैं (धर्मागार)अगाडि पोखरी निर्माण गर्ने, पोखरीको वरिपरि परिक्रमा मार्ग बनाउने, हारती माताको मन्दिर बनाउनेलगायत योजना छन् ।

ब्राउनसुगरसहित पासवान पक्राउ

लहान/ सिराहाको गोलबजार नगरपालिका- ६ डोहटियाबाट प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउनसुगरसहित एक युवकलाई पक्राउ गरेको छ । डोहटिया घर भएका करिब १९ वर्षीय सुरज पासवानले गाउँनजिकैको बाँसको झ्याङमा लागुऔषध कारोबार गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले शनिबार ब्राउनसुनगरसहित पक्राउ गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार प्रहरीले पासवानको साथबाट चार सय ग्राम ब्राउनसुगर र दुई थान मोबाइल बरामद भएपछि तत्काल नियन्त्रणमा लिई गोलबजार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ ।प्रहरीले गोलबजारका पासवानबाहेक १० वैशाख राति सिराहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका- ३ बन्दीपुरे होटेलमा कोठा लिएर बसिरहेका सिराहाको विष्णुपुर गाउँपालिका- ३ का करिब २६ वर्षीय बिनेकुमार यादव र मिर्चैया नगरपालिका- ३ का करिब २८ वर्षीय मनीषप्रसाद यादवलाई ४.९ ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको थियो ।

वन्यजन्तु तस्कर कुन्जेक सम्पत्ति शुद्धीकरणमा पनि दोषी ठहर

काठमाडौं/ वन्यजन्तु तस्करीबाट आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा विशेष अदालतले कुन्जोक छिरिङ तामाङलाई दोषी ठहर गर्दै सजाय निर्धारणको पेसी तोकेको छ । आइतबार विशेषले एक वर्षअधि दायर मुद्दामा कसुर कायम गर्दै सजाय निर्धारणको पेसी तोकेको हो । विशेषका अधिकृत यज्ञराज रेग्मीका अनुसार २७ वैशाखमा उनीमाथि सजाय निर्धारण हुनेछ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासबाट यस्तो फैसला भएको हो । कुन्जोकमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १६ जेठ ०८० मा मुद्दा दायर गरेको थियो । उनले वन्यजन्तुको अखेटोपहार ओसारपसारसमेत गरी गैरकानुनी रूपमा आर्जन गरेको पुष्टि भएको हो । विशेषलाई प्राप्त प्रमाणबाट उनले सात करोड १४ लाख रुपैयाँभन्दा बढी व्यय तथा आर्जन गरेको भेटिएको थियो । जसमध्ये ६ करोड ४७ लाख रुपैयाँ उनको वैध आय छ भने स्रोत पुष्टि हुन नसकेको ६७ लाख ६५ हजार रुपैयाँ कसुरबाट आर्जित रहेको इजलासको निष्कर्ष छ ।

विशेषले उनलाई एकदेखि चार वर्षसम्म सजाय हुन सक्ने भन्दै सजाय निर्धारणका लागि अर्को पेसी तोकेको हो । कुन्जोकलाई जिल्ला अदालत रसुवाले पनि वन्यजन्तुसम्बन्धी अपराधमा दोषी ठहर गरेको छ । उनलाई तीन वर्षअधि जिल्ला अदालत रसुवाले सात वर्ष कैद सजायका साथै एक लाख रुपैयाँ जरिवानाको सजाय तोकेको थियो । उनीसमेतको समूहले लामो समयदेखि निकुञ्जहरूबाट वन्यजन्तुको चोरी-सिकारी र तस्करी गर्दै आएको खुलेको थियो ।

सिंहदरबार प्रवेशका लागि इगेट पास



काठमाडौं/ सिंहदरबार प्रवेशका लागि सोमबारदेखि इगेट पास प्रणाली सञ्चालनमा ल्याइएको छ । जसअनुसार अब सर्वसाधारणले सिंहदरबार प्रवेश गर्न अनलाइनबाटै पास प्राप्त गर्न सक्नेछन् । गेटबाट पास लिनुपर्ने प्रावधान छ ।

सिंहदरबार पास डट जिओभी डट एनपीमा गएर पासका लागि अनुरोध गर्न सकिने र स्वीकृत भएपछि जारी हुने गृह मन्त्रालयले जनाएको छ । सो वेबसाइटमा गएर सुरुमा आफ्नो परिचयपत्र अपलोड गरेर प्रक्रिया पूरा गरेपछि मन्त्रालयले त्यसलाई स्वीकृत गर्नेछ । सिंहदरबारको प्रवेश व्यवस्थापनलाई थप सहज र प्रविधिमैत्री बनाउन इगेट पास प्रणाली सञ्चालनमा ल्याइएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । परीक्षणपछि सबै मन्त्रालय र निकायमा इगेट पास प्रणाली सञ्चालनमा ल्याइने गृह मन्त्रालयले जनाएको छ ।

■ आन्दोलनकारीबाट क्षति भराइने

विरोध प्रदर्शन तथा आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिमा क्षति भएमा आयोजकले नै क्षतिको बिगो तिर्नुपर्ने भएको छ । गृह मन्त्रालयले यससम्बन्धी छुट्टै कार्यविधि बनाएको छ । सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकनसम्बन्धी कार्यविधि, २०८१ आइतबार उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानले स्वीकृत गरेका हुन् ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ को नियम ९ अनुसार कार्यविधि जारी गरिएको मन्त्रालयले जनाएको छ । आन्दोलनमा भएको क्षति मूल्यांकनका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति रहने र सो समितिको सिफारिसका आधारमा बिगो भराइने कार्यविधिमा उल्लेख छ ।

वनबाट सल्केको आगोले दाङमा २४ घर जले

दाङमा **दीपक बोहरा**, संखुवासभामा **नवीन गुरुङ**

दाङको राजपुर गाउँपालिका- ७ हाडबास गाउँमा आगलागी हुँदा २४ घर जलेर नष्ट भएका छन् । आगलागीबाट अन्य १० वटा गोठसमेत जलेको वडाध्यक्ष पुष्कर वलीले जानकारी दिए । सोही गाउँमा २५ वटा घर थिए, तीमध्ये २४ वटा जलेका छन् ।

आइतबार दिउँसो ३ बजेतिर गाउँमा आगलागी भएको हो । आगलागी भएका सबै घर खरले छाएका थिए । जस्ताले बनाएको मानबहादुर गिरीको घरबाहेक सबै घर जलेका छन् । नजिकै रहेको वनबाट लागेको आगो गाउँमा पसेको हो । स्थानीयले आगो निभाउने प्रयास गरे पनि सम्भव नभएपछि गाउँ नै सखाप भएको स्थानीय भीम वलीले बताए । आगो अझै नियन्त्रणमा आएको छैन । वन क्षेत्रभित्रको बस्ती भएकाले पनि सजिलै गाउँमा आगलागी भएको हो । हावाहुरीले गर्दा आगो नियन्त्रणमा आउन नसकेको वलीले बताए ।

यसैगरी, संखुवासभाको चैनपुरमा विद्युत् सर्ट भएर घर आगलागी हुँदा ३० लाख रुपैयाँबराबरको क्षति भएको छ । आइतबार बिहान साढे ७ बजेतिर चैनपुर नगरपालिका- ८ दुम्सेमा स्थानीय नरबहादुर मगरको घर विद्युत् सर्ट भई आगलागी भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ । काठको खम्बा, फुसको छानो भएको टाडे घरमा आगलागी हुँदा घर र घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडावर्तन पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । पछिल्लो समय संखुवासभामा घर आगलागीको घटना तीव्र रूपमा बढेको छ । दुई दिनअघि मात्रै चैनपुर नगरपालिका- २ तिखीढुंगामा झ्यलकबहादुर अधिकारी, मकालु गाउँपालिका- ४ भैंसीखर्कमा भूपाल तामाङ बम्जन र मकालु गाउँपालिका- ५ खोकतामा भीमबहादुर तामाङको घर जलेर नष्ट भएको थियो । खोकतामा घर जल्दा भीमबहादुरकी श्रीमती भीममाया तामाङसमेत जलेर घाइते भएकी थिइन् ।

शंखमूलमा ११ पसल जले



काठमाडौंको शंखमूलमा आइतबार लागेको आगो नियन्त्रणमा लिँदै अग्निनियन्त्रक । तस्बिर : सञ्जित परियार/नयाँ पत्रिका

काठमाडौं/ शंखमूल दोभानपुलमा आइतबार दिउँसो भएको आगलागीमा लाखौं रुपैयाँबराबरको क्षति भएको छ । शंखमूल दोभानपुलमा विशाल केसीले सञ्चालन गरेको देवी अटो मोबाइल्स प्रालिमा विद्युत् सर्ट भई आगलागी भएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार आगलागीबाट सोही पसलसँग जोडिएका मेघराज घलेको बाबाठाकुर मोटरसाइकल वर्कसप, वीरेन्द्रप्रसाद यादवको जयबजरंग बली पान सपल, चन्द्रकुमार कुसवाहाको माछा पसल, जगन्नाथ शर्माको खाजा पसल, गोपालबहादुर विष्टको तरकारी, फलफूल तथा किराना पसल, आशागोपाल श्रेष्ठको मासु पसल, चन्द्र महर्जन र केदार श्रेष्ठको पक्की घरको भित्ता तथा मेघराज घलेको फास्टफुड रेस्टुरेन्टमा समेत क्षति भएको छ । बानेश्वर प्रहरी वृत्तबाट प्रहरी निरीक्षक प्रकाश खत्रीको नेतृत्वमा खटिएको टोली तथा स्थानीयवासी, तीनवटा दमकलको सहयोग आगलागी नियन्त्रणमा लिइएको थियो ।

१२ स्थानीय तह रहेको गुल्मीमा एउटा मात्र दमकल

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मीमा दुई नगरपालिका र १० गाउँपालिका गरेर १२ स्थानीय सरकार छन् । १० महिनामा मात्रै जिल्लाका एक सय ७७ विपद्का घटनामध्ये एक सय १२ आगलागीका छन् । इस्मा, मदाने र मुसीकोटमा जंगलको आगो गाउँ पसेपछि धेरै भौतिक क्षति भएको छ । करिब १२ सय हेक्टर वन क्षेत्रमा आगलागी भएको छ । तर, रेसुंगा नगरपालिकाबाहेक कुनै स्थानीय तहसँग दमकल छैन ।

दमकल सार्वजनिक सवारीसाधनजस्तै दैनिक आवश्यक हुँदैन । ७ र ८ वैशाखमा आगलागीका कारण गुल्मीमा ८९ घरगोठ र ८३ पशुचौपाय जलेर नष्ट भए । दमकल नहुँदा भौतिक क्षति धेरै भएको छ । ग्रामीण बस्तीमा स्तरीय बाटो नहुँदा आफूहरूले ट्र्याक्टरमार्फत काम गरिरहेको रुरु क्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले बताए । उनले दुई-तीनवटा पालिका मिलेर दमकल खरिद गर्ने र सडक पहुँच भएको ठाउँमा प्रयोग गर्नु उपयुक्त हुने बताए ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले सुरक्षा निकायसहित स्थानीय तहलाई अहिले दमकलको अत्यन्तै महसुस भएकाले भूगोल र दूरी हेरेर खरिद गर्नुपर्ने आवश्यकता रहेको बताए । 'रेसुंगा नगरपालिकाको एउटा दमकल १० ठाउँमा कसरी पुऱ्याउने । तैपनि कैयन् बस्ती र मानवीय क्षतिबाट जोगाएको छ,' उनले भने, 'स्थानीय तहले भूगोल र दूरी हेरेर खरिद गर्दा राम्रो हुन्थ्यो ।'

जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार आर्थिक वर्ष ०८०/८१ को १० महिनामा एक सय ७७ विपत्का घटना भएका छन् । जसमा सबैभन्दा बढी आगलागीका एक सय २४ घटना छन् । चट्याङका पाँच, बाढीडुबानका तीन, पहिरो २६, अविरल वर्षा ११ र हावाहुरीका आठवटा घटना भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले जानकारी दिए । ती घटनामा दुई महिला, तीन पुरुष र एक बालक गरेर ६ जना मानिस र ८५ पशुचौपायको ज्यान गएको छ ।

बहसमा विद्युत् विधेयक २०८०

विद्युत् विधेयकले न निजी क्षेत्रलाई आकर्षित र प्रोत्साहित गर्न सकेको छ, न सरकारको नियामकीय भूमिकालाई नै प्रवर्द्धन गर्न सकेको छ



● अर्जुनकुमार गौतम

अग्रलेख


विद्युत् ऐन २०४९ को कार्यान्वयनका क्रममा उत्पन्न समस्या, चुनौती र अवसरलाई सम्बोधन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन अवधारणालाई समेत समावेश गरी नेपाल सरकारले तयार गरेको विद्युत् विधेयक, २०८० हाल प्रतिनिधिसभामा छलफलको क्रममा छ। विधेयकले खासगरी विद्युत् आयोजनाको विकास तथा सञ्चालनमा संघीय एकाइबीच अधिकार र जिम्मेवारीको बाँडफाँटलाई व्यवस्थित बनाउने, विद्युत् आयोजनाको विनाप्रतिस्पर्धा अनुमतिपत्र दिने विद्यमान व्यवस्थाबाट सिर्जित समस्या सम्बोधन गर्दै अनुमतिपत्र वितरणलाई व्यवस्थित, पारदर्शी तथा प्रतिस्पर्धी बनाउने, विद्युत् उत्पादन, प्रसारण र वितरणलाई प्रवर्धकबीच स्वच्छ प्रतिस्पर्धाको वातावरण विकास गर्ने तथा विद्युत् व्यापारको नियमन र व्यवस्थापनका लागि उपयुक्त कानुनी व्यवस्था गर्ने उद्देश्य राखेको छ।

विधेयकले नेपालको संविधानको भावनाअनुरूप विद्युत् आयोजनाको विकास तथा सञ्चालन र विद्युतीकरणका सम्बन्धमा तीनै तहका सरकारको अधिकार तथा जिम्मेवारी एवम् अन्तर्सम्बन्ध प्रस्ट पार्ने प्रयास गरेको छ। विद्युत् उत्पादन आयोजनाको विकास तथा सञ्चालन प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने र विद्युत्को प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको विकास तथा सञ्चालनसमेत प्रतिस्पर्धाका आधारमा गर्न सकिने व्यवस्था विधेयकको मुख्य विशेषता हो। त्यस्तो प्रतिस्पर्धाको आधार र सोका लागि अवलम्बन गर्नुपर्ने प्रक्रियासमेत विधेयकले निर्धारण गरिदिएको छ। तर, नेपाल सरकार वा उसको अधिकांश स्वामित्वमा रहेका निकाय वा तीनै तहका सरकार आफैंले वा एक-आपसको संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने भनी तोकिएका आयोजनाका हकमा प्रतिस्पर्धा गराउनु नपर्ने उल्लेख छ। बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाका हकमा बाँध निर्माण, व्यवस्था र सञ्चालन तथा त्यसबाट विद्युत् उत्पादन गर्न अलग-अलग संस्थालाई अनुमतिपत्र प्रदान गर्न सकिने व्यवस्था विधेयकले गरेको छ। विद्युत् आयोजनाको विकास तथा सञ्चालनका लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको अनुमतिपत्र प्रदान नगरिने भन्ने व्यवस्था यसको अर्को प्रमुख विशेषता हो। कुनै एउटै संस्थाले विद्युत् उत्पादन, प्रसारण तथा वितरणसमेतको कार्य गरिरहेको भए ऐन प्रारम्भ भएको मितिले पाँच वर्षभित्र त्यस्तो संस्थाले विद्युत् उत्पादन, प्रसारण तथा वितरणका लागि अलग-अलग संस्था गठन गर्नुपर्ने पनि विधेयकमा उल्लेख छ। यस व्यवस्थाले नेपाल विद्युत् प्राधिरणले हाल गरिआएको विद्युत् उत्पादन, प्रसारण तथा वितरणको कार्य खण्डीकरण गर्नुपर्ने संकेत गर्छ। विधेयकले विद्युत्को आन्तरिक तथा अन्तरदेशीय व्यापारका सम्बन्धमा पनि नयाँ व्यवस्था गरेको छ।

प्रस्तुत विधेयकले विद्युत् उत्पादन, प्रसारण, वितरण तथा व्यापार प्रवर्द्धन गरी स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ आपूर्तिका लागि विद्युत् उत्पादन, प्रसारण तथा वितरणमा देखिएका अवसर र चुनौतीलाई सम्बोधन गर्न सक्दो प्रयास गरेको पाइन्छ। यस अर्थमा यो विधेयक वर्तमान अवस्थाबाट एक कदम अघि बढ्न खोजेको प्रस्ट हुन्छ। यद्यपि यस विधेयकमा केही अस्पष्टता र अनुत्तरित प्रश्न कायमै छन्।

अब बन्ने विद्युत्सम्बन्धी कानुन खासगरी यस क्षेत्रको विकास तथा लगानीमा निजी क्षेत्रका उद्यमी तथा सर्वसाधारणलाई थप प्रोत्साहित गर्ने, सरकारले अभिभावकीय भूमिका निर्वाह गरी अवश्यक सहजीकरण गर्ने, निजी क्षेत्र आकर्षित नभएको कार्यमा मात्र सार्वजनिक क्षेत्रको संलग्नता रहने गरी कार्यक्षेत्र प्रस्ट गर्ने तथा सरकारको नियामकीय भूमिकालाई प्रभावकारी बनाई लगानीको सुरक्षा तथा आयोजनाको गुणस्तर कायम गर्न आयोजना प्रवर्द्धकलाई जिम्मेवार र जवाफदेही बनाउने दिशामा केन्द्रित हुन आवश्यक छ। तर, प्रस्तुत विधेयकले न निजी क्षेत्रलाई आकर्षित र प्रोत्साहित गर्न सकेको छ, न सरकारको नियामकीय भूमिकालाई प्रवर्द्धन गर्न। तसर्थ, प्रस्तुत विधेयकलाई ऐनको स्वरूप प्रदान गर्नुपूर्व यसका प्रमुख विशेषता एवं यस क्षेत्रमा देखिएका समसामयिक सवालमा थप बहस तथा छलफल गरी प्रस्ट दृष्टिकोण बनाउन आवश्यक छ।

प्रस्तुत विधेयकलाई 'विद्युत् ऐन' नामकरण गरिएको छ। विद्युत्लाई जलस्रोत, खनिज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, भूतापीय, जैविक पदार्थ, गुरुत्व बल वा अन्य कुनै स्रोतबाट उत्पादन गरिएको विद्युत् ऊर्जाका रूपमा परिभाषित गरिएको छ। यसले विधेयकलाई व्यापकता प्रदान गर्न खोजेको अनुभूति हुन्छ। तथापि, विधेयकमा समावेश गरिएका विषयवस्तु, यसमा अन्तर्निहित भाव र अन्तरवस्तुको विश्लेषण गर्दा जलविद्युत्मा मात्र केन्द्रित हुन खोजेकोजस्तो देखिन्छ। विद्युत्को सुरक्षा एवं माग र आपूर्तिमा सन्तुलन कायम गर्न विद्युत् उत्पादन आयोजनाको सूची तयार गर्दा आयोजनाको प्रकृति -जलाशययुक्त, अर्धजलाशययुक्त वा नदीप्रवाहमा आधारित) का आधारमा र विद्युत्को स्रोत (जलविद्युत, सौर्य, वायु वा अन्य नवीकरणीय स्रोत) का आधारमा निश्चित अनुपात कायम गर्न तथा उत्पादन, वितरण तथा प्रसारणसम्बन्धी आयोजनामा सन्तुलन कायम गर्न आवश्यक हुन्छ। यसलाई कुनै न कुनै रूपमा ऐनका दफामा समावेश गर्नु उपयुक्त हुन्छ।



खासगरी विद्युत् उत्पादनसम्बन्धी आयोजनाको विकासमा विगत दुई दशकको अवधिमा निजी क्षेत्रले निर्वाह गरेको भूमिका र योगदान निकै महत्त्वपूर्ण छ। यस क्षेत्रको विकास तथा लगानीमा निजी क्षेत्रको आत्मविश्वास र क्षमता पनि क्रमशः बढ्दै गएको छ। निजी क्षेत्र ऊर्जा विकासको लक्ष्य पूरा गर्ने सरकारको प्रमुख सारथी हो। यसलाई राज्यले अवसरका रूपमा लिन सक्नुपर्छ। तसर्थ, अब बन्ने कानुनले निजी क्षेत्रलाई थप प्रोत्साहित गर्न आवश्यक हुन्छ। सरकार र निजी क्षेत्रले एक-अर्काबाट गरेको अपेक्षामा एकमत कायम गरी त्यसलाई कानुनले प्रस्ट रूपमा सम्बोधन गर्न आवश्यक छ। प्रस्तावित विधेयकप्रति निजी क्षेत्रको प्रतिक्रियालाई दृष्टिगत गर्दा यस विषयमा थप बहसको खाँचो टड्कारो देखिएको छ।

> निजी क्षेत्र ऊर्जा विकासको लक्ष्य पूरा गर्ने सरकारको प्रमुख सारथि भएकाले यसलाई राज्यले अवसरका रूपमा लिन सक्नुपर्छ र अब बन्ने कानुनले निजी क्षेत्रलाई थप प्रोत्साहित गर्नुपर्छ

निजी क्षेत्रलाई प्रतिस्पर्धाका आधारमा विद्युत् आयोजनाको अनुमति प्रदान गरिने तर सरकारी तथा सार्वजनिक क्षेत्रले आयोजना प्राप्त गर्न त्यस्तो प्रतिस्पर्धा गर्नु नपर्ने प्रस्तावित विधेयकको व्यवस्थाले निजी क्षेत्रमा एक प्रकारको आशंका पैदा गरेको छ। यस विषयलाई थप प्रस्ट र पारदर्शी बनाउन आवश्यक छ। वित्तीय रूपले कम प्रतिफल प्राप्त हुने तथा ठूलो परिमाणको लगानी आवश्यक पर्ने प्रकृतिका आयोजनामा स्वाभाविक रूपमा निजी क्षेत्रको आकर्षण रहँदैन। निजी क्षेत्रको संलग्नता हुने प्रकृतिका आयोजनामा अब सार्वजनिक क्षेत्र अल्मलिन आवश्यक हुँदैन। निजी क्षेत्रको संलग्नता कठिन हुने प्रकृतिका आयोजना तथा प्रतिस्पर्धामा निजी क्षेत्रको सहभागिता नभएका आयोजना मात्र विनाप्रतिस्पर्धा सार्वजनिक क्षेत्रलाई दिने गरी कानुनी व्यवस्था गर्नु व्यावहारिक हुन्छ। यसबाहेक जलाशययुक्त, बहुउद्देश्यीय तथा निश्चित क्षमताभन्दा ठूला जलविद्युत् उत्पादन आयोजना, प्रसारण तथा वितरण प्रणालीको विकास एवम् विद्युत् व्यापारमा सन्तुलन कायम गर्ने कार्यमा मात्र सार्वजनिक क्षेत्र संलग्न हुनु उपयुक्त हुन्छ। यसो गरिएमा निजी क्षेत्रको आशंका निवारण गर्न तथा अपेक्षा सम्बोधन गर्न सहज हुन्छ।

निजी क्षेत्र तथा सार्वजनिक क्षेत्रका आ-आफ्नै विशिष्टीकृत विशेषता एवं सकारात्मक तथा नकारात्मक पक्ष हुन्छन्। आयोजना व्यवस्थापनको प्रभावकारिताका दृष्टिकोणबाट सार्वजनिक क्षेत्रभन्दा निजी क्षेत्र निकै अब्बल देखिएको छ। तर, आयोजनाको समग्र गुणस्तर कायम गर्ने तथा आयोजना व्यवस्थापनमा पारदर्शिता र संस्थागत सुशासनलाई विश्वसनीय बनाउने विषयमा निजी क्षेत्रमाथि यदाकदा प्रश्न उठ्ने गरेको पाइन्छ। हाल यस क्षेत्रमा नियमनको पक्ष अत्यन्तै फितलो देखिएको छ। यस्तो अवस्था कायम रहिरहेमा भविष्यमा यस क्षेत्रमा गलत प्रवृत्तिले प्रश्रय पाउने जोखिम रहन्छ। तसर्थ, आयोजनाको अध्ययन तथा प्राविधिक डिजाइन, लागत अनुमान तथा गुणस्तर व्यवस्थापन, संरचना निर्माण तथा उपकरण जडान, सञ्चालन तथा व्यवस्थापन, आयोजना व्यवस्थापनको पारदर्शिता र संस्थागत सुशासन, लगानीको हक हस्तान्तरण आदिलाई नियमनको दायरामा ल्याई व्यवस्थित गर्न आवश्यक छ।

नियमन कमजोर भएको अवस्थामा पारदर्शिता र संस्थागत सुशासनको पक्ष कमजोर हुने तथा लगानी असुरक्षित बन्ने जोखिम रहन्छ। यस क्षेत्रमा निजी उद्यमीको मात्र नभई लाखौं नेपालीको अर्बौं रुपैयाँ सेयर लगानी रहेको छ। बैंक तथा वित्तीय संस्थाबाट खर्बौं रुपैयाँ ऋण लगानी भएको छ। भविष्यमा विकास गरिने आयोजनाका लागि सर्वसाधारण जनता एवं बैंक तथा वित्तीय संस्थाबाट थप लगानीको पनि अपेक्षा गरिएको छ। विद्युत् विकासलगायत पूर्वाधार संरचना निर्माणका लागि आन्तरिक पुँजी प्रवर्द्धन गरी लगानी जुटाउने सरकारको नीति पनि रहेको छ। यस्तो अवस्थामा लगानीको सुरक्षा गर्दै उपयुक्त प्रतिफल सुनिश्चत गर्नु राज्यको कर्तव्य हुन आउँछ। यसका लागि सरकारको नियामकीय भूमिकालाई सबल बनाउन आवश्यक छ। अन्यथा, भविष्यमा मुलुकले ठूलो वित्तीय दुर्घटनाको सामना गर्नुपर्ने हुन सक्छ।

प्रस्तुत विधेयकले नेपाल विद्युत् प्राधिकरणले हाल गर्दै आएको उत्पादन, प्रसारण र वितरणको कार्य आगामी पाँच वर्षभित्र अलग-अलग संस्थामार्फत गर्ने गरी पुनर्संरचना गर्नुपर्ने आशय व्यक्त गरेको छ। यो विषय आफैंमा निकै गम्भीर, चुनौतीपूर्ण र रणनीतिक महत्त्व राख्ने प्रकृतिको छ। यस विषयमा विगतमा पनि पटक-पटक बहस हुने गरेको सुनिन्छ, तर प्रस्ट दृष्टिकोणको विकास हुन सकेको छैन। तसर्थ, आगामी पाँच वर्षपछिको प्राधिकरणको कस्तो संरचना परिकल्पना गरिएको हो ? एवं विशिष्टीकृत संस्थाका रूपमा हाल सञ्चालनमा रहेका विद्युत् उत्पादन कम्पनी तथा राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको व्यावसायिक भूमिका के हुने ? भन्नेबारे प्रस्ट दृष्टिकोणसहितको व्यावसायिक योजना तयार गर्न आवश्यक छ। नत्र कानुनमा व्यवस्था गरिएको विषय भविष्यमा कार्यान्वयनको क्रममा जटिलता आउन सक्छ।

प्रतिस्पर्धाका माध्यमबाट आयोजनाको अनुमति पत्र प्रदान गर्ने व्यवस्था प्रस्तावित विधेयकको सुन्दर पक्ष हो। यसले पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्छ। यसका लागि प्रतिस्पर्धाको मूल्यांकनका आधार व्यवस्थित, वैज्ञानिक र व्यावहारिक बनाउन आवश्यक हुन्छ। विधेयकमा प्रस्ताव गरिएका मूल्यांकनका आधारले प्रतिस्पर्धालाई सीमित गराउने जोखिम रहन्छ। प्रतिस्पर्धाका आधारमा अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाको जवाफदेहिता र जिम्मेवारी पनि प्रस्ट गर्न आवश्यक छ। साथै, प्रतिस्पर्धा गराउनुअघि त्यस्तो आयोजनाको स्वरूप र त्यसले ओगट्ने क्षेत्र, आयोजनाको क्षमता वा आकार, आयोजनाका मुख्य संरचना र सोको डिजाइन, प्रमुख विशेषता, अनुमानित लागत, आयोजनाबाट प्राप्त हुने अपेक्षित लाभ आदि विषय प्रस्ट हुने गरी आयोजनाको सूची तयार गर्न आवश्यक हुन्छ। साथै, तीन तहका सरकारबीच अनुमतिपत्र प्रदान गर्ने क्रममा दोहोरोपना नहुने सुनिश्चित गर्न तथा ती निकायबीच समन्वय कायम गर्न आवश्यक छ। यसका लागि अलगै विशिष्टीकृत संस्थागत संरचना आवश्यक पर्न सक्छ।

(गौतम हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल) का प्रमुख कार्यकारी अधिकृत हुन्)

---

३ प्रश्न

नेपाल सरकारकी पूर्वस्वास्थ्यसचिव **डा. किरण रेग्मी**लाई



देशमा उत्पादित स्वास्थ्य जनशक्तिको विदेश पलायन किन बढिरहेको होला ?

यतिखेर स्वास्थ्य जनशक्ति मात्र होइन, कक्षा १२ पढ्दै गरेका लगभग सबैजसो विद्यार्थीको मूल ध्येय जसरी भए पनि विदेश जानुपर्छ भन्ने देखिन थालेको छ। यहाँ बसेर गरिखान गाह्रो छ, रोजगारीको वातावरण छैन भन्ने पेरेको छ सबैमा। मेडिकल शिक्षा आर्जन गर्न मिहिनेत र पैसा निकै खर्च भएको हुन्छ। यहाँ बसेर आफ्नो मिहिनेत र खर्चअनुसारको प्रतिफल प्राप्त हुने वातावरण नदेखेपछि उनीहरू बाहिरिएका हुन्। फेरि नेपालमा स्वास्थ्यसम्बन्धी गुणस्तरीय जनशक्ति उत्पादन भइरहेको छ। त्यस्तो जनशक्तिलाई बाहिर बिक्न, टिक्न र आफ्नो लगानीअनुसार कमाइ गर्न निकै सहज छ। त्यसैले, विदेशी मुलुकहरूले समेत तिनलाई तान्न सक्दो कोसिस गरिरहेका छन्।

यसले नेपाली स्वास्थ्य क्षेत्रमा कस्तो प्रभाव पार्ला ?

अहिलेकै अवस्थामा नेपालमा दक्ष मेडिकल जनशक्तिको कमी छ। यसरी निरन्तर दक्ष जनशक्ति बाहिरिन थाल्यो भने सरकारले प्रत्येक पालिकासम्म पुऱ्याउने भनिएका अस्पतालमा जनशक्ति व्यवस्थापन गर्न निकै कठिन हुन्छ। यस क्षेत्रमा जनशक्ति अभाव झन् बढ्छ।

बिदेसिने जनशक्तिलाई यतै रोक्न या बिदेसिएका जनशक्तिलाई स्वदेश फर्काउन सकिन्न ?

यसका लागि राज्यले प्रस्ट नीति ल्याउन सक्नुपर्छ। देशमै पेसागत सुरक्षाको वातावरण बनाउनुपर्छ। 'मिडिल एज'मा पेसागत दक्षता अभिवृद्धि गर्न विदेश जाने जनशक्ति आफैं फर्किन्छन्। तर, कम उमेरमै बिदेसिने जनशक्तिले उतै भविष्य सुरक्षित र यता असुरक्षा मात्र देख्छन्। त्यसैले, उनीहरूलाई फर्काउन कठिन छ।

प्रेरक प्रसंग

बालक र टाटाको संवाद

एक टेलिभिजन साण्क्षात्कारमा भारतीय अर्बपति रतन टाटासँग पत्रकारले सोधिन्- तपाईंलाई जीवनमा सबैभन्दा बढी खुसी कहिले र के कुराले गराएको छ ? एकछिन सोचेर टाटाले भने- म मेरो जीवनमा खुसीका चार चरणको कुरा गर्छु। पहिलो चरण- धन कमाउने र धन संग्रह गर्ने। यस चरणमा मलाई त्यो खुसी मिलेन, जुन म चाहन्थें। दोस्रो चरण : बहुमूल्य सामान अथवा वस्तुको संग्रह गर्ने। मलाई बिस्तारै महसुस भयो, यो पनि अस्थायी सुख हो। मूल्यवान् वा महँगा सामानको चमक लामो समय टिक्दैन। तेस्रो चरण- ठुल्ठूला प्रोजेक्ट प्राप्त गर्ने। ती परियोजनामा काम गर्ने, मनग्य आम्दानी गर्ने। त्यतिबेला भारत र अफ्रिकामा डिजेल आपूर्तिको ९५ प्रतिशत हिस्सा मेरो हातमा थियो। म भारत र एसियामै सबैभन्दा ठूलो इस्पात कारखानाको मालिक थिएँ। तैपनि, मलाई त्यो खुसी प्राप्त भएन, जुन कल्पना गर्थें।

चौथो चरण- मेरा एकजना मित्रले केही फरक क्षमता भएका बच्चाको सहयोगका लागि ह्विलचेयर खरिद गर्न अनुरोध गरे। लगभग दुई सय बच्चाका लागि ह्विलचेयर खरिद गरियो। मेरा मित्र ह्विलचेयर हस्तान्तरण गर्न मै त्यहाँ उपस्थित हुनुपर्छ भन्ने चाहन्थें। म मित्रका साथ त्यहाँ गएँ र ह्विलचेयर प्रदान गरें। ह्विलचेयर पाएपछि ती बच्चाको अनुहारमा खुसीको अद्भूत चमक देखियो। ह्विलचेयरमा बसेर बच्चाहरू यताउता कुदेको दृश्यले बडो भावुक बनायो।

मलाई त्यो दिन जीवनको वास्तविक खुसी मिलेको महसुस भयो। कार्यक्रम सकेर म त्यहाँबाट बाहिरिने वेलामा एकजना बच्चाले मेरो पाइन्टमा समाए र मसँग केही बोल्न खोजे। मैले तिनलाई सोधें- तिमीलाई थप केही चाहियो ? जवाफमा ती बच्चाले मलाई जे भने त्यसले जीवनप्रतिको मेरो दृष्टिकोण नै बदलिदियो। ती बच्चाले भने- सर, म तपाईंको अनुहार याद राख्न चाहन्छु। जब कुनै दिन तपाईंसँग स्वर्गमा मेरो भेट हुनेछ, त्यतिबेला पनि तपाईंलाई चिनेर मैले पुनः धन्यवाद दिन सकूँ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

भण्डारीको महत्त्वाकांक्षा

तात्कालीन एमालेभित्र राष्ट्रपतिका लागि अन्य प्रभावशाली नेताको दाबीका बाबजुद पार्टीको एउटा खेमाले विद्यादेवी भण्डारीलाई राष्ट्रपतिमा स्थापित गरायो। त्यसपछि तत्कालीन एमाले र माओवादीबीचको एकताले बनेको शक्तिशाली सरकारले समेत उनलाई दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित गर्दा राष्ट्रहित प्रतिकूल हुने गरी संसद्बाट प्रमाणीकरणका लागि पेस भएको नागरिकता ऐनलाई फिर्ता पठाई केही हदसम्म आफ्नो साखलाई कायम राख्न उनी सफल भइन्। अहिले फेरि पूर्वराष्ट्रपतिको हैसियतमा उनलाई राष्ट्रले उपलब्ध गराएको सेवा-सुविधालाई नजरअन्दाज गरी कसैको उक्साहटमा पार्टी विशेषको कार्यक्रममा सहभागिता जनाई सांकेतिक रूपमा देखाएको सक्रियतासहितको भण्डारीको महत्त्वाकांक्षाले नेपालको राजनीति पुनः एकपटक तरंगित भएको छ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

स्वास्थ्य जनशक्ति बिदेसिन नदेऊ

नेपालमा उत्पादित ५० प्रतिशतभन्दा बढी स्वास्थ्य जनशक्ति बर्सेनि बिदेसिने गरेको समाचार पढ्दा दुःख लाग्यो। देशमा आवश्यक स्वास्थ्य जनशक्तिको अभाव भइरहेको समयमा यसरी देशका लागि अत्यावश्यक जनशक्ति बिदेसिँदा पनि राज्यले तिनलाई रोक्ने प्रभावकारी नीति ल्याउन किन सकिरहेको छैन ? के राज्यले तिनलाई यतै आकर्षित गराउन सक्दैन ? के उत्पादित जनशक्तिलाई समेट्ने गरी स्वास्थ्य जनशक्तिको दरबन्दी व्यवस्था गर्न सक्दैन ?

● **सूर्यकुमार यादव**
टेकु, काठमाडौं

पीडितलाई सहयोग गर

आगलागीले गहुँबाली सखाप भएपछि पीडितलाई दैनिक गुजाराकै लागि पिरलो बढेको समाचार पढियो। यसरी आफूले लगाएको बाली भित्र्याउनसमेत नपाउँदै खेतमै आगलागी भएपछि किसानको बिचल्ली भएको छ। तर, तीन तहमा रहेका अनेक नामधारी सरकारले पीडामा रहेका किसानलाई राहत दिने विषयमा खासै चासो दिएको नदेखिनु भने गम्भीर विडम्बना बनेको छ। त्यसैले, क्षतिको विवरण संकलन गरी पीडितलाई सहयोग गर।

● **गौरव दाहाल**
नेपालगन्ज, बाँके

कांग्रेसको धारणा के हो ?

गत साता नेपालका प्रमुख सञ्चारमाध्यममा प्रकाशित तीन मुख्य समाचारका विषय कांग्रेसका सांसद मात्र थिए। सांसद टेकबहादुर गुरुङ, दीपक खड्का र मोहमद अफताब आलमका गलत काम र आचरणले छापाका पाना भरिएका थिए। तैपनि, कांग्रेसले आजसम्म एक शब्द पनि बोलेको छैन। आगामी दिनमा गलत काम गर्नेहरूलाई राजनीतिक टिकट दिँदैनौं, संरक्षण गर्दैनौं भनेर जनतालाई आश्वस्त पार्ने काम उसले गरेको छैन। जल्दाबल्दा इस्युमा सम्बन्धित पार्टीका धारणा नआउँदा त्यो पार्टी मृतसरह मानिन्छ । जीवन्त पार्टीमा यस्ता विषयमा पार्टीभित्र छलफल गरिन्छ, प्रतिक्रिया दिइन्छ। कांग्रेस यसैमा चुकेको छ। आफ्नो पार्टीका सांसदको खराब काममा बोल्न नसक्ने पार्टीलाई केवल अर्को पार्टीका सांसदबारे बोल्ने र संसद् अवरुद्ध गर्ने नैतिक अधिकार हुँदैन। कांग्रेसले यसबारे हेक्का राखोस्। कांग्रेसले मात्र होइन, एमालेले पनि हत्या अभियोग लागेका लक्ष्मी महतो कोइरीलाई टिकट दिएर जनभावनाको अपमान गरेको थियो। यो संयोग हो कि राजनीतिक पार्टीहरूको खोटो नियत ? जे भए पनि यो एक गम्भीर र चिन्ताजनक विषय हो। किन हाम्रा कानुन निर्माता सांसद यसरी दिनहुँ समाचारका शीर्षक बन्छन् ? उनीहरूको भ्रष्ट आचरण मात्र यसको कारण हो कि हाम्रा राजनीतिक पार्टीहरूले गलतलाई गलत भन्न नसक्ने र भ्रष्टलाई संरक्षण गर्ने प्रवृत्तिले गर्दा भएको हो ? यसमा गम्भीर ढंगले मनन गरी नीति बनाउनुपर्छ। आचारसंहिता बनाउनुपर्छ। दलहरूले कानुनका छिद्र खोजेर भ्रष्ट नेतालाई बचाउन खोजे पनि आमजनताले तिनलाई स्विकार्दैनन्।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं

प्यालेस्टाइनबारेको धारणा परिवर्तन हुँदै छ पश्चिममा

इजरायलको क्रूरताले पश्चिममा प्यालेस्टाइनी जनताको पीडाप्रतिको उदासीनतालाई अन्त्य गरेको छ



देश / विदेश

● ओथम्यान मोक्बेल

लामो समय पश्चिमका अधिकांश मानिस प्यालेस्टाइनी भूमिको कब्जाबाट सिर्जित मुद्दामा संलग्न भएनन्। कब्जाको मुद्दा हरेक वर्ष एक वा दुई दिनका लागि समाचार बन्थे र हराउँथे। यो जटिल विषय हो भन्ने थाहा पाएकाहरू भावुकसम्म हुन्थे। केही तटस्थ नै रहन खोज्थे। धेरैचाहिँ प्यालेस्टाइनीमा नै खोट देख्थे। तर, विगत ६ महिनादेखि जारी गाजामाथिको आक्रमणलाई परिभाषित गर्ने क्रूरताको परिमाण र भयावहताले प्यालेस्टिनी जनताको पीडाप्रति व्यापक उदासीनतालाई अन्त्य गरेको छ। अलजजिरा र प्यालेस्टाइनी पत्रकारजस्ता समाचार संस्थाहरूको निडर रिपोर्टिङका स्थलगत मिडिया कभरेजले गाजा र प्यालेस्टाइनका मानिसले पुस्तौंदेखि सहनुपरेको वास्तविकताप्रति सबैको आँखा खोलेको छ।

गाजामा काम गरिरहेको र बेलायतका नीति-निर्माताहरूलाई प्रभावित गर्ने एउटा प्रमुख गैरसरकारी संस्था 'एक्सन फर ह्युम्यानिटी'मा गरेको 'युगभ' सर्वेक्षणमा ५६ प्रतिशत बेलायती अहिले इजरायललाई हतियार निर्यात रोक्ने पक्षमा रहेको पायौं। केवल १७ प्रतिशत मात्रै विपक्षमा देखिए भने बाँकीलाई द्विविधामा रहेको पायौं।

यो निकै ठूलो कुरा हो। हामीले वर्षौंदेखि सिरिया र यमनजस्ता द्वन्द्वबारे जनमत सर्वेक्षण गर्दै आएका छौं। बेलायती जनतालाई कहिल्यै पनि द्वन्द्वबारे यत्तिको सचेत पाएका थिएनौं। यसबाहेक, ५९ प्रतिशत उत्तरदाताले इजरायलले गाजामा मानवअधिकार उल्लंघन गरिरहेको बताएका थिए। यो भनेको लगभग पाँचजनामा तीनजना हो। केवल १२ प्रतिशतले मात्र यस्तो नभएको महसुस गरेका थिए।

उल्लेखनीय के भने यो सर्वेक्षण अप्रिल १ मा वर्ल्ड सेन्ट्रल किचनका सहायताकर्मीको हत्या हुनअघिको हो। अप्रिल १ को घटनाले विश्वलाई नै स्तब्ध बनाएको छ। युके र अमेरिकी सरकारहरू पनि स्तब्ध बने। सहायताकर्मीमाथिको आक्रमणको व्यापक निन्दाले युद्धको भयावहतालाई महसुस गर्ने र आफ्नो मुलुक यसको हिस्सा हुनुहुँदैन भन्नेहरूको संख्या पर्याप्त बढेको विश्वास गर्न सकिन्छ।

युगोभको अर्को सर्वेक्षणले के देखाएको छ भने गाजामाथिको यो युद्ध जति लामो समय चलिरहन्छ, त्यति नै धेरै मानिस युद्धविरामको पक्षमा हुँदै जानेछन् (यस्तो संख्या नोभेम्बरमा ५९ प्रतिशतबाट फेब्रुअरीमा ६६ प्रतिशत पुगेको पाइयो)। गाजामा भएको आक्रमण न्यायोचित नभएको ठान्नेहरूको संख्या बढ्नेछ (नोभेम्बरमा ४४ प्रतिशतबाट फेब्रुअरीमा ४५ प्रतिशत)। शान्तिवार्ता चाहनेहरूको संख्या बढ्नेछ। यही प्यार्टन हामीले पश्चिमा जगत्मा देखिरहेका छौं। विश्वव्यापी मञ्चमा इजरायलको सबैभन्दा ठूलो समर्थक अमेरिकामा ह्वाइट हाउस प्रशासनलाई बढ्दो गैरसैन्य मृत्युको संख्यालाई न्यायोचित साबित गर्ने हम्मे मात्रै परिरहेको छैन, सरककारको रबैयाप्रति जनताले असहमति जनाउने क्रम पनि बढिरहेको छ। सिबिएस/युगोभको एक सर्वेक्षणले अक्टोबरमा ४७ प्रतिशत अर्थात् करिब आधा अमेरिकीले इजरायललाई हतियार पठाउन कुरामा समर्थन गरेको देखाएको थियो, जबकि यो महिना यो संख्या घटेर ३२ प्रतिशतमा झरेको छ।

हामी के विश्वास गर्छौं भने अहिले पश्चिमका जनताको बहुमत गाजा, वेस्ट बैंक र जेरुसेलममा



तस्बिर : एपी/अल्बर्टो पेज्जाली

भइरहेको मानवताविरुद्धका अपराधबारे बढीभन्दा बढी सचेत हुँदै गइरहेको छ। धेरैभन्दा धेरै मानिस पूर्ण रूपमा स्तब्ध छन्। कुनै समय गाजामा भएका ठूलो संख्यामा नागरिकको मृत्युलाई न्यायोचित महसुस गर्नेहरूले पनि अहिले गाजामा जे भइरहेको छ, त्यसलाई पृथ्वीका कुनै पनि कुराले सही ठहऱ्याउन सक्दैन भन्ने महसुस गर्न थालेका छन्। यो संख्या बढ्दो छ। दुःखको कुरा, पश्चिमा सरकारका राजनीतिज्ञ आफ्ना जनताको चाहना र भावनासँग पूर्णतया उदासीन छन्। यो नैतिक रूपमा निन्दनीय मात्र होइन, राजनीतिक रूपमा अदूरदर्शी पनि छ।

सन् २०२४ लाई 'चुनावको वर्ष' भनिएको छ। यो वर्ष विश्वका कम्तीमा ४९ प्रतिशत मानिसले कुनै न कुनै बिन्दुमा मतदान गर्दै छन्। गाजामा भइरहेको मानवअधिकार उल्लंघनलाई रोक्न सहजीकरण गरून् भन्ने आफ्ना जनताको चाहना बेवास्ता गर्ने राजनीतिज्ञले चुनावी हारको सामना गर्नुपर्ने हुन सक्छ। बेलायतमा लेबर पार्टी, जसले अगामी सरकार बनाउने विश्वास गरिन्छ, ऊ इजरायललाई हतियार सहयोग बन्द गर्नुपर्ने जनआवाजका पछाडि छ। हाम्रो सर्वेक्षणमा अर्को चुनावमा लेबरलाई मतदान गर्न चाहने ७१ प्रतिशतले युके सरकारले इजरायललाई अनुदान दिन रोक्नुपर्ने बताए।

गाजामा के भइरहेको छ भन्ने कुरामा आमजनताले ध्यान नदिएको र उनीहरूलाई झुटमा अलमल्याउन सकिएका कारण दशकौंदेखि पश्चिमा देशहरू प्यालेस्टाइनीविरुद्धका दुर्व्यवहारलाई उन्मुक्तिसहित समर्थन गर्न सक्षम भइरहेका थिए। इजरायलले गाजामा क्रूर र बर्बरतापूर्वक युद्ध चलाइरहेको कारण यो विषयमा जनअपेक्षा अब समाप्त भएको छ।

मानवताका सबै स्वरूप जहाँका मानिसका लागि पनि आधारभूत कुरा हो। अधिकांश मानिस शान्ति र न्यायमा विश्वास गर्छन्। उनीहरूलाई निर्दोषहरूको हत्या गर्नु गलत हो भन्ने थाहा छ। अहिले विश्वले गाजामा ध्यान दिन थालेको छ। प्यालेस्टिनीहरू कति अप्राकृतिक, कति भयानक वास्तविकता सहन बाध्य छन् भन्ने कुरा सबैले देख्न पाएका छन्। अब उनीहरू यो चाहँदैनन्।

(मोक्बेल एक्सन फर ह्युम्यानिटीका सिइओ हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चुनावी निष्पक्षतामाथि 'इन्डिया' गठबन्धनको संशय

अधिकार समूह एम्नेस्टी इन्टरनेसनलले पनि विपक्षीमाथिको दमन 'संकटको विन्दु'मा पुगेको



विपक्षीमाथि भइरहेको धरपकड र थुनाबीच भारतमा जारी निर्वाचन निष्पक्ष नहुने विपक्षी गठबन्धन र त्यसमा आबद्ध नेताहरूले मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) सरकारको आलोचना गरेका छन्। भाजपा लगातार तेस्रोपटक निर्वाचन जित्ने दाउमा छ। चुनावअगाडि भइरहेका विभिन्न मत सर्वेक्षणले पनि भाजपा तेस्रोपटक विजय हुने प्रक्षेपण गरेका छन्। तर, विपक्षी गठबन्धनले मोदी सरकारले विपक्षीलाई दमन गरेर अगाडि बढेको भन्दै चुनावी निष्पक्षमाथि प्रश्नचिह्न उठाउन थालेका छन्।

मुख्य विपक्षी कांग्रेस, साना र क्षेत्रीय दल मिलेर बनेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (आइएनडिआइए)ले सरकारले निर्वाचनलाई प्रभाव पार्न अनुसन्धान एजेन्सीको प्रयोग गरेको आरोप लगाएको छ। तर, मोदीले त्यस्ता दाबीलाई केवल 'बहाना' भन्दै अस्वीकार गरेका छन्।

चुनावको मुखमा सरकारले मुख्य विपक्षी व्यक्तित्वहरू जस्तैः दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल र झारखण्ड राज्यका पूर्वमुख्यमन्त्री हेमन्त सोरेनलाई भ्रष्टाचारको आरोपमा पक्राउ गरेको थियो। तर, विपक्षीले उनीहरूमाथि लगाएको अभियोग आधारहीन र राजनीतिक रूपमा प्रेरित भनिरहेका छन्। सरकारका कट्टर आलोचकहरूमध्येका एक केजरीवाललाई चुनाव सुरु हुनुभन्दा एक महिनाअघि नै हिरासतमा लिइयो र विपक्षी गठबन्धनलाई यसको सबैभन्दा प्रमुख र लोकप्रिय प्रचारकबाट वञ्चित गरियो।

एक दशकअघि भाजपा सत्तामा आएदेखि, १०० भन्दा बढी राजनीतिज्ञहरूमाथि भारतका संघीय एजेन्सीहरूले छानबिन गरिसकेका छन्। तीमध्ये ९५ प्रतिशत विपक्षी रहेका इन्डियन एक्सप्रेसले रिपोर्ट गरेको छ। पत्रिकाका अनुसार धेरैले पछि भाजपाप्रति निष्ठा बदले। भ्रष्टाचारको आरोपमा अनुसन्धानमा रहेका २५ विपक्षी नेताहरूमध्ये २३ जनाविरुद्धको मुद्दा खारेज गरिएको थियो। कांग्रेस नेताहरूले फेब्रुअरीमा आफ्नो पार्टीको बैंक खाता फ्रिज गरिएको र मोदी सरकारले कर विभागको प्रयोग गरी चुनावअघि उनीहरूलाई आर्थिक अभावको सिर्जना गरेको आरोप लगाएका थिए। तर, कर विभागले ती दाबी अस्वीकार गरेको छ।

डिसेम्बरमा १४० भन्दा बढी संघीय विपक्षी सांसदहरूलाई सुरक्षा उल्लंघनको विरोधमा संसद्‌बाट केही समयका लागि निलम्बन गरिएको थियो। सोही महिना विपक्षी सांसद र मोदी आलोचक महुआ मोइत्रालाई प्रश्न सोध्ने बदलामा घुस लिएको आरोपमा संसद्‌बाट निष्कासन गरिएको थियो। निलम्बित सांसद मोइत्राले आफूलाई प्रमाणविना निष्कासन गरिएको बताउँदै आएकी छिन्। गत वर्ष कांग्रेस नेता राहुल गान्धीलाई आपराधिक मानहानी मुद्दामा तीन महिनाका लागि सांसदको रूपमा अयोग्य घोषित गरिएको थियो। तर, पछि अदालतले उनको सजाय रोक्यो। 'भारत संसारको सबैभन्दा ठूलो प्रजातन्त्र हो भन्ने धारणा पूर्ण भ्रुट हो' गान्धीले पार्टीको फ्रिज गरिएको बैंक खाता सार्वजनिक गर्न मार्चमा पत्रकार सम्मेलनमा भनेका थिए। कांग्रेस शीर्ष नेतृत्वलाई 'ऐतिहासिक हार' को डर भएकाले 'भारतीय लोकतन्त्र र संस्थाविरुद्ध' उभिएको भाजपाले आरोप लगायो। अधिकार समूह एम्नेस्टी इन्टरनेसनलले आमचुनाव हुनुअघि विपक्षीमाथिको दमन 'संकटको विन्दु'मा पुगेको बताएको छ।

- एजेन्सी

इतिहासमा आज

अप्रिल २९



सन् १९४५ : आत्महत्या गर्नुभन्दा एक दिनअघि एडोल्फ हिटलर र इभा ब्राउनले विवाह गरे। सोही दिन अमेरिकी सेनाले म्युनिखनजिकैको डाचाउ यातना शिविरलाई मुक्त गरेको थियो।

सन् १९४५ : इटालीमा जर्मन सेनाले सहयोगीहरूसँग विनासर्त आत्मसमर्पण गर्‍यो।

सन् १९९१ : बंगलादेशमा आएको विनाशकारी आँधीका कारण करिब एक लाख ४० हजार जनाको मृत्यु। आँधीका कारण लाखौँ विस्थापित भएका थिए।

सन् १९९२ : लस एन्जलसमा घातक दंगा भड्कियो। रोडनी किङलाई निर्मम कुटपिट गरेको आरोप लागेका लस एन्जलसका चारजना प्रहरी अधिकारीलाई सफाइ दिएपछि सुरु भएको दंगामा ५३ जनाको मृत्यु भएको थियो।

सन् १९९७ : रासायनिक हतियार महासन्धि कार्यान्वयनमा आयो। हतियार नियन्त्रण सन्धिले रासायनिक हतियारको उत्पादन, भण्डारण र प्रयोगलाई निषेध गरेको छ। यसलाई हालसम्म करिब १९० देशले अनुमोदन गरिसकेका छन्।

सन् २०११ : बेलायती सिंहासनमा दोस्रो स्थानमा रहेका वेल्सका राजकुमार विलियमले आफ्नी पुरानो प्रेमिका क्याथरिन मिडलटनसँग एक भव्य समारोहबीच विवाह गरे।

Government of Nepal (GoN)
Ministry of Health & Population
Sushil Koirala Prakhar Cancer Hospital

Bid Amendment for the SKPCH/GOODS/02/080/081 has been published. For more information visit https://www.bolpatra.gov.np/egp.

Infrastructure Development office
Kavrepalanchowk
Amendment
Date of published: 2081.01.17

Due to Technical Reasons, the following amendment /corrections has been made for invitation for bids Contract ID IDOKAVRE/W/NCB/57/080/081 Published in Nayapatrika National Daily on 2081-01-16.

	Printed As	Corrected As
Minimum work experience of similar size and nature	Not applicable	At least one(1)construction /upgradation Of road contract within the last ten (10)years, with a value of at least NRs.16million

गौरी गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चावहिल,गौरीनगर, काठमाडौं, फोन नं. : ०१-४११ ४६१६

प्रकाशित मिति : २०८१।०१।१७

कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सुचना

यस सहकारी संस्थाबाट विभिन्न उद्देश्यका लागि कर्जा लैजानु हुने देहाएका सदस्यहरुलाई कर्जाको सावा ब्याज र हर्जाना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित जानकारी एवं तरताकेता गर्दा पनि कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाउनु भएको हुदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पुर्ण सावा ब्याज संस्थामा बुझाउन आउनु होला। अन्यथा सहकारी ऐन २०७४ नियमावली २०७५ तथा संस्थाको नियम र ऋण निति अनुसार कानून बमोजिम तपाईले यस संस्थामा राखेको धितो लिलाम गरी असुल उपर गर्ने तर्फ कावार्हि अगाडि बढाइने कुरा यसै सूचनाद्धारा सुचित गरिन्छ।

ऋणीको बिबरण



श्याम बहादुर खडका
बुवाको नाम :खम बहादुर खडका
बाजेको नाम : दल बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता: विमल राज पाण्डे

ऋणीको बिबरण



इश्वरी खड्का
पतिको नाम : श्याम बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता: विमल राज पाण्डे
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक

ऋणीको बिबरण



संजीव निरौला
बाबुको नाम : भरतमणी निरौला
बाजेको नाम : भानुभक्त निरौला
ठेगाना : ताप्लेजुगं दोखु-९
हाल मोरगं लेटागं-७

ऋणीको बिबरण



राजु संगत
बुवाको नाम :एकादशी संगत
ठेगाना : इटहरी नपा, सुनसरी
जमानतकर्ता साबित्री अधिकारी
पकली ३ सुनसरी

ऋणीको बिबरण



नरेन्द्र पासवान
बाबुको नाम : कमल देव हजरा
बाजेको नाम: घरखन हजरा
ठेगाना : रौतहट, हजमिनीया -९
जमानतकर्ता : गीता पासवान

ऋणीको बिबरण



कल्पना श्रेष्ठ
बुवाको नाम : बद्री कुमार श्रेष्ठ
पतिको नाम : मिन लाल श्रेष्ठ
ठेगाना : सिन्धुली, बसेश्वर
हाल: मध्यपुर ठिमी भक्तपुर

ऋणीको बिबरण



उज्वल माझी
बुवाको नाम : लाल बहादुर माझी
बाजेको नाम : कुल बहादुर माझी
ठेगाना :कमलामाई नपा -१, सिन्धुली
हाल : गौरीघाट, चावहिल

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०१/१७

यस बैंकको शाखा कार्यालय कटहरी, मोरङ्गबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

श्री वैरीलाल सरदार को नाती, श्री विमल सरदार को छोरा, श्रीमती मुर्ति कुमारी सरदार को श्रीमान, मोरङ्ग जिल्ला, ग्रामथान गा.पा.वडा नं. २ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्री **आनन्द सरदार** (ना.प्र.नं. ०५-०१-७७-०१४३३, जारी मिति २०७७/०६/१८, जि.प्र.का. मोरङ्ग)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री दान्ने लाल सरदार की छोरी, श्री आनन्द सरदार की श्रीमती, मोरङ्ग जिल्ला, भौंडाहा गा.वि.स.वडा नं. ८ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्रीमती **मुर्ति कुमारी सरदार** (ना.प्र.नं. ०५-०१-७३-०८९७६, जारी मिति २०७३/१०/०२, जि.प्र.का. मोरङ्ग)
२. श्री सुकरैत सरदार वाँतर को नाती, श्री वैरीलाल सरदार वातर को छोरा, श्रीमती मुर्तिदेवी सरदार को श्रीमान, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्री **विमल सरदार** (ना.प्र.नं. ०५/४९२८०, जारी मिति २०५७/२/१६, प्रतिलिपि मिति २०६८/१/२९, जि.प्र.का. मोरङ्ग)
३. श्री रसविहारी सरदार वाँतर की छोरी, श्री विमल सरदार की श्रीमती, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्रीमती **मूर्तिदेवी सरदार** (ना.प्र.नं. ०५१०१५/२८५, जारी मिति २०६८/१/२९, जि.प्र.का. मोरङ्ग)
४. श्री कस्तु सरदार को नाती, श्री सुकरैत सरदार वाँतर को छोरा, श्रीमती सुकमतिया सरदार को श्रीमान, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्री **वैरीलाल सरदार** (ना.प्र.नं. १५३, जारी मिति २०२८/४/१०, जि.प्र.का. मोरङ्ग)
५. श्री सुकरैत सरदार वातर को नाती, श्री वैरीलाल सरदार को छोरा, श्रीमती लक्ष्मी कुमारी सरदार को श्रीमान, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्री **कमल कुमार सरदार** (ना.प्र.नं. ६६६१२, जारी मिति, २०५९/१/२६, जि.प्र.का. मोरङ्ग)
६. श्री जैलाल सरदार की छोरी, श्री कमल कुमार सरदार की श्रीमती, मोरङ्ग जिल्ला, झोराहाट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला ग्रामथान गा.पा.वडा नं. २ बस्ने श्रीमती **लक्ष्मी कुमारी सरदार** (ना.प्र.नं. ०५१०१५/२६१, जारी मिति २०६८/१/५, जि.प्र.का. मोरङ्ग)

२. ऋणीको नाम : रिलाइवल केवल

रजिष्टर्ड ठेगाना : टंकिसिनवारी गा.वि.स. वडा नं. १, मोरङ्ग
रजिष्ट्रेसन नं. : १००२१/२०६८/०६९ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्ग, विराटनगर)
रजिष्ट्रेसन मिति : २०६८/१०/२४
पान नं. : ३०३९८९१५४

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री अनुप लाल मण्डल को नाती, श्री विनोद मण्डल को छोरा, श्रीमती नेहा नायक को श्रीमान, मोरङ्ग जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. १५ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ बस्ने श्री **राजन कुमार मण्डल** (ना.प्र.नं. ८३३१०, जारी मिति २०६४/०१/१०, प्रतिलिपि मिति २०६८/१२/२९, जि.प्र.का. मोरङ्ग)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री जहरु साह सुडी की छोरी, श्री विनोद मण्डल की श्रीमती, मोरङ्ग जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. १९ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ बस्ने श्रीमती **मीना देवी मण्डल** (ना.प्र.नं. २६०७६, जारी मिति २०५२/१२/२३, प्रतिलिपि मिति २०७३/७/५, जि.प्र.का. मोरङ्ग)
२. श्री अनुप लाल मण्डल को नाती, श्री विनोद मण्डल को छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. १५ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ बस्ने श्री **साजन कुमार मण्डल** (ना.प्र.नं. ०५-०१-६९-०५७३०, जारी मिति २०६९/०६/२४, जि.प्र.का. मोरङ्ग)
३. श्री अनुप लाल मण्डल को नाती , श्री विनोद मण्डल को छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. १५ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ बस्ने श्री **श्रवण कुमार मण्डल** (ना.प्र.नं. ०५-०१-७२-०९४२२ जारी मिति २०७२/१२/१, जि.प्र.का. मोरङ्ग)

३. ऋणीको नाम र ठेगाना

श्री जदुरा को नाती, श्री जलिल मिया को छोरा, श्रीमती जहिदा खातुन को श्रीमान, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स.वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्री **सैनुल मियाँ** (ना.प्र.नं. ७१५/०३७/३८ जारी मिति २०३७/०७/२०, प्रतिलिपी मिति २०७०/०९/२९, जि.प्र.का. मोरङ्ग)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री महमद इसाक मिया की छोरी, श्री हैरुल मिया की श्रीमती, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स.वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्रीमती **वसिरन खातुन** (ना.प्र.नं. ०५-१०-७०-००३२४, जारी मिति २०७०/१०/१६, जि.प्र.का. मोरङ्ग)
२. श्री जदुरा को नाती, श्री जलिल मिया को छोरा, श्रीमती वसिरन खातुन को श्रीमान, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स.वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्री **हैरुल मियाँ** (ना.प्र.नं. ज०५३००८/३८० जारी मिति २०६३/१०/११, जि.प्र.का. मोरङ्ग)
३. श्री अलाउदिन मिया की छोरी, श्री मो तैयव की श्रीमती, मोरङ्ग जिल्ला, डाइनीया गा.वि.स.वडा नं. ८ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्रीमती **सुहागी खातुन** (ना.प्र.नं. ०५-०२-७१-००७९४, जारी मिति २०७१/०५/२३, जि.प्र.का. मोरङ्ग)
४. श्री जलिल मिया को नाती, श्री सैनुल मियाँको छोरा, श्रीमती सुहागी खातुन को श्रीमान, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स.वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्री **मो. तैयव** (ना.प्र.नं.०५१००८/१४३५ जारी मिति २०६८/०८/२९, प्रतिलिपी मिति २०७०/६/१५, जि.प्र.का. मोरङ्ग)
५. श्री जलिल मिया को नाती, श्री सैनुल मियाँको छोरा, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स.वडा नं. ४ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्री **मो. कुदुस** (ना.प्र.नं.०५१००८/१४३६, जारी मिति २०६८/०८/२९, जि.प्र.का. मोरङ्ग)
६. श्री मजिर मिया की छोरी, श्री सैनुल मियाँकी श्रीमती, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ३ बस्ने स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ३ बस्ने श्रीमती **जहिदा खातुन** (ना.प्र.नं. २०१२३, जारी मिति २०७४/०७/१६ जि.प्र.का. मोरङ्ग)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सूचना

यस संस्थाबाट कर्जा लिनुभएकी **श्रीमती सारदा श्रेष्ठ**ज्यूबाट म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक रूपमा ताकेता गर्दासमेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा उपस्थित भई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याजसमेत कर्जा चुक्ता गरी आफ्नो धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित कर्जावाला श्रीमती **सारदा श्रेष्ठ** र जमानीकर्ता **संजय श्रेष्ठ**को जानकारीको लागि अनुरोध छ। उक्त समयभित्र उपस्थित भई कर्जा चुक्ता नगरेमा धितो लिलाम बिक्री भई जाने साथै लिलाम बिक्री हुन नसकेको धितो चल-अचल सम्पत्ति संस्थाको अनुकूलमा संस्था आफैंले सकार गरी लिन सक्ने व्यहोरासमेत जानकारी गराइएको छ।

यो सूचनाबमोजिम ३५ दिनभित्रमा कर्जा चुक्ता नभएमा संस्थामा धितो रहेको चल-अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना पत्रपत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ३६ दिनदेखि ५० औं दिनभित्र सम्बन्धित कार्यालय समयभित्र आइपुग्ने गरी निम्न सर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेस गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू बोलपत्र पेस भएको कार्यालयमा ५१ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ९:३० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुनसमेत जानकारी गराइन्छ। तर, बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

जग्गाको विवरण

क्र.स.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं	विवरण घर अवादी इत्यादि	कित्ता नं.	क्षेत्रफल	हकभोग /हिस्सा
१	भक्तपुर	नगरकोट	१ ग	आवादी	२२५	०-४-०-०	एकलौटी

ऋणीको विवरण



नामः सारदा श्रेष्ठ
ना.प्र.नं. २१०८६
जारी मिति : २०४२।०३।२८
जिल्ला : काठमाडौं
बाबुको नाम : नारायण बहादुर श्रेष्ठ
बाजेको नाम : राम काजी श्रेष्ठ
पतिको नाम : रत्न गोपाल श्रष्ठ
कर्जा सुविधा : व्यावसायिक कर्जा
स्थायी ठेगाना : कलंकी काठमाडौं, २
हालको ठेगाना : मीनभवन, काठमाडौं।

जमानीकर्ताको विवरण



संजय श्रेष्ठ
ना.प्र.प.नं. :
जारी मिति :
जिल्ला : काठमाडौं
बुबाको नाम : रत्न गोपाल श्रेष्ठ
बाजेको नाम : शिव गोपाल श्रेष्ठ
स्थायी ठेगाना : कलंकी काठमाडौं-२
हालको ठेगाना : मीनभवन, काठमाडौं

शुभटाइम्स बहुउद्देश्यीय सहकारी संस्था लि
काठमाडौं चाबहिल मुख्य कार्यालय, शाखा न्युरोड

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०१/३१ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय त्रिभुवनचोक, बाँकेबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुगे गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सके वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/अध्यक्ष/अ.प्रा.व्यक्तिको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नामः क्वालिटी केक एण्ड बेकरी उद्योग दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : ६४९/८९९१/०७७/०७८ दर्ता मिति : २०७७/०७/२० पान नं. ६१४१८०७४३ ठेगानाः नेपालगंज उप-महानगरपालिका वडा नं.०८, त्रिभुवन चौक, बाँके **अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानीकर्ताको नामः कात्यायनी बर्मा (कुर्मी)** बाबुको नाम : सुरेश कुमार बर्मा (कुर्मी) बाजेको नामः जोखन प्रसाद बर्मा ठेगानाः परसपुर-५, बाँके ना.प्र.नं.: ६६-०१-७०-०४२८१ जारी मिति :२०७०/०८/१० जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके **कर्जा शिर्षकः एस.एम.ई.अधिविकर्ष र व्यापार आवधिक कर्जा** **कर्जा लिएको शाखा : त्रिभुवनचोक, बाँके**	**क) नामः सुरेश कुमार वर्मा (कुर्मी)** बाबुको नामः जोखन प्रसाद वर्मा बाजेको नामः निम्बु कुर्मी ठेगानाः परसपुर-५, बाँके ना.प्र.नं.:१७३०५, जारी मितिः २०४६/०९/२५ जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके **ख) नामः काबेरी बर्मा (कुर्मी)** बाबुको नामः सुरेश कुमार बर्मा (कुर्मी) बाजेको नामः जोखन प्रसाद बर्मा ठेगानाः परसपुर-५, बाँके ना.प्र.नं.:६६१०३४/१६८, जारी मिति :२०६८/०४/१० जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके **ग) नामः कादम्बर बर्मा** बाबुको नामः सुरेश कुमार बर्मा (कुर्मी) बाजेको नामः जोखन प्रसाद वर्मा ठेगानाः नेपालगंज-२२, बाँके ना.प्र.नं.:६६-०१-७२-०२७१५ जारी मिति :२०७२/०४/१० जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके

सुरक्षणमा रहेको धितोको विवरणः

१. श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्री काबेरी बर्मा (कुर्मी) को नाममा दर्ता कायम रहेको बाँके जिल्ला, परसपुर-०५ स्थित कि.नं.१७३ को क्षेत्रफल ०-१-० (बि.क.धु) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्री सुरेश कुमार वर्मा (कुर्मी) को नाममा दर्ता कायम रहेको बाँके जिल्ला, परसपुर-०५ स्थित कि.नं. १७०, १०० र २१ को क्षेत्रफल क्रमशः ०-३-०, ०-१-१६ र ०-१-१२ (बि.क.धु) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. श्री मालपोत कार्यालय नेपालगंज, बाँकेमा श्री काबेरी बर्मा (कुर्मी) र श्री कात्यायनी बर्मा कुर्मीको संयुक्त नाममा दर्ता कायम रहेको बाँके जिल्ला, परसपुर-०५ स्थित कि.नं. १७७, १७४ र १७६ को क्षेत्रफल क्रमशः ०-२-६, ०-२-१० र ०-२-१९ (बि.क.धु) को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०१९-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०१९-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय त्रिभुवनचोक, बाँकेमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १७ वैशाख ०८१

बैंकिङ प्रणालीबाट बाहिरियो सात अर्ब निक्षेप

■ १० दिनमा बैंकिङ प्रणालीको अवस्था

मिति	कुल कर्जा प्रवाह	कुल निक्षेप	वाणिज्य बैंकको कर्जा प्रवाह	वाणिज्य बैंकको निक्षेप संकलन	कर्जा निक्षेप अनुपात (%)
४ वैशाख	५१ खर्ब ५ अर्ब	६१ खर्ब ३९ अर्ब	४५ खर्ब १६ अर्ब	५४ खर्ब २४ अर्ब	८०.८२
५ वैशाख	५१ खर्ब ५ अर्ब	६१ खर्ब ३८ अर्ब	४५ खर्ब १५ अर्ब	५४ खर्ब २२ अर्ब	८०.८२
६ वैशाख	५१ खर्ब ३ अर्ब	६१ खर्ब ३७ अर्ब	४५ खर्ब १४ अर्ब	५४ खर्ब २३ अर्ब	८०.८२
७ वैशाख	५१ खर्ब २ अर्ब	६१ खर्ब ४२ अर्ब	४५ खर्ब १३ अर्ब	५४ खर्ब २८ अर्ब	८०.७३
१० वैशाख	५१ खर्ब ४ अर्ब	६१ खर्ब २९ अर्ब	४५ खर्ब १४ अर्ब	५४ खर्ब १५ अर्ब	८०.९६
११ वैशाख	५१ खर्ब ३ अर्ब	६१ खर्ब २४ अर्ब	४५ खर्ब १३ अर्ब	५४ खर्ब ११ अर्ब	८०.९७
१२ वैशाख	५१ खर्ब ३ अर्ब	६१ खर्ब ३१ अर्ब	४५ खर्ब १३ अर्ब	५४ खर्ब १८ अर्ब	८०.८८
१३ वैशाख	५१ खर्ब २ अर्ब	६१ खर्ब ३२ अर्ब	४५ खर्ब १२ अर्ब	५४ खर्ब २० अर्ब	८०.८६

नयाँ पत्रिका

१० दिनमा बैंक तथा वित्तीय संस्थाबाट सात अर्ब निक्षेप बाहिरिएको छ । गत ४ वैशाखमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ६१ खर्ब ३९ अर्ब थियो । त्यसको १० दिनपछि १३ वैशाखमा निक्षेप संकलन घटेर ६१ खर्ब ३२ अर्ब कायम भएको छ । सो अवधिमा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह तीन अर्बले घटेको छ । ४ वैशाखसम्म ५१ खर्ब पाँच अर्ब कर्जा प्रवाह भएकोमा घटेर १० दिनपछि ५१ खर्ब दुई अर्ब कायम भएको छ ।

> १० दिनमा कर्जा प्रवाह तीन अर्बले घट्यो, वाणिज्य बैंकहरूबाट चार अर्ब निक्षेप बाहिरियो

निक्षेप बाहिरिनेमा सबैभन्दा ठूलो हिस्सा वाणिज्य बैंकको छ । वाणिज्य बैंकहरूबाट चार अर्ब निक्षेप बाहिरिएको छ । ४ वैशाखमा वाणिज्य बैंकहरूको निक्षेप संकलन ५४ खर्ब २४ अर्ब रहेकोमा १३ वैशाखमा ५४ खर्ब २० अर्ब कायम भएको छ । यस अवधिमा वाणिज्य बैंकहरूको कर्जाप्रवाह पनि चार अर्बले घटेको छ । ४ वैशाखमा ४५ खर्ब १६ अर्ब रहेको कर्जा प्रवाह घटेर १३ वैशाखमा ४५ खर्ब १२ अर्ब कायम भएको छ ।

निक्षेप बाहिरिने क्रम बढ्दै जाँदा कर्जा निक्षेपको अनुपातमा (सिडी रेसियो)समेत चाप पर्न थालेको छ । ४ वैशाखमा ८०.८२ प्रतिशत रहेको यस्तो अनुपात ११ वैशाखमा बढेर ८०.८६ प्रतिशत कायम भएको छ ।

१० दिनमा निक्षेप घटेको भए पनि पछिल्लो दुई दिनमा निक्षेपमा वृद्धि भइरहेको देखिन्छ । बैंकहरू निक्षेप संकलनमा ११ वैशाखसम्म ओरालो लागे पनि त्यसपछि बढेको हो । ४ देखि ११ वैशाखसम्म आइपुग्दा १३ अर्बले निक्षेप बाहिरिएको थियो । त्यसपछिको दुई दिनमा आठ अर्बले निक्षेप बढेको छ ।

मर्स्याङ्दी–काठमाडौं प्रसारणलाइन र मातातीर्थ सबस्टेसन सञ्चालनमा

दुई आयोजना उद्घाटन गर्दै प्रधानमन्त्रीले भने- देश विकासको युगमा अघि बढेको छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मर्स्याङ्दी नदी जलाधार क्षेत्रको जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन निर्माण गरिएको मर्स्याङ्दी-काठमाडौं दुई सय २० केभी डबल सर्किट प्रसारणलाइन तथा दुई सय २० केभी मातातीर्थ सबस्टेसन सञ्चालनमा आएको छ । २२०/१३२ केभी, तीन सय २० एमभिए क्षमताको मातातीर्थ सबस्टेसन काठमाडौं उपत्यकामा विद्युत् आपूर्तिका लागि सबैभन्दा ठूलो सबस्टेसन हो ।

आइतबार काठमाडौंको चन्द्रागिरिमा निर्माण गरिएको सबस्टेसन उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलविद्युत्को विकासमा गुणात्मक फड्को मारिरहेको तथ्यांकले नै पुष्टि गरिरहेको बताए । उनले देश विकासको युगतर्फ प्रवेश गरेकाले यसलाई सकारात्मक रूपमा लिएर अगाडि बढ्नुपर्ने बताए ।

उक्त अवसरमा प्रधानमन्त्री प्रचण्डले प्रसारणलाइनलगायत विकास आयोजनामा वन क्षेत्रको जग्गा प्रयोग र रुख कटानमा देखिएको समस्या समाधान गरी आयोजनाहरू अगाडि बढाउन विकासको साधक बन्न सम्बन्धित निकायलाई निर्देशन दिए । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत तीनै तहका सरकार र आम नेपालको लगानीमा जलविद्युत् आयोजना निर्माण अगाडि बढाउन लागिएको बताए ।



■ काठमाडौंमा विद्युत् आपूर्तिको मेरुदण्ड

मर्स्याङ्दी नदी जलाधार क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौ उपत्यकामा ल्याउन तनहुँको आँबुखैरेनीस्थित मार्किचोक सबस्टेसनबाट काठमाडौंसम्मको मर्स्याङ्दी-काठमाडौं दुई सय २० केभी डबल सर्किट प्रसारणलाइन निर्माण गरिएको हो । तनहुँ, गोरखा, चितवन धादिङ र काठमाडौंमा निर्माण गरिएका प्रसारणलाइनको लम्बाइ ८२ किलोमिटर छ । प्रसारणलाइनमा दुई सय ३३ वटा टावर निर्माण गरिएको छ । प्रसारणलाइनलाई हाल एक सय ३२ केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको छ ।

मर्स्याङ्दी-काठमाडौं र त्रिशूली-काठमाडौं प्रसारणलाइनबाट आएको करिब एक-एक हजार मेगावाट विद्युत् बाडभन्ज्याङमा आबद्ध भई त्यहाँबाट करिब दुई हजार मेगावाट विद्युत् मल्टिसर्किट प्रसारणलाइनमार्फत मातातीर्थ सबस्टेसनमा समाहित हुनेछ । मर्स्याङ्दी र त्रिशूली नदी बेसिनमा उत्पादित विद्युत् प्रवाह हुने भएकाले काठमाडौं उपत्यकाको भविष्यको विद्युत् मागलाई सम्बोधन गर्न र देशको समग्र विद्युत् प्रणाली सुधार गर्न प्रसारणलाइन तथा मातातीर्थ सबस्टेसन मेरुदण्ड हुने प्राधिकरणले जनाएको छ ।

नेपालका लागि नर्वेली राजदूत टोरुन ड्रामडालले विद्युत् प्रसारण र वितरण लाइन निर्माणमा नेपालले महत्त्वपूर्ण उपलब्धि हासिल गरिरहेको बताए । यस्ता पूर्वाधार निर्माणले खाना पकाउन प्रयोग हुने ग्यासको आयातलाई विस्थापित गरी उपभोक्तालाई सस्तो विद्युत् उपभोग गर्न प्रोत्साहित गर्ने उनले बताए ।

एसियाली विकास बैंकका उपाध्यक्ष यिङमिङ याङले प्रसारणलाइन तथा सबस्टेसन निर्माण ऊर्जा क्षेत्रको विकासमा महत्त्वपूर्ण कोसेढुंगा भएको बताउँदै ऊर्जा क्षेत्रको विकासमा सहयोग गर्न सधैं तयार रहेको बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वन कटानी तथा जग्गा प्राप्तिसम्बन्धी कार्यलाई सहज एवं छिटो-छरितो नबनाएसम्म विकास आयोजना पूर्वनिर्धारित समय र लागतभित्र सम्पन्न गर्न सम्भव नदेखिएको बताए ।

■ करिब आठ अर्ब लागत

नेपाल सरकार तथा प्राधिकरणको लगानी र नर्वे सरकारको अनुदान तथा एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा मर्स्याङ्दी-काठमाडौं प्रसारणलाइन आयोजना सुरु गरिएको हो । आयोजनाको लागत करिब आठ अर्ब रुपैयाँ रहेको छ । मर्स्याङ्दी-काठमाडौं प्रसारणलाइन निर्माणका लागि भारतीय कम्पनी टाटा प्रोजेक्टसँग १६ असार ०७३ मा ठेक्का सम्झौता भई भदौ ०७३ बाट निर्माण सुरु भएको थियो ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन: ०१- ४५२३४३२/३२/३४/३६

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/१७ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्रेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) र पुनः १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जेजस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा साझेदारी ऐन, २०२० बमोजिम मिति : २०६६/०२/२८ मा सा.फ.र.नं. ३५१४/०६६/६७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३०, असन स्थित **काबिन्द्र स्टोर** **प्रोप्राइटर : काबिन्द्र श्रेष्ठ**

संस्थागत जमानतकर्ताको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६६/०६/२१ मा दर्ता नं. ६६५७२/०६६/६७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४, स्थित **जेठ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. विर प्रसाद श्रेष्ठको नाति, भाई काजी श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २७ स्थित स्थायी ठेगाना भएको **काबिन्द्र श्रेष्ठ (ना.प्र.प.नं. ६६५, काठमाण्डौ)**

२. रत्न बहादुर श्रेष्ठको नाति, पूर्ण बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २७ स्थित स्थायी ठेगाना भएको **रबि कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. १०२३८, काठमाण्डौ)**

३. जित बहादुर श्रेष्ठको नाति, चन्द्र बहादुर श्रेष्ठको छोरा, भक्तपुर जिल्ला, बालकोट गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. १२, ठेकु बस्ने **राज कुमार श्रेष्ठ (ना.प्र.प.नं. ३६/०४१, भक्तपुर)**

४. तेज कृष्ण श्रेष्ठको नाति, शोभा कृष्ण श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सगुन कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ५५३३४, ललितपुर)**

धितोमा रहेको सम्पतिको विवरण

जेठ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित कित्ता नं. ५० को क्षेत्रफल ०-२-०-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०१/१७ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८१/०१/२३ गते आइतबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०१/२४ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सेयर कमिसन १० प्रतिशतले घट्ने

भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर लगानीकर्ताको प्रत्येक कारोबारबाट धितोपत्र बोर्ड र ब्रोकरले लिने कमिसनदर १० प्रतिशतले घटाउन अर्थमन्त्री वर्षमान पुनले स्वीकृति दिएका छन् । धितोपत्र बोर्डको कमिसन घटाउने प्रस्तावलाई अर्थमन्त्री पुनले सदर गरेका हुन् । बोर्डको आगामी बैठकले ब्रोकर कमिसन घटाउने विषयमा निर्णय गर्ने उच्च सम्भावना छ ।

एक वर्षअघि बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठको संयोजकत्वमा ब्रोकर कमिसन घटाउने विषयमा अध्ययन भएको थियो । सो समितिले हाल कायम कमिसन दर बढी भएको भन्दै १० प्रतिशतका दरले घटाउन सुझाव दिएको थियो । 'अध्ययन समितिको प्रस्तावअनुसार नै ब्रोकर कमिसन घटाउने गरी स्वीकृत भएको छ । त्यसलाई आउँदो बोर्ड बैठकबाट पास गरेपछि कार्यान्वयनमा लैजाने हो,' बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीले भने ।

बोर्डका अनुसार सेयर कारोबारमा रहेको अधिकतम ०.४० प्रतिशतको माथिल्लो सीमालाई घटाएर ०.३६ प्रतिशत र तल्लो सीमा ०.२७ प्रतिशतलाई पनि घटाएर ०.२४३ प्रतिशत कायम गर्ने प्रस्ताव छ । यसअघि १० पुस ०७७ मा ०.४० प्रतिशतदेखि ०.२७ प्रतिशतसम्म कमिसन दर निर्धारण गरिएको थियो । यो व्यवस्थाअनुसार हाल ५० हजारसम्मको कारोबारमा ०.४० प्रतिशत, ५० हजारदेखि पाँच लाखसम्मको कारोबारमा ०.३७ प्रतिशत, पाँच लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३४ प्रतिशत कमिसन शुल्क तोकिएको छ । त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्ममा ०.३० प्रतिशत र एक करोडमाथिको कारोबारमा ०.२७ प्रतिशतसम्म कमिसन ब्रोकरले लिन पाउँछन् ।

बोर्ड बैठकले नयाँ दर लागू गरेपछि भने ५० हजारसम्मको कारोबारमा ०.३६ प्रतिशत, ५० हजारदेखि पाँच लाखसम्मको कारोबारमा ०.३३ प्रतिशत, पाँच लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३०६ प्रतिशत कमिसन लाग्नेछ ।

■ नेप्से सूचक १४ अंकले बढ्यो

काठमाडौं/ साताको पहिलो कारोबार दिन आइतबार नेप्से सूचक १४ दशमलव ३३ अंकले बढेको छ । अघिल्लो साताभरिको कारोबारमा ६ अंकले घटेको नेप्से सूचक बढेर एक हजार नौ सय ८० दशमलव २७ विन्दुमा आइपुगेको छ ।

सरकारले ब्रोकर कमिसन घटाउने निर्णय गरेसँगै सेयर बजारमा सुधार आएको लगानीकर्ता ताराप्रसाद फुँयालले बताए । उनले भने, 'लामो समयदेखि उठाउँदै आएको विषयमा सम्बोधन हुन लागेको छ, यसले लगानीकर्तालाई उत्साहित बनाएको बजारबाटै देखियो ।'

आइतबार तीन सय आठ कम्पनीको ६८ लाख ७८ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा दुई अर्ब ६८ करोड रुपैयाँको कारोबार भएको छ । फाइनान्स समूहको सूचकमा लगानीकर्ता आकर्षित भएका छन् । नाफा कमाएका कम्पनीहरूको सेयर किनबेच बढेको छ । जसमा सर्वाधिक कारोबार गर्ने कम्पनीमा पोखरा फाइनान्स रहेको छ । कम्पनीको सेयर मूल्य नौ दशमलव शून्य २ प्रतिशतले बढ्दा सबैभन्दा धेरै कम्पनीको १३ करोड रुपैयाँको कारोबार भएको छ । त्यस्तै, मल्टी प्रपोज फाइनान्स कम्पनीको करिब ११ करोड रुपैयाँको कारोबार भएको छ । पिपुल्स पावर लिमिटेडको नौ करोड ८५ लाख रुपैयाँको कारोबार भएको छ । गोर्खाज फाइनान्स लिमिटेडको आठ करोड ५८ लाख रुपैयाँको कारोबार भएको छ ।

सर्वाधिक बढ्ने कम्पनीमा पोखरा फाइनान्स, प्रोग्रेसिभ फाइनान्स, श्री इन्भेस्टमेन्ट फाइनान्स, वेस्ट फाइनान्स कम्पनी र किसान लघुवित्त वित्तीय संस्थाको पाँच दशमलव ८३ प्रतिशतदेखि नौ दशमलव शून्य २ प्रतिशतसम्म बढेको छ ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ धितोपत्र बोर्डको कमिसन पनि १० प्रतिशतले घट्ने

धितोपत्र बोर्डले प्रत्येक कारोबारमा लिँदै आएको कमिसन पनि १० प्रतिशतले घट्ने भएको छ । बोर्डले सेवा शुल्कबापत ०.६ प्रतिशत नियमन शुल्क लिने गरेकोमा ०.५४ प्रतिशत मात्रै पाउने भएको हो । लगानीकर्ताले गर्ने कारोबारबापत धितोपत्र बोर्डले प्राप्त गर्दै आएको कमिसन त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्म ०.२७ प्रतिशत र एक करोडभन्दा माथिको कारोबारमा ०.२४३ प्रतिशतसम्म कमिसन तोकिने बोर्डले जनाएको छ ।

७ प्रतिशत घटाएको छ । बोर्डले लगानीकर्ताले गर्ने कारोबार रकमको ०.०१५ प्रतिशत कमिसन बोर्डले प्राप्त गर्दै आएको छ । अब प्रस्तावअनुसार कार्यान्वयनमा आएमा बोर्डले ०.०१४ प्रतिशत कमिसन प्राप्त गर्नेछ ।

अर्थमन्त्री पुनले तीनवटै निकायसँग गत २६ फागुनमा पुँजी बजार सुधारका लागि कार्ययोजना मागेका थिए । धितोपत्र बोर्डले पुँजी बजारसँग सरोकार राख्ने निकायसँग सुझाव मागेर अर्थ मन्त्रालयमा पेस गरेको थियो । उक्त सुझावमा ब्रोकर कमिसन घटाउनुपर्ने विषयलाई बोर्डले प्राथमिकताका साथ पेस गरेको थियो । लगानीकर्ताले पनि ब्रोकर संख्या थपिएपछि कमिसन घटाउनुपर्ने माग राख्दै आएका थिए ।

तर, अहिलेको बजारलाई हेरेर ब्रोकर कमिसन घटाउन नहुने भन्दै ब्रोकर कम्पनीहरूले भने विरोध जनाएका छन् । नेप्से सूचक दुई वर्षदेखि माथिल्लो विन्दुमा पुग्न नसकेको र औसत दुई अर्बभन्दा बढीको कारोबार हुन नसकेको अवस्थामा ब्रोकर कमिसन घटाउन नहुने स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले बताए ।

Samsi Rural Municipality
Office of the Rural Municipal Executive
Samsi, Mahottari

Letter of Intent (LOI)

Date of publication: 2081/01/17 or 29th April, 2024

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063) to all the concerned bidders that we are going to award following contracts (bid publication date 18/03/2024) to following bidders selected as substantially responsive lowest evaluated bid.

The details of the project are as follows:

S.N.	Contract No.	Description of work	Substantially responsive lowest evaluated bid.	Bid Amount including VAT & PS
1	SRMUN/NCB/SCHOOL/080/81-03	Ward 5 Pokharvinda School upgrading Works	Steel Builders, Mithila Bihari municipality ward no. 01, Dhanusha	NRS. 2061394.76
2	SRMUN/NCB/SCHOOL/080/81-04	Construction of New School Building at Janta Ma. Bi.	Chandra Consultancy and Construction Company, Mirchaiya, Sirha	NRS. 2439806.49

Chief Administrative Officer

गोगोरो क्रसओभर जिएक्स–२५० स्कुटर सार्वजनिक

नयाँ पत्रिका

नेपालमा गोगोरो क्रसओभर जिएक्स-२५० स्मार्ट स्कुटर सार्वजनिक भएको छ। ब्याट्री स्वापिङ इकोसिस्टममा विश्वकै अग्रणी कम्पनी गोगोरो आइएनसी नस्दाक : जिजिआर र नेबुला इनर्जीले गोगोरो ब्याट्री स्वापिङ र गोगोरो क्रसओभर जिएक्स-२५० स्मार्ट स्कुटर सार्वजनिक गरेका हुन्।

एक कार्यक्रमबीच नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ र गोगोरोका कार्यकारी यांग चेनले पहिलो गोगोरो ब्याट्री स्वापिङ सेवाको सुरुवात र अल्टिमेट दुईपांग्रे एसयुभी क्रसओभर स्मार्ट स्कुटर जिएक्स-२५० संयुक्त रूपमा सार्वजनिक गरेका हुन्। कम्पनीले पहिलो ब्याट्री स्वापिङ स्टेसन काठमाडौंको लाजिम्पाटस्थित आनन्द भवनमा खोलेको बताइएको छ।



कार्यक्रममा बोल्दै अध्यक्ष मनोज गोयलले गोगोरोको नवीन प्रविधि र दिगो गतिशीलतामार्फत नेपालको शून्य उत्सर्जन लक्ष्यप्रतिको आफ्नो संकल्प र दृष्टिकोण प्रस्तुत गरे। 'नेपालको दुईपांग्रे यातायात उद्योगको विद्युतीय रूपान्तरणलाई गति दिन समान दृष्टिकोण भएको नेबुला इनर्जीसँग साझेदारी गर्न पाउँदा हामीलाई गर्व छ,' उनले भने, 'नेपाल स्वच्छ ऊर्जा उत्पादन र उपयोगमा अग्रपंक्तिमा छ र दुई र चारपांग्रे सवारीसाधन अपनाउने कार्यलाई सक्रिय रूपमा प्रवर्द्धन गरिरहेको छ।'

गोगोरो र नेबुला इनर्जीले ल्याएको गोगोरो स्मार्ट ब्याट्रीमा केही सेकेन्डमै 'स्वाप एन्ड गो'को सुविधाजनक एक्सेस प्रदान गर्न गोगोरो ब्याट्री स्वापिङ अप्टिमाइज गरिएको छ। गोगोरोको नयाँ जिएक्स-२५० स्कुटर नेपालका राइडरका लागि फराकिलो सिट र स्टोरेज स्पेस तथा राम्रो ग्राउन्ड क्लियरेन्सका साथ अप्टिमाइज गरिएको बताइएको छ।

नेबुला इनर्जीले सुरुमा रणनीतिक बिटुबी साझेदारलाई ब्याट्री स्वापिङ सेवा प्रदान गर्ने र त्यसपछि हरेक दुई-तीन किलोमिटरमा एउटा स्टेसन उपलब्ध हुने गरी काठमाडौं उपत्यकावरपर 'गो स्टेसन' स्थापना गर्ने योजना रहेको बताएको छ।

कम्पनीले यसै वर्ष रिटेल र कर्पोरेट ग्राहकका लागि गोगोरो स्मार्ट स्कुटरका नयाँ मोडेलहरू पनि उपलब्ध गराउनेछ। स्कुटरहरू दसैँदेखि रिटेल ग्राहकका लागि बिक्रीका लागि उपलब्ध हुनेछन्। साथै, कम्पनीले नेपालमा पेट्रोलपम्पको संख्याभन्दा धेरै गोगोरो गो स्टेसन स्थापना गर्ने योजना राखेको छ।

चिरख्वाको विद्युत् परीक्षण प्रसारण सुरु

काठमाडौं/ चिरख्वा हाइड्रोपावरको विद्युत् परीक्षण प्रसारण सुरु भएको छ। कम्पनीले षडानन्द नगरपालिका, भोजपुरमा निर्माण सम्पन्न गरेको ४.७ मेगावाट क्षमताको माथिल्लो चिरख्वा खोला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् संखुवासभाको तुम्लिङटार सबस्टेसनमा जोडिएको बताइएको छ। नेपाल विद्युत् प्राधिकरणको कमिसनिङ टिमको परीक्षणपछि ३३ केभी प्रसारणलाइनमार्फत परीक्षण प्रसारण गरिएको हो।

धेरै रेमिट्यान्स भित्र्याउने ग्लोबल आइएमई सम्मानित

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने बैंक तथा वित्तीय संस्थाका रूपमा सम्मानित भएको छ।

नेपाल राष्ट्र बैंकको ६९औँ वार्षिकोत्सवको अवसरमा आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा बढी २१ दशमलव १ प्रतिशत रेमिट्यान्स भित्र्याउन सफल भएकोमा ग्लोबल आइएमई बैंक सम्मानित भएको हो।

राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटारमा शुक्रबार आयोजित विशेष समारोहमा गभर्नर महाप्रसाद अधिकारीले ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यलाई प्रशंसापत्र प्रदान गरे।

विप्रेषण आप्रवाहले मुलुकको समष्टिगत आर्थिक स्थायित्व, सामाजिक-आर्थिक सुधारलगायत



बाह्य क्षेत्र सन्तुलनसमेतमा योगदान पुऱ्याएकाले प्रशंसापत्र प्रदान गरिएको राष्ट्र बैंकले उल्लेख गरेको छ।

राष्ट्र बैंकले आफ्नो वार्षिकोत्सवको अवसरमा सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने बैंक तथा वित्तीय संस्थाहरूलाई सम्मानित गर्दै आएको छ।

एनआइसीको सहायक प्रमुख कार्यकारीमा खनियाँ

काठमाडौं/ एनआइसी एसिया बैंक लिमिटेडले सहायक महाप्रबन्धक पदमा कार्यरत अर्जुनराज खनियाँलाई सहायक प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गरेको छ।



दुई दशकअघिदेखि बैंकिङ क्षेत्रमा प्रवेश गरेका खनियासँग बैंकका विभिन्न शाखा, विभाग एवं इकोसिस्टममा काम गरेको अनुभव छ। सन् २००४ मा नेपाल बैंक लिमिटेडमा आन्तरिक लेखापरीक्षकका रूपमा नायब प्रबन्धकमा नियुक्त भएर वाणिज्य बैंकको यात्रा सुरु गरेका उनले सन् २०१० मा तत्कालीन बैंक अफ एसिया नेपाल लिमिटेडमा शाखा प्रमुखका रूपमा नियुक्त भएका थिए।

साथै, पछिल्लो समय उनले प्रमुख सूचना अधिकारी, प्रमुख गुनासो सुन्ने अधिकारीको जिम्मेवारी सम्हाल्दै आएका थिए।

सिजीले ल्यायो बिएलडिसी सिलिङ फ्यान

काठमाडौं/ चौधरी ग्रुपअन्तर्गतको सिजी ब्रान्डले बिएलडिसी सिलिङ फ्यान पहिलोपटक बजारमा ल्याएको छ।

बिएलडिसी फ्यान प्रयोग गर्दा परम्परागत फ्यानभन्दा कम्तीमा ४३ प्रतिशत विद्युत् बचत हुने र पफर्मेन्समा कमी नआउने गरी कम आवाजमा निकाल्ने प्रविधि यसमा रहेको कम्पनीले दाबी गरेको छ।

नेपालमा पहिलो ओईएम ब्रान्डको फ्यानमा बिएलडिसि टेक्नेलोजी रहेको बताइएको छ। साथै, रोबस्ट र रिलायबल बिएलडिसि मोटर भएकाले अरु फ्यानको तुलनामा धेरै टिकाउ हुने कम्पनीले जनाएको छ। बिजुली कहिले कम र कहिले बढी भोल्ट आउने अवस्थालाई ध्यानमा राखेर यो फ्यान ल्याइएको बताइएको छ। कम्पनीका अनुसार ११० देखि २८० बिचको कुनै पनि भोल्टमा फ्यान तीव्र गतिमा घुम्नेछ।

चार आकर्षक रङमा उपलब्ध यस फ्यानमा रिमोटको पनि सुविधा रहेको छ। यसको खरिदमा ग्राहकले मोटर र पिसिबिएमा दुई वर्षको वारेन्टी पाउनेछन्।

सिद्धार्थ बैंक लिमिटेडको गैह बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८१/०१/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक व्यक्ति/फर्म/संस्थालाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह बैंकिङ सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	लमजुङ	बेशीशहर	२	२१४२	०-०-३-२ (रोपनी)
२	लमजुङ	बेशीशहर	२	२१४८	०-०-२-० (रोपनी)
३	लमजुङ	बेशीशहर	२	२१५४	०-१-०-२ (रोपनी)
४	लमजुङ	बेशीशहर	२	३१८७	०-०-२-१ (रोपनी)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (सात) दिनभित्र अर्थात मिति २०८१/०१/३१ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/०१ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website: www.siddharthabank.com

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम बिक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

साविकको जिएमई बचत तथा ऋण सहकारी संस्था लिमिटेड (एकिकरण पश्चात यस आईएमई कोअपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय लैनचौर काठमाण्डौं) बाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएसबाट बारम्बार तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको सावाँ ब्याज भुक्तान गर्ने तर्फ कुने चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि ३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरी यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम र ठेगाना

ऋणीः श्री शारदा जोशी
बाबुः अमृत कुमार जोशी
बाजेः प्रेम बहादुर जोशी
ना.प्र.नं.: ३१२१७
जारी मितिः २०५७/११/१९ (पर्वत)
ठेगानाः पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २६, बस्ने।



व्यक्तिगत धनजमानीकर्ताः श्री बुद्धि बहादुर अधिकारी
बाबुः भक्त बहादुर अधिकारी
बाजेः मान बहादुर अधिकारी
ना.प्र.नं.: ७९३४५
जारी मितिः २०५७/०७/१८ (गोरखा)
ठेगानाः गोरखा जिल्ला आरुपोखरी गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा वडा नं. ०६, बस्ने।



धितोको विवरण

❖ शारदा जोशीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९ सिट नं. १०२९८४२४ स्थित कित्ता नं. ६८६ को क्षेत्रफल ९६.५० वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त र बन्देजहरु

१. लिलाम बिक्री सम्बन्धी शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रीय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरुबाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्न र लिलाम सम्बन्धी विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रीय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः
२०८१/०२/२० गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थानः
२०८१/०२/२१ गते सोमबार केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं दिउँसो ३:०० बजे

IME Co-operative Service Ltd.
आईमाई को अपरेटिभ सर्भिस लि.
Headoffice: Kantipath, Kathmandu, Nepal
Tel: 977-01-5329601, 5339602, 5339603
www.imecsi.com, E-mail:info@imecsi.com

Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-4251581
Lahan : 033-562184
Gongabu : 01-4364761
Butwal : 071-546585
Dhangadhi: 091-590581
Baglung: 068-524280

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थली, काठमाडौं

बागमती प्रदेश, नेपाल

आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/०१/१७

यस नगरपालिका अन्तर्गत तपसिल अनुसारको ठेक्का नम्बरमा उल्लेखित कार्यको लागि मिति २०८०/११/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार e-Bidding माध्यमबाट दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिएकोले स्वीकृतिको प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन (बाह्रौं संसोधन), २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र.सं	ठेक्का नं.	योजनाको विवरण	बोलपत्रदाताको नाम	कबोल रकम रु. मा (भ्याट सहित)
१.	Medicine/G/NCB/04/2080-81	Procurement of Medicines and Medical Utilities	Helping Multipurpose Pvt. Ltd, Maitidevi	५०,६५,२०२.४०।-(अक्षरेपी पचास लाख पैसट्ठी हजार दुई सय दुई रुपैंया चालिस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Province Government
Ministry of Physical Infrastructure and Development
Urban Development and Building Office
Bagmati, Province
Kathmandu

INVITATION FOR BIDS(IFB)

Date of first publication : 2081/01/17

1. The Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu invites electronic bids only from duly eligible and qualified registered bidders for the procurement of following works

a) **Under NCB Single Stage double envelope. Some of the details are in the bidding document.**

S. N.	Contract ID No.	Average Annual Construction Turnover of the best 3 years within the last 10 years	Financial Resources (Liq uid/ Credit Facility) Nrs.	Minimum Work Experience of Similar Size and nature(without VAT)	Bid Security Amounts (Nrs.)	Bid document Price (Nrs.)	Key Activities
1	UDBO/ KTM/ WORKS/ NCB/46-080/81	NRs. 25.72 million	NRs. 5.71 million	NRs. 8.00 million	NRs. 0.5 million	NRs. 5,000	[PCC for RCC M20 or above (Cum): 123], [TMT steel reinforcement bar works (Mt): 20], [Brick masonary works (Cum):84]

Date of second publication :- 2081/01/17 (Re-tender)

b) **Seal Quotation**

S.N.	Contract ID	Procurement Types	Estimated amount	Bid Security Amounts (Nrs.)	Bid ocument Price(Nrs.)
1	UDBO/KTM/SQ/38-080/081	SQ	1572898.31	40,000	1000

3. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12.00 Noon; on 2081/02/17.Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
4. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at the office of Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu. Email id: mopid3udboktm75@gmail.com

Office Chief

■ नेपाल र वेस्ट इन्डिज 'ए' टी-२० सिरिज

अन्तिम दुई ओभरमा चुक्दा नेपाल १० रनले पराजित

रमेश सुवेदी/नयाँ पत्रिका


अन्तिम दुई ओभरमा चुक्दा वेस्ट इन्डिज 'ए'विरुद्धको दोस्रो टी-२० क्रिकेट प्रतियोगितामा नेपाल १० रनले पराजित भएको छ । त्रिवि क्रिकेट मैदानमा आइतबार पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजले २० ओभरमा नौ विकेट गुमाएर १६० रनको मध्यम योगफल खडा गरेको थियो । सहज मानिएको लक्ष्य पछ्याउँदा नेपालले २० ओभरमा नौ विकेटको क्षतिमा १५० रन मात्र जोड्यो । पहिलो खेलमा नेपालले अनुभवी खेलाडीले भरिएको वेस्ट इन्डिजमाथि चार विकेटले जित निकालेको थियो । वेस्ट इन्डिजले दोस्रो खेल जितेसँगै पाँच खेलको सिरिज १-१ को बराबरी भएको छ ।

नेपाललाई अन्तिम दुई ओरभमा २६ रन आवश्यक थियो । इनिङ्सको १९औँ ओभरमा नेपालले ९ रन जोड्यो । नेपाललाई अन्तिम ओभरमा १७ रन आवश्यक रह्यो । क्रिजमा आकाश चन्द र फर्ममा रहेका कप्तान रोहित पौडेल थिए । वेस्ट इन्डिजबाट म्याथ्यु फोर्डेले बलिङ गरेका थिए । १९.२ ओभरमा रोहितले चौका प्रहार गरे । १९.३ ओभरमा रोहितको कलमा आकाश रन लिन दौडिए । तर, उनी फलेचरबाट रनआउट भए । त्यसपछि क्रिजमा युवा खेलाडी सागर ढकाल आए । उनले १ रन लिँदै रोहितलाई स्ट्राइक दिए । फोडेले अन्तिम दुई बलमा सटीक बलिङ गर्दा रोहितले रन नै जोड्न सकेनन् । निर्णायक ओभरमा नेपालले ९ रन बटुलेको थियो । जसका कारण नेपाल वेस्ट इन्डिज 'ए'सँग १० रनले पराजित भयो । घरेलु टोलीका भरपर्दा खेलाडी कुशल भुर्तेल, अनिलकुमार शाह, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी र सोमपाल कामीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

नेपाल डेथ ओभरमा कमजोर

बलिङ र ब्याटिङका क्रममा नेपाल डेथ ओभरमा चुकेको थियो । स्पिनरहरूको उत्कृष्ट प्रदर्शनमा बलियो वेस्ट इन्डिजको ब्याटिङ धर्मराएको थियो । इनिङ्सको १७.५ ओभरमा वेस्ट इन्डिज ११५-७ को दयनीय अवस्थामा थियो । अन्तिम दुई ओभरमा वेस्ट इन्डिजका लागि म्याथ्यु फोर्डे र गुडकेस मोती थिए । नेपालका लागि डेथ ओभरमा दीपेन्द्रसिंह ऐरी तथा आकाशले बलिङ गरेका थिए । १९औँ ओभरमा आकाशले १९ रन दिए । इनिङ्सकै अन्तिम ओभरमा दीपेन्द्रसिंहले २२ रन खर्चिए । यो दुई ओभरमा वेस्ट इन्डिजले ४१ रन बटुलेको थियो । फोर्डेले ६ बलमा एक छक्काको सहयोगमा ११ रन बनाए ।

गुडकेसले केवल ८ बलमा दुई चौका र चार छक्का प्रहार गरी ३३ रनको आक्रामक इनिङ्स खेले । लक्ष्य पछ्याउँदा पनि नेपाली ब्याट्समान यही निर्णायक डेथ ओभरमा चुकेका थिए । दोस्रो खेलमा प्रशिक्षक मोन्टी देसाईले पाँच खेलाडी परिवर्तन गरेका थिए । लोकेस बम, सोमपाल कामी, आरिफ शेख, सागर ढकाल र आकाश चन्दले पहिलो ११ मा स्थान बनाए । पहिलो खेलमा स्थान बनाएका कमलसिंह ऐरी, अभिनाश बोहरा, विवेक यादव, ललितनारायण राजवंशी र प्रतिश जिसीले विश्राम पाए ।



त्रिवि क्रिकेट मैदानमा खेलपछि हात मिलाउँदै दुई टोलीका खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ स्पिनर चम्किँदा वेस्ट इन्डिजको ब्याटिङ औसत

वेस्ट इन्डिजविरुद्ध स्पिनर सागर र कुशल भुर्तेल चुम्के । बलिङ परिवर्तनका क्रममा कप्तान रोहितले स्पिनर सागरलाई अवसर दिए । सागरले २.२ ओभरमा जोनसन चार्ल्स र अलिक अथनाजेको विकेट लिए । आफ्नो पहिलो ओभरमै सागरले वेस्ट इन्डिजका महत्त्वपूर्ण दुई विकेट लिए । त्यसपछि अर्का स्पिनर भुर्तेलले ९.६ ओभरमा वेस्ट इन्डिजका कप्तान रोस्टनलाई बोल्ड गरे । उनले केआसी कार्टीलाई पनि क्रिजबाट हटाए । कार्टी आउट हुँदा वेस्ट इन्डिज १३.२ ओभरमा ७९-४ को स्थितिमा थियो । नेपालका लागि सोमपाल र दीपेन्द्रसिंह ऐरीको नाममा समान एक विकेट रह्यो ।

बायाँहाते स्पिनर सागरले चार ओभरमा १९ रन खर्चिए । भुर्तेलले २३ रन दिएका थिए । दीपेन्द्रसिंहले तीन ओभरमा ३९ र आकाशले तीन ओभरमा ३९ खर्चिए । वेस्ट इन्डिजका आन्द्रे फ्लेचरले ३६ बलमा चार चौकासहित सर्वाधिक ४३ रन बनाए । फ्लेचरले वेस्ट इन्डिजबाट २५ एकदिवसीय र ५४ टी-२० आई खेलिसकेका छन् । रोस्टनले २२ बलमा दुई चौका र एक छक्कासहित २३ रन बनाए । ओपनर जोनसनले ११ रन जोडे ।

रोहितको अर्धशतक

नेपालको ब्याटिङ इनिङ्समा कप्तान रोहितले सर्वाधिक ७१ रन जोडेका थिए । नटआउट इनिङ्स खेलेका उनले ४८ बलमा ६ चौका र दुई छक्का प्रहार गरेका थिए । उनले ओवेड म्याकोयको ओभरमा छक्काको सहयोगमा ३४ बलमा अर्धशतकीय इनिङ्स खेलेका थिए । ५० रन जोड्दा रोहितले चार चौका र एक छक्का प्रहार गरेका थिए । पहिलो खेलमा उनले शतकीय इनिङ्स खेलेका थिए । चौथो क्रममा ब्याटिङ गर्न आएका रोहितले लगातार सात विकेटका लागि साझेदारी गरेका थिए । तर, उनलाई अन्य खेलाडीले गतिलो साथ दिएनन् । उनले गुल्सन झाँसँग पाँचौं विकेटका लागि ३३ रनको साझेदारी गर्दै नेपाललाई ८.२ ओभरमा ६१-५ को स्थितिमा राखे ।

त्यसपछि रोहितले आरिफ शेखसँग छैंटौ विकेटका लागि ४३ रन जोडे । गुल्सनले ११ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । आरिफले १६ बलमा एक चौकाको सहयोगमा १२ रन बनाए । आरिफपछिका दीपेन्द्रसिंहले ३, सोमपालले ३ र आकाशले ७ रन जोडे । आक्रामक ब्याटिङ गरिरहेका गुल्सनलाई दायाँहाते स्पिनर तथा कप्तान रोस्टन चेजले बोल्ड गरे । धेरै पछि अवसर पाएका लोकेश बमले ओपनिङ गर्दै १६ बलमा एक चौका र दुई छक्कासहित १७ रनको योगदान दिए । तर, उनी घाइते भएर ३.१ ओभरमा रिटायर्ड हर्ट भए । प्राथमिक उपचारपछि क्रिजमा पुगेका लोकेशलाई गुडकेसले बोल्ड गरे । कुशल मल्ल गोल्डेन डक भए । वेस्ट इन्डिजका ओवेड म्याकवे र गुडकेसले समान दुई विकेट लिए ।

फिल्डिङ र बलिङमा राम्रो भयो

मोन्टी देसाई, प्रशिक्षक, नेपाल



दोस्रो खेलमा पनि खेलाडीले राम्रो गरेका छन् । नेपालले फिल्डिङ र बलिङमा राम्रो प्रदर्शन गरेको थियो । वेस्ट इन्डिजलाई पावर प्लेमा रोक्नु राम्रो थियो । प्रतिस्पर्धामा सागरको खेल तारिफयोग्य छ । वेस्ट इन्डिजले अन्तिम ओभरमा आक्रामक खेल्दै बाउन्ड्री लगाएको थियो । खेलमा लोकस घाइते हुनु नै टर्निङ प्वाइन्ट मान्नुपर्छ । उनी घाइते हुँदा राम्रो साझेदारी भइरहेको थियो । अन्तिम समयमा राम्रो ब्याटिङ गर्न सकेनौं ।

धेरै रन बनाउने जिम्मेवारी थियो

गडकेस मोती, खेलाडी, वेस्ट इन्डिज



व्यक्तिगत प्रदर्शनबाट खुसी छु । मेरो रणनीति नै आक्रामक खेल्दै धेरै रन बनाउने थियो । यो योजना सफल भयो । नेपालविरुद्ध योजनाका साथ प्रतिस्पर्धा गर्यौं । यस्तो किसिमको पिचमा भन्न सकिन्न । यहाँ जे पनि हुन सक्छ । हाम्रो मुख्य लक्ष्य नै टी-२० विश्वकपअगाडि हरेक खेलमा सुधार गर्नु हो । अहिले नै कमीकमजोरीको समाधान गर्नुपर्छ ।

खेल संक्षेप

गण्डकी र आर्मीको जित

काठमाडौं/ छैटौं साहना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगितामा गण्डकी र नेपाल आर्मी क्लबले जित निकालेका छन् । आइतबार भएको अर्को खेलमा सुदूरपश्चिम र मधेसले १-१ गोलको बराबरी खेले । गण्डकीले बागमतीले प्रदेशलाई ६-० गोल अन्तरले हरायो । प्रतिस्पर्धामा ज्योति काफ्लेले ह्याट्रिक गरेकी थिइन् । दिनको तेस्रो खेलमा सुदूरपश्चिमले लुम्बिनीलाई ८-० ले पराजित गरेको थियो । सुदूरपश्चिमकी सञ्जु चौधरीले लुम्बिनीविरुद्ध ह्याट्रिक पूरा गरेकी थिइन् । खेलमा सुदूरपश्चिमका लागि नमिता एसके र अनु गिरीले समान दुई गोल गरे । दिनको अन्तिम खेलमा आर्मीले बागमती क्लबलाई ९-० को अन्तरले हरायो । आर्मीका लागि सरस्वती तामाङले चार गोल गरिन् ।

जापानमा सुष्मालाई स्वर्ण

काठमाडौं/ नेपालकी सुष्मा श्रेष्ठले आइतबार २० औं वाटा ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण जितेकी सछन् । नेपाललाई एक मात्र स्वर्ण दिलाउने सुष्मा ६२ केजीमुनि तौल समूहमा च्याम्पियन बनेकी हुन् । उनले फाइलमा जापानकी उमेकावा आयुमीलाई १२-९ र ३-० ले हराइन् । जापानको ओसाका सहरमा भएको प्रतियोगितामा नेपालले एक स्वर्ण, ६ रजत र चार कांस्यसहित कुल ११ पदक जितेको छ । १३औं साग स्वर्ण विजेता वीरबहादुर महरा जापानका खेलाडीसँग फाइनलमा पराजित भए । ७४ केजीमुनि तौल समूहमा महराले जापानका कुरोडा कोहेलाई हराउँदै अन्तिम दुई स्थान पक्का गरेका थिए । महरा उपाधि भिडन्तमा जापानकै ताकाटो काटोसँग ८-१७ र ५-४ स्तब्ध भए ।

दुवाथलनमा नेपालका खेलाडी च्याम्पियन

कास्की/ एसियन ट्रायथलन र दक्षिण एसियन च्याम्पियसिपअन्तर्गत दुवाथलनको पुरुष तथा महिलातर्फ नेपालका खेलाडीले उपाधि जितेका छन् । आइतबार भएको पुरुषतर्फ नेपालका हिमाल टमाटा र महिलामा मञ्जुकुमारी खड्काले उपाधि हात पारेका हुन् । नेपाल ट्रायथलन संघको आयोजनमा पोखरामा सम्पन्न प्रतियोगिताको निर्धारित पाँच किलोमिटर दौड, २० किलोमीटर साइक्लिङ र २.५ किलोमिटर दौडको दूरी ५१ मिनेट २४ सेकेन्डमा पार गर्दै टमाटा पहिलो भएका थिए । एक घण्टा १९ मिनेट ४५ सेकेन्डका साथ महिलातर्फ खड्का च्याम्पियन भइन् । टमाटा गत वर्षका उपविजेता हुन् । प्रतियोगितामा १५ देशका ३८ पुरुष र २४ महिलाले प्रतिस्पर्धा गरेको प्रतियोगिता व्यवस्थापन कमिटीका संयोजक डिल्लीराज सुवेदीले जानकारी दिए ।

■ इन्डियन प्रिमियर लिग

ज्याक्सले बनाए ४१ बलमै शतक



एजेन्सी

इन्डियन प्रिमियर लिग (आइपिएल)मा रोयल्स च्यालेन्जर्स बेंग्लोरका विल ज्याक्सले इन्डियन गुजरात टाइटन्सविरुद्ध ४१ बलमै शतकीय इनिङ खेलेका छन् । उनले आक्रामक ब्याटिङ गरी आइपिएलको ४५औँ खेलमा आइतबार बेंग्लोरलाई २४ बलअघि नै जित दिलाए । पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा तीन विकेटको क्षतिमा २०० रनको योगफल खडा गरेको थियो । ज्याक्सले पाँच चौका र १० छक्का प्रहार गरी शतकीय योगदान दिँदा बेंग्लोरले १६ ओभरमा एक विकेटको नोक्सानीमा २०६ रन बनायो । लगातार दोस्रो खेलमा बेंग्लोरले जित निकाल्दा विराट कोहली ७० रनमा नटआउट रहे । उनले ६ चौका र तीन छक्का प्रहार गरे । दुवै खेलाडीले दोस्रो विकेटका लागि ६४ बलमा १६६ रनको साझेदारी गरेका थिए ।

अर्धशतकीय इनिङ्स खेलेपछि ज्याक्स आक्रामक देखिए । उनले १५औँ ओभरमा २९ तथा १६औँ ओभरमा २८ रन बटुलेका थिए । बेंग्लोरलाई जितका लागि १ रन आवश्यक रहँदा ज्याक्सलाई पनि शतकीय इनिङ्स खेल्न ६ रन आवश्यक थियो । उनले अनुभवी बलर रसिद खानविरुद्ध छक्का प्रहार गरी शतक पूरा गरे ।

गुजरातका रसिद र मोहित शर्मा खर्चिला देखिए । रसिदले चार ओभरमा ५१ तथा मोहितले दुई ओभरमा ४१ रन खर्चिएका थिए । दुवै बलर विकेटविहीन रहे । यसअघि ब्याटिङ गरेको गुजरातका लागि सई सुदर्शनले नटआउट ८४ तथा साहरूख खानले ५८ रनको योगदान दिए । साहरूख र सईबीच तेस्रो विकेटका लागि ८६ रनको साझेदारी भएको थियो । सई र डेभिड मिलरबीच चौथो विकेटका लागि ६९ रनको साझेदारी भएको थियो । मिलरले १९ बलमा २६ रन बनाए । सईले ४९ बलमा आठ चौका र चार छक्का प्रहार गरे । साहरूखले ३० बलमा तीन चौका र पाँच छक्का प्रहार गरे । मिलरले दुई चौका र एक छक्का ठोके ।

कोहलीले पूरा गरे पाँच सय रन

चालू आइपिएलमा कोहली उत्कृष्ट फर्ममा छन् । उनले १० खेलमा पाँच सय रन पूरा गरेका छन् । चालू आइपिएलमा पाँच सय रन पूरा गर्ने उनी पहिलो खेलाडी हुन् । उनले १० इनिङ्समा एक शतक तथा चार अर्धशतक प्रहार गरेका छन् । यस क्रममा उनले ३३९ बलमा ४६ चौका र २० छक्का प्रहार गरे । कोहलीले गुजरातविरुद्ध १६औँ ओभरमा एक रन लिँदै पाँच सय रन पूरा गरेका हुन् । उनले आफ्नो अर्धशतक केवल ३२ बलमा बनाए । दोस्रो स्थानमा गुजरातका सई सुदर्शन छन् । उनले १० खेलमा दुई अर्धशतकको मद्दतमा ४१८ रन बनाएका छन् ।

जेठमा आठौं प्रधानमन्त्री भलिबल लिग हुने

काठमाडौं/ नेपाल भलिबल संघको आयोजनामा आठौं प्रधानमन्त्री कप एनभिए पुरुष तथा महिला भलिबल लिग १९ जेठमा हुने भएको छ । प्रतियोगितामा पुरुषमा ८ र महिलामा ६ गरी १४ टोलीको सहभागिता रहने संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी गराएका छन् । गत चैतमा काठमाडौंमा भएको आठौं एनभिए पुरुष तथा महिला भलिबल प्रतियोगितालाई आधार मानी टोली छनोट गरिएको उनले बताए । पुरुषमा शीर्ष आठ तथा महिलामा शीर्ष ६ स्थान हात पार्ने टोली लिगमा सहभागी हुनेछन् । पुरुषमा टिपटप हेल्प नेपाल स्पोर्टस्, नेपाल एपिएफ, नेपाल आर्मी, नेपाल प्रहरी, कोशी, गण्डकी, सुदूरपश्चिम र बूढानीलकण्ठ भलिबल क्लबले भाग लिनेछन् ।

महिलामा प्रहरी, एपिएफ, न्यु डायमन्ड, आर्मी, एभरेस्ट भलिबल, बुटवल र कर्णालीले खेल्ने संघका अध्यक्ष चन्दले बताए ।_। पुरुषमा टिपटप र महिलामा प्रहरी साबिक विजेता हुन् । पुरुष र महिलामा सहभागी टोलीले राउन्ड रोबिन लिगमा एकआपसमा खेल्नेछन् । शीर्ष दुई स्थानमा रहने टोली पुनः उपाधिका लागि भिड्नेछन् । पुरुष र महिलातर्फका शीर्ष तीन स्थानमा रहने टोलीले नगद पुरस्कार पाउनेछन् । पुरुष र महिला च्याम्पियनले आठ लाख रुपैयाँ हात पार्नेछन् । उपविजेताले चार लाख र तेस्रो स्थानमा रहने टोलीले दुई लाख पाउनेछन् ।

यसैगरी, सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार रुपयाँ दिइने चन्दले बताए । विधागत उत्कृष्टतर्फ लिब्रो, सर्भर, ब्लकर, लिफ्टर, स्पाइकर र प्रशिक्षकलाई जनही २० हजार रुपैयाँ दिइनेछ । उपत्यकाबाहिरका टोलीलाई एक लाख २० हजार रुपैयाँ उपलब्ध गराइनेछ । प्रतियोगिताको कुल पुरस्कार राशि ३१ लाख ४० हजार रुपैयाँ रहेको छ । ०६९ मा लिगको पहिलो संस्करण हुँदा कुल पुरस्कार राशि करिब दुई लाख रुपैयाँ रहेको चन्दले बताए ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
वाग्मती प्रदेश, काठमाडौं

प्रस्ताव स्वीकृतिको आशय पत्र

प्रकाशित मिति : २०८१/१/१७

www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम बोलपत्र आव्हान गरिएकोमा अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई छनौट भएकोले उक्त बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

Contract Identification No	Description of Works	Name and Address of Lowest Evaluated Substantially Responsive Bidder	Bid Amount Nrs (Including VAT, and PS)
UDBO/KTM/ WORKS/NCB/41-080/81	Construction of Infrastructure Social Development Committee Building Kathmandu-29 Anamnagar	Narayan Gopal Engineering Construction and Suppliers, Runtigadi-6 rolpa	2538037.36
UDBO/KTM/ WORKS/NCB/42-080/81	Srijana College of Art, Building Construction Nagarjun Na. Pa.-5, Sitapaila	N.G.S Construction Engineering and Suppliers Pvt. Ltd., Maitidevi-30	6581623.02
UDBO/KTM/ SQ/35-080/81	Construction of Blacktop Road of 13 ft wide and 200m long at Yashi Tole, Mahalaxmi na pa 2, Imadol Lalitpur	Gautam Buddha Nirman Sewa, Daraune Pokhari-4	1796627.03
UDBO/KTM/ SQ/37-080/81	Construction of 13ft wide RCC Road from Durshanchar Mathillo Gate Dekhi Dolkhyacha Samma, Cha.Na.Pa. 5, KTM	Suji Nirman Sewa, Gorkha 1	1466988.90

कार्यालय प्रमुख

Invitation for Bids

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate
Infrastructure Development Office
Gaur, Rauthat

IFB No: 03/IDORAU/080/81
Date of publication: 2081/01/17 (2024/04/29)

1. Provincial Government, MadeshProvince ***has allocated funds*** towards the cost of Project mention below and intends to apply part of the funds to cover eligible payments under the Contract .Bidding is open to all Nepalese eligible Bidders.
2. ***Infrastructure Development Office, Gaur, Rautahat*** invites electronic bids from eligible bidders for the construction of ***different projects mentioned below*** under National Competitive Bidding.
3. Eligible Bidders may obtain further information at PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. ***till***2081/02/17 ***(2024/05/30).***Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Account Name :Treasury controller office,Rautahat
   Name of the Bank: Rastriya BanijyaBank,Gaur Branch, Rauthat,
   Name of Office: Infrastructure Development Office, Gaur, Rauthat
   Office Code no.: 3370120012 Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at ***Infrastructure Development Office, Rautahat***at ***11:00 hrs on*** 2081/02/07***(2024/05/20).***
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before***12:00 hrs on 2081/02/17 (2024/05/30)***
7. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hrs on 2081/02/17 (2024/05/30)***at the office of **Infrastructure Development Office, Rautahat**.
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

S. N	Contract ID	Name of Project	Cost Of Bid Document (NRs.)	Estimated Amount with VAT & PS (NRs.)	Bid Validity Period/Bid Security Validity	Bid Security Amount (NRs.)	Remarks
	IDO/RAU/NCB/W/ 2080/81-3	Kathariya Mu. 9 Bhola Ray ko khet dekhi Mushhar Tole samm Sadak Dhalan karya	3,000.00	53,14,723.20	90 /120 days	1,28,000.00	
2	IDO/RAU/NCB/W/ 2080/81-4	Kathariya Mu. 9 Birti Pakadko Rukh dekhi Chini Mill samm Sadak Sttornatti Karya	3,000.00	53,12,854.43	90 /120 days	1,28,000.00	
3	IDO/RAU/NCB/W/ 2080/81-5	Rautahat Yamunamai Ga.Pa.5 Hanuman Mandir dekhi inar samma sadak starunatti karya	3,000.00	52,77,142.77	90 /120 days	1,28,000.00	
4	IDO/RAU/NCB/W/ 2080/81-6	Construction of Rigid Pavement at Brindawan na.pa.,Rautahat	3,000.00	67,44,456.02	90 /120 days	1,64,000.00	
5	IDO/RAU/NCB/W/ 2080/81-7	Upgrading of road along gaur pipra samanpur santapur nunthar sadak,Rautahat	3,000.00	48,28,486.22	90 /120 days	1,17,000.00	

11. The bidder may bid for any or all of the slices/packages as invited in the IFB. Bidders, bidding for more than one slice/package will so indicate in their bid, together with a statement regarding any discount / cross discounts offered, but the Employer may approve the bid for one or any least cost combination of contracts subject to bidders meeting the qualification. The bidder should meet the qualification criteria separately for each Bid and in aggregate as stated in the Instruction to Bidders.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com